# पहिलो अध्याय
# परिचय

## शोधशीर्षक : पशुपति क्षेत्र (ग्वल:)का जात्राहरूको सांस्कृतिक अध्ययन

### १.१ संक्षिप्त परिचय

पशुपति क्षेत्र पुरातात्विक एवम् ऐतिहासिक दृष्टिकोणले नेपालको महत्वपूर्ण सांस्कृतिक सम्पदाका रुपमा रहेको छ । पशुपति क्षेत्रका मृगस्थली र श्लेष्मान्तक वनको विषयमा हिमवत्खण्ड स्कन्दपुराण, नेपाल महात्म्य, पशुपतिपुराण आदि ग्रन्थहरूमा चर्चा भएको पाइन्छ ।

पशुपति क्षेत्रमा रहेको पशुपति मन्दिरको पूर्वमा मृगस्थली र श्लेष्मान्तक वन, उत्तरमा कैलाश डाँडा रहेको छ । पश्चिम र दक्षिणी भाग होचो वा गहिराइमा छ भने पूर्वी र उत्तरी भाग केही उचाइमा रहेको छ ।[1]

पशुपति क्षेत्रको सिमानाका सम्बन्धमा वि.सं. १८७० मा गीर्वाणयुद्धविक्रम शाहको पालामा निर्धारण भएको क्षेत्रलाई नै आधार बनाइएको छ । सो अनुसार उत्तर-पश्चिममा चाबहिल कोटुबहिल, पूर्वमा गौरीघाट छेउको बालश्मशानतीर्थ मूलबाटो साँध, दक्षिणमा दिखेल बाटो र दोबाटो कोटुबहिल पर्खालको साँध, उत्तरमा लुहशालाखेल महभपाल धान्यपोखरीको डिलको ढुङ्गा यति क्षेत्रभित्र भाग पशुपति क्षेत्र हो ।[2] देवपत्तन याने सुवर्णपुर भनिने उत्त ठाउँलाई साधारणतया पूर्वमा बागमती, पश्चिममा धोबीखोला, उत्तरमा चावहिल, धंनेपोखरी र दक्षिणमा वानेश्वरको ढुंगा (याने एयरपोर्ट जाने) मूलसडक भित्रलाई मानिने कुरा केही पुराना कागजपत्रबाट पनि थाहा पाउन सकिन्छ ।[3]

---

[1] गोविन्द टण्डन, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन**, काठमाडौं ( श्री झरेन्द्र शम्सेर ज.व.रा. तथा श्रीमती मञ्जु राणा, )वि.सं. २०५३, पृ. २ ।

[2] ऐजन ।

[3] धनबहादुर कुँवर, “पशुपति क्षेत्रमा बसेका कुश्ले जातिको सांस्कृतिक अध्ययन”, नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुरमा प्रस्तुत अनुसन्धान प्रतिवेदन( अप्रकाशित), वि.सं. २०३९, पृ. १ ।

नेपाली समाज बहुभाषिक, बहुजातीय र बहुधार्मिक समाज हो । यस भित्र विभिन्न धर्म मान्ने तथा भाषा बोल्ने जातजातिहरू आ-आफ्नो सांस्कृतिक परम्परालाई अवलम्बन गरी बस्दै आइरहेका छन् । यसै सिलसिलामा काठमाडौँ जिल्लाको का.म.पा.का वडा नं. ६, ७, ८ र ९ मा पर्ने पशुपति(ग्वलः) क्षेत्रमा प्रचलित जात्रा तथा मेलाहरू प्राचीन कालदेखि चलिआएको मानिन्छ । सनातन परम्परामा चलिआएका मेला, पर्व तथा जात्राहरू नेपालमा परम्परादेखि बस्दै आएका हिन्दू धर्म मान्ने समुदायका मानिसहरूले मनाउँदै आएका छन् । यसमा बौद्ध धर्मावलम्बीहरूको पनि आफ्नै परम्परा रहेको छ । यिनीहरूले मान्ने जात्रा र मेला विश्वमा रहेका हिन्दू धर्मावलम्बीहरूले ठुलो महत्वका साथ लिने गरेका छन् ।

नेपालमा पशुपतिक्षेत्र(ग्वलः) मा प्रचलित जात्रा तथा मेलाहरू लिच्छवि कालदेखि नै प्रचलित भएको मानिन्छ । देशका विभिन्न भागमा बसोवास गरेका जातजातिका मानिसहरू काठमाडौँ जिल्लामा पनि वसोवास गर्दछन् ।  हाल ग्वलः (पशुपति) क्षेत्रमा का.म.पा.को वडा नं. ६, ७, ८ र ९ पर्दछन् । यस क्षेत्रमा हिन्दू र बौद्ध धर्म मान्ने समुदायले मनाउने पर्व, चाड तथा मेलाको अध्ययन यस अनुसन्धानमा समावेश गरिएको छ ।

नेपालमा बसोवास गर्ने हिन्दू र बौद्ध धर्म समुदायका आफ्नै मौलिक, सामाजिक पक्षहरू रहेका छन् । यिनीहरूको आफ्नै धर्म, चाडपर्व, रीतिरिवाज रहेको पाइन्छ । आर्थिक रुपमा यिनीहरू हाल विभिन्न व्यावसाय अपनाउनुका साथै उलेख्य रुपमा वैदेशिक रोजगारीमा पनि संलग्न भएको देखिन्छ । यस अनुसन्धानमा त्यस क्षेत्रका बासिन्दाको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षको पनि अध्ययन गरिएको  छ ।

पशुपति क्षेत्र (ग्वलः)मा मनाइने जात्रा तथा मेलाहरू यस प्रकारका छन्: अक्षय तृतीय-सखरपानी पिउने), सिठी नख, त्रिशुल जात्रा, गंगामाई जात्रा, घण्टाकर्ण, सोमबार महादेव ब्रत, चठा, गाईजात्रा, खड्ग जात्रा, रोपाई जात्रा, कृष्ण जात्रा, जनैपूर्णिमा, इन्द्र जात्रा, तीज (हरितालिका), उपाको वनेगु (बामन जाजसी), नौरथा (दशैँ), नाङ्गाचा प्याख(पार्वती महादेव नृत्य), गणेश जात्रा (चावहिल), नौ दुर्गा जात्रा, बालाचर्तुदशी, छायाँ दर्शन (तिकिन्चा पूजा), माधव नारायण, गुहेश्वरी जात्रा, शिवरात्री, नक्साल

भगवती जात्रा, दुदु च्याँच्याँ (बशला जात्राको निमन्त्रणा), बशला जात्रा, पिगन जात्रा, फिटा गुठी आदि ।

## १.२. समस्या कथन :

काठमाडौँ जिल्लाको ग्वलः (पशुपति) वडा नं. ६, ७, ८ र ९ मा पर्ने पशुपति (ग्वलः) क्षेत्रमा प्रचलित जात्रा तथा मेलाहरू प्राचीन कालदेखि चलिआएको मानिन्छ र त्यसै बेलादेखि जात्रा तथा मेलाहरू निरन्तर रुपमा यहाँ चल्दै आएको पाइन्छ । यो ठाउँमा हिन्दूहरूको बाहुल्य भएको हुनाले पशुपति(ग्वलः) क्षेत्रमा जात्रा तथा मेलाहरू आफ्नै सामाजिक सांस्कृतिक र धार्मिक परस्परालाई निरन्तरता दिएको पाइन्छ । हिन्दूहरूको सम्पर्क र सामीप्यमा रहेर पनि आफ्नो धर्म संस्कृति र सामाजिक जीवनलाई जात्रा तथा मेलाहरू राम्ररी सञ्चालन गरिरहेका छन् । पशुपति(ग्वलः) क्षेत्रमा प्रचलित जात्रा तथा मेलाहरू आफ्नो धार्मिक परम्परागत शैलीमा चल्दै आएका छन् । साथै सामाजिक अध्ययनका दृष्टिकोणले उनीहरूमा देखिएको मनोविज्ञानको साथै जीवनयापनका अन्य स्रोत साधनमाथि कस्तो प्रभाव परिरहेको छ भन्ने विषयको अध्ययन नै प्रस्तुत शोधका समस्या हुन् । पशुपति(ग्वलः) क्षेत्रमा प्रचलित जात्रा तथा मेलाहरूको सामाजिक सांस्कृतिक तथा आर्थिक क्षेत्रमाथिको अध्ययन नै प्रस्तुत शोधका समस्या हुन् ।

मुख्यरुपमा यो अध्ययन निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :-

क) पशुपति(ग्वलः) क्षेत्रमा प्रचलित जात्रा तथा मेलाहरू मनाइने सन्दर्भमा विधिहरूका बारेमा व्यापक अध्ययन नहुनु ।

ख) पशुपति(ग्वलः) क्षेत्रमा प्रचलित जात्रा तथा मेलाहरूले स्थानीय समाजमा पारेको प्रभाव र औचित्यको बारेमा विस्तृत अध्ययन भएको नपाइनु ।

ग) पशुपति(ग्वलः) क्षेत्रका चाडपर्वहरू वर्तमान सन्दर्भमा परिवर्तन हुँदै जानु ।

## १.३. अध्ययनको उद्देश्य :

प्रस्तुत शोधका उद्देश्यहरू निम्न प्रकार  छन् :

क. पशुपति(ग्वलः) क्षेत्रमा प्रचलित जात्रा तथा मेलाहरू मनाइने सन्दर्भमा विधिहरूको बारेमा व्यापक अध्ययन गर्ने,

ख. पशुपति(ग्वलः) क्षेत्रमा प्रचलित जात्रा तथा मेलाहरूले स्थानीय समाजमा आर्थिक लगायत अन्य क्षेत्रमा प्रभाव र औचित्यको अध्ययन गर्ने,

ग. पशुपति(ग्वलः) क्षेत्रमा मनाइने चाडपर्वहरू वर्तमान सन्दर्भमा परिवर्तन हुनुका कारणहरूको अध्ययन गर्ने ।

## १.४. अध्ययनको महत्व :

नेपाली समाजमा अन्य स्थानमा जस्तै पशुपति(ग्वलः) क्षेत्रले पनि आफ्नै विशिष्ट धार्मिकस्थान ओगटेको छ तापनि अहिलेसम्म यहाँ मनाइने गरिएका जात्रा र मेलाहरूको बारेमा अध्ययन अनुसन्धान धेरै भएको छैन । आफ्नै मौलिक धर्म र यसको परिधिभित्र रहेर गरिने सामाजिक सांस्कृतिक व्यावहारहरूले यो जात्रा र मेलाहरूलाई सामाजिक समुदायको रुपमा राख्न मद्दत गरिरहेको छ भने अर्कोतिर वृहत् नेपाली समाजमा बस्दा पर्न गएको बाह्य प्रभावलाई यिनीहरूले कसरी र कुन रुपमा लिएर आफ्नो मौलिकतालाई अगाडि बढाइरहेका छन् भन्ने कुरा पनि यस जात्रा र मेलाहरू सम्बन्धी गरिने अध्ययनको एक टड्कारो पक्ष हुन आउँछ । त्यसैले यस अध्ययनले थोरै भए पनि यी कुराहरूको बारेमा जानकारी प्रदान गर्नेछ । अर्कोतर्फ समाजशास्त्रीय दृष्टिकोणबाट यी जात्रा र मेलाहरूमा भएको परसंस्कृतीकरण प्रक्रियाको अध्ययन पनि उतिकै महत्वको रहेको छ । यी जनजातिहरूमा हिन्दू धर्ममा भन्दा बेग्लै विवाह पद्धति, नातेदारी प्रथा, चाडपर्व, रीतिरिवाज भएको एउटा छुट्टै धार्मिक अस्तित्व रहेको पाइन्छ । अन्य धर्मावलम्बीको भन्दा पृथक मूल्य मान्यता परम्परा र विश्वास लिएको यस समुदायले पशुपति(ग्वलः) क्षेत्र जस्तो हिन्दूहरूको वाहुल्य रहेको क्षेत्रमा पनि यस समुदायको धार्मिक निरन्तरता कसरी अगाडि बढेको छ भन्ने कुराको अध्ययन गर्नु उतिकै महत्त्वपूर्ण रहेको छ । यस शोधपत्रमा जात्रा र मेलाहरूको बारेमा सामाजिक, सांस्कृतिक र आर्थिक पक्षहरूको खोजपूर्ण अध्ययन गर्नुको साथै जात्रा र मेलाहरूका बारेमा आएको परिवर्तनको पनि अध्ययन गरिएको छ ।

## १.५. पूर्वसाहित्य समीक्षा :

जात्रा र मेलाहरूको बारेमा विभिन्न विद्वान्हरूबाट अध्ययन गरी प्रकाशन गरिएका ग्रन्थहरू, पत्रिकाहरू थोरै मात्रामा प्रकाशित भएका छन् । केही शोधार्थीहरूले पनि आफ्नो स्नातकोत्तर उपाधिका लागि शोध ग्रन्थहरू पनि तयार पारेको पाइन्छ । चाडपर्व, मेला तथा जात्राका सम्बन्धमा विभिन्न विद्वान्हरूले

विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा आ-आफ्ना धारणा प्रस्तुत गरेको पाइन्छ । सो सम्वन्धमा सङ्क्षिप्तमा महत्वपूर्ण पुस्तकहरूको बारेमा समीक्षा गर्ने प्रयास गरिएको छ ।

*धनबहादुर कुँवर,* **"पशुपति क्षेत्रमा बसेका कुश्ले जातिको सांस्कृतिक अध्ययन",** नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुरमा प्रस्तुत अनुसन्धान प्रतिवेदन( अप्रकाशित), वि.सं. २०३९

पशुपति क्षेत्रमा बसेका कुश्ले जातिको सांस्कृतिक अध्ययन अनुसन्धान कार्यमा धनबहादुर कुँवरले पशुपतिनाथ तथा अन्य देवीदेवताको मन्दिरमा नगरा बजाउने व्यवस्था श्री ५ रणवहादुर शाहको पाला देखि भएको कुरा उल्लेख गरेकका छन् । यसमा एक गोरखनाथको साथै शिव गोत्र भनी पशुपतिको आराधना गर्दै यो जाति स्वत नै भक्त हुने कुराका बारेमा पनि बताएका छन् ।

*चेतोनाथ शर्मा आचार्य,* **हाम्रा धार्मिक चाडपर्व,** सनातन सेवा समिति,काठमाडौं, वि.सं.२०४५

चेतोनाथ शर्मा आचार्यको हाम्रा धार्मिक चाडपर्व नामक पुस्तकमा मेला, चाडपर्वको वर्णन पाइए तापनि पशुपति क्षेत्रमा मनाइने कतिपय जात्राहरूको चर्चा छुटेको देखिन्छ । पशुपति क्षेत्रमा वर्षभरि मनाइने सम्पूर्ण जात्रा, पर्व तथा मेलाहरूको समग्र अध्ययन आवश्यक भएकाले त्यसैमा केन्द्रित रही यो शोधपत्र तयार गरिएको छ ।

*सरला मानन्धर,* **पशुपति क्षेत्रका साँस्कृतिक सम्पदाहरू,** साझा प्रकाशन, काठमाडौं, वि.सं.२०४८

सरला मानन्धरको पशुपति क्षेत्रका साँस्कृतिक सम्पदाहरू पुस्तकमा पनि पशुपति क्षेत्रमा भएका आठ महत्वपूर्ण स्मारक स्थलहरूबारे वर्णन गरिएको छ तर मनाइने कतिपय जात्रा, पर्व तथा मेलाहरू छुटेको

देखिन्छ । पशुपति क्षेत्रमा वर्षभरि मनाइने सम्पूर्ण जात्रा, पर्व तथा मेलाहरूको समग्र अध्ययन आवश्यक भएकाले त्यसैमा केन्द्रित रही यो शोधपत्र तयार गरिएको छ ।

*जगदीशचन्द्र रेग्मी,* **पशुपति गुहेश्वरी माहात्म्य,** नइ प्रकाशन, काठमाडौं, वि.सं.२०५३

जगदीशचन्द्र रेग्मीको पशुपति गुहेश्वरी माहात्म्य पुस्तकमा इतिहास, पूजा उपासना विधि, मुख्य तीर्थहरू, ऐतिहासिक पौराणिक, पशुपतिक्षेत्र संस्थागत विकास बारेमा ठूलो अध्ययन भए तापनि पशुपति क्षेत्रमा मनाइने कतिपय जात्रा, पर्व तथा मेलाहरू छुटेको देखिन्छ । पशुपति क्षेत्रमा वर्षभरि मनाइने सम्पूर्ण जात्रा, पर्व तथा मेलाहरूको समग्र अध्ययन आवश्यक भएकाले त्यसैमा केन्द्रित रही यो शोधपत्र तयार गरिएको छ ।

*गोविन्द टन्डन* , **पशुपति क्षेत्रको साँस्कृतिक अध्ययन,** प्रकाशक, श्री झरेन्द्र शम्सेर ज.व.रा. तथा श्रीमती मञ्जु राणा, काठमाडौं, वि.सं.२०५३

पशुपति क्षेत्रको व्यापक अध्ययन गरिएको यो पुस्तकमा पशुपतिको ऐतिहासिक, साँस्कृतिक पक्षको चर्चा गरिएको छ । पशुपति क्षेत्रको क्षेत्रफल र सिमानाको चर्चाबाट आरम्भ गरिएको पुस्तकमा लिच्छविकाल, मध्यकाल र शाहकालमा पशुपतिका सम्बन्धमा भएका विभिन्न घटनाहरूको चर्चा गरिएको छ । वैदिक वाङ्मयमा पशुपतिनाथको उद्भव सम्बन्धी अवधारणाहरू, शमशुद्धिनले गरेको आक्रमण आदिको चर्चा गर्दै नित्यपूजा र भेटीघाटीका सम्बन्धमा व्याख्या गरिएको छ । यसका साथै नेपाली समाजमा पशुपति मन्दिरको महत्व र स्थान, पुजारी तथा भण्डारी परम्परा, गुठी प्रशासन तथा व्यवस्थापन र सञ्चालन मन्दिरको व्यवस्थापन, मन्दिर, मूर्ति तथा अभिलेखहरूको सङ्कलन गरिएको छ । पशुपति क्षेत्रका मूर्तिहरू, प्रमुख मन्दिरहरू, स्तुपा एवं विहारहरूको विवरण दिइएको छ ।

यसका साथै पशुपति क्षेत्रको संरक्षण संवर्द्धनका लागि भएका प्रयासहरूको उल्लेख गरी पशुपति क्षेत्रमा मनाइने विभिन्न जात्रा तथा पर्वहरूको चर्चा गरेको पाइन्छ । तर यस पुस्तकमा अक्षय तृतीय (सखर पानी पिउने), सिठी नख, घण्टाकर्ण, सोमबार महादेव ब्रत, चठा, गाईजात्रा, खड्ग जात्रा, रोपाई जात्रा,

कृष्ण जात्रा, जनैपूर्णिमा, इन्द्र जात्रा, तीज (हरितालिका), नौरथा( दशैँ), नाङ्गाचा प्याख (पार्वती महादेव नृत्य), नवदुर्गा जात्रा, बालाचर्तुदशी, छायाँ दर्शन (तिकिन्चा पूजा), शिवरात्री, नक्साल भगवती जात्रा, फिटा गुठी आदि लगायतका जात्रा, पर्व, उत्सव तथा चाडहरूको चर्चा नगरिएको हुनाले यसै विषयमा थप अध्ययन गर्ने प्रयास गरिएको छ ।

*पदम श्रेष्ठ,* **नेपाल जात्रा संस्कृति,** पिन्ट स्काई, काठमाडौँ, वि.सं.२०५९

पदम श्रेष्ठको नेपाल जात्रा संस्कृति नामक पुस्तकमा भाषा, धर्म, संस्कृतिको सर्वव्यापी वैज्ञानिक पुनर्व्याख्या हुनुपर्दछ भने पनि पशुपति क्षेत्रमा मनाइने कतिपय जात्रा, पर्व तथा मेलाहरू नपुग देखिन्छ । पशुपति क्षेत्रमा वर्षभरि मनाइने सम्पूर्ण जात्रा, पर्व तथा मेलाहरूको समग्र अध्ययन आवश्यक भएकाले त्यसैमा केन्द्रित रही यो शोधपत्र तयार गरिएको छ ।

*सत्यमोहन जोशी,* **नेपाली चाडपर्व,** दोस्रो संस्करण, साझा प्रकाशन, ललितपुर,वि.सं.२०६९ ।

नेपाली चाडपर्व र मेला सम्बन्धी विषयमा यस पुस्तक सत्यमोहन जोशीले लेख्नु भएको छ । यस पुस्तकमा काठमाडौँ उपत्यकाका जात्रा र मेलाहरूको विवरण बढी उल्लेख गरेको पाइन्छ । अनि नेपाली जनजीवनमा विविधतामा एकता र राष्ट्रियता फलेफुलेका तथ्यहरू पनि यसमा परेका छन् । धार्मिक साँस्कृतिक समन्वय र सहिष्णुतामा विकसित भएको साझा राष्ट्रिय संस्कृतिका जीवित उदाहरणहरू पनि यस पुस्तकमा समावेश गरेको पाइन्छ ।
हाम्रा पुर्खाहरूले आ-आफ्ना साँस्कृतिक जनजीवनलाई सरस र सुन्दर बनाउन प्रत्येक महिनामा प्रत्येक हप्तामा झैँ प्रमुख तिथिमितिहरूसँग समन्वय कायम राखी जुन चाडवाड, जात्रा, मेलाहरूका परम्पराहरू लगायत साँस्कृतिक पक्षहरू पनि यस पुस्तकमा समावेश गरेको पाइए तापनि विस्तृत रुपमा नभएकोले पशुपति क्षेत्रमा वर्षभरि मनाइने सम्पूर्ण जात्रा, पर्व तथा मेलाहरूको समग्र अध्ययन आवश्यक भएकाले त्यसैमा केन्द्रित रही यो शोधपत्र तयार गरिएको छ ।

*बैकुण्ठमान विशेत,* **देशोद्धार पूजा, श्री बज्रेश्जरी तथा, श्री वत्सलेश्वरी जात्रा, संक्षिप्त विवरण,** काठमाडौँ, वि.सं.२०६९

बैकुण्ठमान विशेतको देशोद्धार पूजा, श्री बज्रेश्जरी तथा, श्री वत्सलेश्वरी जात्रा, संक्षिप्त विवरण, २०६९, पुस्तकमा पनि पशुपति क्षेत्रमा मनाइने कतिपय जात्रा, पर्व तथा मेलाहरू छुटेको देखिन्छ । पशुपति क्षेत्रमा वर्षभरि मनाइने सम्पूर्ण जात्रा, पर्व तथा मेलाहरूको समग्र अध्ययन आवश्यक भएकाले त्यसैमा केन्द्रित रही यो शोधपत्र तयार गरिएको छ ।

विभिन्न विद्वान्हरूले नेपाली चाड पर्व, मेला तथा जात्राका सम्बन्धमा गरेको अध्ययनमा चाड, पर्व, जात्रा तथा मेलाहरूको सामान्य जानकारी प्रस्तुत गरेको भए पनि पशुपति क्षेत्रमा मनाइने जात्रा, मेला, तथा चाडपर्वका बारेमा केन्द्रित भई वर्षभरि मनाइने मेला जात्राहरू तथा पर्वका बारेमा पूर्ण अध्ययन भएको देखिदैन । गोविन्द टण्डनको अध्ययनमा पनि पशुपति क्षेत्रमा मनाइने कतिपय जात्रा, पर्व, उत्सव तथा चाडहरूको चर्चा नगरिएको हुनाले यस शोधपत्रमा थप अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.६. अध्ययनको सीमा :

यो अध्ययन नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तरतहको एक पूरक अध्ययनको रुपमा गरिने हुँदा यस अनुसन्धानबाट आउने नतिजालाई सामान्यीकरण गरी सम्पूर्ण पशुपति(ग्वलः) क्षेत्रमा मनाइने जात्रा तथा मेलाहरूको बारेमा विश्लेषण गर्दा पूरा नहुन सक्छ । त्यसै गरी अध्ययनको सिलसिलामा काठमाडौँ जिल्ला पशुपति(ग्वलः) क्षेत्रमा वडा नं ६, ७, ८ र ९ ग्वलःमा मात्र केन्द्रित रहेको छ । साथै सामाजिक सांस्कृतिक तथा आर्थिक जीवनका विभिन्न पक्षहरूमाथि अध्ययन गरिएको छ ।

## १.७. अनुसन्धान विधि :

१.७.१ प्राथमिक स्रोत

१.७.२ द्वितीयक स्रोत

१.७.१.२ तथ्याङ्क सङ्कलन विधि :

शाधकार्यका सिलसिलामा स्थलगत अध्ययन गर्ने कार्यमा सम्बन्धित क्षेत्रका विज्ञहरूसंग अन्तवार्ता लिइएको छ । त्यसै क्रममा विभिन्न चाडपर्वको अवलोकन पनि गरिएको छ ।

१.७.२ द्वितीयक स्रोत :

स्थलकार्यका अलावा विभिन्न विद्वान् विदुषीहरूले गरेका खोजकार्यका पुस्तक वा पाठ्यसामग्रीहरूलाई आधार बनाएर लिइएका सामाग्रीहरू यस शोधकार्यमा द्वितीयक सामाग्रीको रुपमा समावेश गरिएको छ । त्यसमा पुस्तकालीय अधययन विधि, सङ्ग्रहालय र प्रकाशित पुस्तक, पत्रिकाहरू समाविष्ट गरिएका छन् ।

१.७.१.३ अनुसन्धान ढाँचा :

अनुसन्धानका क्रममा खोजिएका सामाग्रीहरूलाई वर्णनात्मक र विश्लेष्णात्मक तरीकाले चर्चा गरिएको छ । यसैक्रममा शोधकार्यलाई गुणात्मक र परिणात्मक हिसाबले प्रस्तुत गरिएको छ ।

## १.८.अध्याय विभाजन

पहिलो अध्याय : परिचय खण्ड

दोस्रो अध्याय : पशुपति(ग्वलः) क्षेत्रको परिचय- (भौगोलिक, ऐतिहासिक, धार्मिक र पौराणिक)

तेस्रो अध्याय : सामाजिक तथा साँस्कृतिक परिचय

चौथो अध्याय : पशुपति क्षेत्रमा मनाइने जात्रा पर्वहरू

पाँचौं अध्याय : वर्तमान परिवर्तित स्थिति

छैठौं अध्याय : उपसंहार तथा सुझाव

पशुपति क्षेत्र पुरातात्विक एवम् ऐतिहासिक दृष्टिकोणले नेपालको महत्वपूर्ण सांस्कृतिक सम्पदाका रुपमा रहेको छ । नेपाली समाज बहुभाषिक, बहुजातीय र बहुधार्मिक समाज हो । नेपालमा पशुपतिक्षेत्र(ग्वलः) मा प्रचलित जात्रा तथा मेलाहरू लिच्छवि कालदेखि नै प्रचलनमा रहिआएका छन् । नेपालमा बसोवास गर्ने हिन्दू र बौद्ध धर्म समुदायका आफ्नै मौलिक, सामाजिक पक्षहरू रहेका छन् । यिनीहरूको आफ्नै धर्म, चाडपर्व, रीतिरिवाज रहेको पाइन्छ ।

# दोस्रो अध्याय

## पशुपति क्षेत्रको परिचय

## २.१ पशुपति क्षेत्रको भौगोलिक अवस्था

पशुपति क्षेत्र हिन्दू धर्मका आराध्यदेव भगवान् पशुपतिनाथको स्थलका रूपमा संसारभरि चिनिएको छ । यस क्षेत्रमा क्षेत्रमा अवस्थित देवी देवताहरू पशुपतिनाथ, वासुकी, गणेश, गुहेश्वरी, वत्सला, वनकाली, राजराजेश्वरी, कीर्तिमुख आदि देवस्थल रहेका छन् (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः

चि.सं.-१) । पशुपति क्षेत्रका देवदेवीका मन्दिरहरूमा दैनिक जसो भक्तजन दर्शनार्थीहरूको भीड लाग्ने गर्दछ । हरेक साँझ आरती उतार्ने गरिन्छ भने हरेक बिहान फूलमाला अर्पण गर्नु पर्ने प्रचलन धेरै पहिलेदेखि प्रचलित रहेको छ । परापूर्व कालमा पाशुपत क्षेत्रमा स्थापित फूलबारी समेत रहेको चर्चा गरिएको छ तर आजभोलि चाहिँ त्यस्तो फूलबारी देख्न पाइँदैन । त्यही फूबारीबाट हरेक दिन पशुपतिनाथमा अर्पण गरिने फूल र माला तयार गर्ने गरिएको थियो ।

पशुपतिको मन्दिरको दक्षिणपट्टि चौसठी लिङ्ग स्थापित रहेको ठाउँ आसपासमा मन्दिरकै दक्षिण पश्चिममा बगैँचा तथा सत्तल बनाइएको थियो भनिन्छ । भक्तवीर कुवँर राणाले बगैँचा राखेको ठाउँमा पनि बज्रघर बनाउँदा सो बगैँचाको क्षेत्र परेको हुँदा बगैँचा मासिएको हो । त्यसको सट्टामा बज्रघरको पश्चिम तथा झम्केस्वरीको पूर्वमा करीव अर्को बगैँचा बनाइदिएको कुरा उल्लेख गरिएको पाइन्छ ।

पशुपति क्षेत्रमा रहेका बगैँचाहरूको कुरा गर्दा जितजङ्ग राणाद्वारा वि.सं. १९३१ र वि.सं. १९३८ मा राजराजेश्वरीको स्थलको नजिकै निर्माण गरिएका दुईवटा बगैँचालाई बिर्सन सकिन्न ।[४] साँच्चै भन्ने हो भने पशुपति क्षेत्रलाई आकर्षक र रमणीय तुल्याउनमा ती दुई बगैँचाहरूको पनि उल्लेखनीय स्थान रहेको थियो ।

पशुपति मन्दिरमा प्रतिदिन माला लानुपर्ने बगैँचाहरूमध्ये भण्डारखालको बगैँचा पनि एक थियो । भण्डारखालबाट पशुपति मन्दिरमा प्रतिदिन फूलमाला पुऱ्याउने दृष्टिकोणले भण्डारखाल बगैँचाको स्थापना गरिएको थियो । बहादुर शाहले राखेको सदावर्तको अर्को एक बगैँचा तथा भण्डारखाल बाहेक

---

[४] गोविन्द टण्डन, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन**, काठमाडौँ ( श्री झरेन्द्र शम्सेर ज.व.रा. तथा श्रीमती मञ्जु राणा, )वि.सं. २०५३, पृ. १३ ।

सबै बगैँचाहरू अहिले गुठी संस्थान अन्तर्गत रहेका छन् । भण्डारखालको बगैँचाको प्राचीन स्वरूप अहिले पनि देख्न पाइन्छ । त्यहीँ बस्ने सन्यासीद्वारा यसको जसोतसो रेखदेख भइरहेको छ । भण्डारखाल सिफल स्थित कालोपुलको पारिपट्टि सडकको बायाँतर्फ रहेको छ ।

## २.२. पशुपति क्षेत्रमा बस्ती र यसको स्वरुप

देवपाटनको पुरानो नाम ग्वल हो । यसको उल्लेख लिच्छविकालीन अभिलेखमा पनि गरिएको पाइन्छ । यसबाट के पुष्टि हुन्छ भने देवपाटनस्थित किराँतकालदेखि बस्दै आएको नगर हो । लिच्छविकालमा देवपाटनको केही भाग देवग्राम नामबाट समेत परिचित थियो । देवपतन चाहिँ देवग्राम नामले एउटा सानो गाउँका रुपमा रहेको थियो । यस कालमा देवपतन ग्रामीण बस्तीकै रूपमा रहेको पनि पुष्टि हुन्छ ।

प्राचीन कालमा पशुपति क्षेत्रमा रहेका बस्तीहरूका विभिन्न नामहरू छन् । पशुपति क्षेत्रको पुरानो बस्तीहरूको चर्चा गर्दा नवालीटोल, दथुटोल, करेटोल, ज्यूनाटोल, चावहिल मुख्य रहेको मानिन्छ । तिनीहरूमा पशुपतिदेखि पश्चिमपट्टि लगनलाछी, भुवनेश्वरी, भकुनटोल, ईटाटोल आदिमा विक्रमको उन्नाइसौँ शताव्दीदेखि व्यक्तिगत घरहरू बस्न थालेका थिए । चोक, बगैँचा आदिका पुराना शिवलिङ्गहरू एवम् मूर्तिहरू जताततै रहेबाट पनि यहाँ व्यक्तिगत घरहरूको अस्तित्व रहेको थाहा हुन्छ । देवपतनमा विभिन्न नामका चोकहरू, ढुङ्गेधाराहरू र डबलीहरू तथा चोकहरूमा मिप्योनमी, नासननी, सरस्वतीनती सिपुनती मुख्य रहेका छन् ।

अहिलेको गौशालाको चौमुहालीबाट पशुपति जाने बाटो धेरै नै ब्यस्त भएको छ । पहिले सिफलबाट जयवागेश्वरी भएर पशुपति जाने बाटो नै मूलबाटो रहेको थियो । अहिले पनि यो बाटो यथावत छ । डेनियल राइटले वि.सं. १९३४ मा पशुपति पुग्ने पूर्वपश्चिम फैलिएको मुख्य बाटोको चर्चा गर्दा यही बाटोको उल्लेख गरेका छन् । नवालीटोलको सडकलाई छोडेर दायाँ बायाँ बनाएका पुराना घरहरू, त्यही किसिमले स्थापित मन्दिर, मूर्ति, ढुङ्गेधारा, डबली, पाटीपौवा आदिका भग्न अवशेष र अस्तित्वमा रहेका सम्पदालाई हेर्दा सो बाटो नै पहिलेदेखिको मूलबाटो हो भन्ने कुरा स्पष्ट हुन्छ ।

दक्षिणामूर्ति भएर गौरीघाट भएर गुह्यश्वरी पुग्ने बाटो पशुपति र गुह्यश्वरी बीचको परिक्रमा बाटोको रुपमा त्यो बेलादेखि नै रहेको थियो (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छ: चि.सं.-२)। यसको महत्व आजसम्म पनि कायम रहेको देखिन्छ । बत्सलेश्वरीको पूर्वपट्टिबाट प्रारम्भ भई गुह्यश्वरी उक्लने उकालो सिंढी चैं रामकृष्ण कुवँरले निर्माण गराई दिएका थिए । बस्ती विकास हुँदै गएपछि पहिले तीर्थको रुपमा रहेका कुण्ड र अन्य स्रोतहरूमा अतिक्रमण हुन जाँदा धार्मिक महत्वका कतिपय तीर्थहरू अहिले लोप भइसकेका छन् । प्राकृतिक रुपमा रहेका कतिपय कुण्डहरू अहिले सुकिसकेका अथवा बस्ती बढ्दै गएपछि अतिक्रमित भइसकेका छन् ।

पशुपतिनाथको मन्दिरबाट सोझै पूर्वमा निकै गहिरिएर बगेको बागमती नदी पनि प्रचीनतम नदी हुन् । बागमती नदीको किनारमा विभिन्न घाटहरू रहेका छन् । यिनको धार्मिक महत्वका बारेमा पनि हाम्रा प्राचीन ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । पशुपति निकट रहेको, पवित्र पाउका रूपमा आराध्य यस नदी किनारामा अवस्थित आर्यघाटबाट वरपरका क्षेत्रलाई अरु धार्मिक कार्यहरूका साथ साथै हिन्दूहरूको अन्तिम संस्कारको लागि पनि पवित्र ठाउँको रुपमा लिएको पाइन्छ । यहाँ प्राचीन समयदेखि आजसम्म पनि हरेक दिन दर्जनभन्दा बढी मृतआत्माहरूको अन्तिम सद्गत हुँदै आएको छ ।

## २.३ पशुपति क्षेत्रको ऐतिहासिक अवस्था

पवित्रताको प्रतीक बनेकी बागमती नदीको किनारको सोझै पश्चिमतिर संसारकै प्रख्यात र पौराणिक महत्व बोकेको एवम् प्रचीनतम पशुपतिनाथ मन्दिर रहेको छ (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छ: चि.सं.-३)। मुख्य मन्दिरको आसपास अरू धेरै मूर्तिहरू, मन्दिरहरू तथा धार्मिक र साँस्कृतिक महत्वका कीर्तिहरू रहेका छन् । यिनले देवपाटनको सारै ठूलो महत्व रहेको स्पष्ट हुन्छ । देवपाटनको महत्व र स्थितिलाई सुदृढ पार्न पशुपतिनाथको मुख्य मन्दिरको स्थापनाले अझ धेरै मदत गरेको अनुमान सहजै गर्न सकिन्छ ।

बागद्वारबाट निस्केर निकै लामो यात्रा गर्दै पशुपतिको पाउ भएर बग्ने बागमतीको महत्व र महात्म्यबारे हाम्रा पुराना प्राचीन ग्रन्थहरूमा प्रशस्त चर्चा गरिएको पाइन्छ । बागमती प्राचीन कालदेखि नै यहाँ प्रवाहित छँदै थियो । बागमती नदीको पूर्वतर्फ अग्लिँदै गएको धरातलमा घना बनबुट्यान रहेको छ ।

यस बनलाई स्लेषमान्तक वन (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-४)भनेर प्राचीन ग्रन्थहरूमा समेत चर्चा गरिएको छ । मृगको रूप लिएर महादेवले पार्वतीसित कृडा गरेको चर्चा पाइन्छ ।

किरातेश्वर महादेवको कृडास्थल मानिएको यस क्षेत्रमा विस्तार विस्तार हिन्दूधर्मसँग सम्वद्ध मूर्ति तथा मन्दिरहरू बन्दै गए । पवित्र बागमती नदी, कुण्ड, पोखरी र विभिन्न मूर्तिहरू तथा मन्दिरहरूको महात्म्यको कारण पछि गएर यो क्षेत्र हिन्दू धर्मावलम्वीहरूको गरिमामय तीर्थस्थल बन्न गएको देखिन्छ ।

## २.४ पशुपति क्षेत्रको धार्मिक अवस्था

पशुपति क्षेत्रको धार्मिक अवस्था विश्वको कुनै पनि संस्कृति र सभ्यता धर्मदेखि अलग रहन सकेको छैन । यसको महत्व नेपालको जनजीवनमा पहिलेदेखि रहँदै आएको छ । संस्कृत वाङ्मयमा वैदिक कालदेखिकै धार्मिक विकास सम्बन्धी कुराहरू बताउने लामो इतिहास पाइन्छ । भगवान् शिवका अनेक नाम र स्वरुपहरू मध्ये पशुपति वैदिक कालदेखि नै अत्यन्त प्रशिद्ध भई आएका आराध्य देवको नाम हो । पशुपति स्वरुप वेद जतिकै प्राचीन र सनातन धर्म जतिकै सनातन मानिन्छ ।

लिच्छविहरू पूर्व नेपालमा किराँतहरूको शासन चलेको कुरा लिच्छविकालका अभिलेखहरूमा पाइएका संस्कृतेत्तर शब्दहरू तथा किराँत नामको उल्लेख गरेको पाइएबाट पनि थाहा हुन्छ । पशुपति आर्यघाट पारिको किरातेश्वर महादेव नामक शिवलिङ्ग र पशुपति आर्यघाटमा रहेको विरुपाक्ष वा कलि नामले चिनिने लिच्छविकालदेखि नै प्रचलित मूर्तिहरूमा भन्दा भिन्न प्रकारको विशेषता पाइने हुनाले तिनीहरूको निर्माणमा किराँतकालको प्रभाव पर्नु धेरै सम्भव भएकाले किराँतकालिन नेपालमा कला कौशलको विकास भएको मान्न सकिन्छ । पशुपतिनाथको प्रादुर्भाव नै नेपालमा भएको तथा त्यसको ख्याति तात्कालीन जनजीवनमा अत्यधिक रहेकोले पनि शैव धर्मको उत्थान राम्रोसँग भएको हुनु पर्दछ । किराँतहरूलाई भगवान् शिवको अनन्य भक्त बताएको उल्लेख पाइन्छ । शिलालेख सहितका शैव धर्मसँग सम्वद्ध शिवलिङ्ग तथा मूर्तिहरूको प्राप्तिले पशुपतिनाथ शैव धर्मको केन्द्रविन्दुको रुपमा स्थापित लोकप्रिय रहेको अवगत हुन्छ ।

प्राचीन राजा महाराज र शासकहरू प्राय सबै पशुपतिका भक्त थिए । लिच्छविकालीन शासक अंशुवर्माको समयदेखि शैव धर्मको महत्वलाई बढाउन पशुपति प्रतिको सम्मानले निकै योगदान गरेको बुझिन्छ । पशुपति नामाङ्कित अनेक चित्र भएका मुद्राहरूसमेत पाएका छन् । यिनको प्राप्तिले पनि लिच्छविकालमा पशुपतिको स्थान र शैव धर्मको महत्वबारे प्रशस्त प्रकाश पार्दछ । ती मुद्राहरू पशुपतिकै श्रद्धा र सम्झनामा विभिन्न लिच्छवि राजाहरूले चलाएको देखिन्छ । अंशुवर्मा, उदयदेव, जिष्णुगुप्त, विष्णुगुप्त, नरेन्द्रदेव, शिवदेव द्वितीय, जयदेव द्वितीय आदिले आफ्ना शिलालेखहरूमा "भगवत्पशुपति भट्टारकपादानुगृहीत" भन्ने विरुदावली आफ्नो नाम अगाडि लेखाएको पाइन्छ ।[५] जसले गर्दा उनीहरूको पशुपतिप्रतिको श्रद्धालाई झल्काउँछ ।

भगवान् पशुपतिप्रति अनन्य भक्तिभाव दर्शाउने प्रचलन प्रारम्भिक मल्लकालमा पनि कायमै रहेको पाइन्छ । देशमा दुर्भिक्ष, अनिकाल, प्राकृतिक प्रकोप आदि जस्ता घटनाहरू नहोस् भन्नका लागि पशुपतिमा लक्षहोम तथा आदि गर्ने व्यापक चलन थियो । पशुपतिमा त्यो बेलादेखि नै घण्ट, छत्र, चमर चढाउने चलन पनि रहिआएको थियो ।

पछिल्लो मल्लकालीन इतिहासमा वीर शैव सम्प्रदायको स्पष्ट उल्लेख भएको छ । यसलाई हेर्दा तात्कालिन जनजीवनमा यसको प्रचार प्रसार कुनै न कुनै रुपमा भएको अनुमान हुन्छ । त्यस बाहेक शैव धर्म अन्तर्गत यसरी नामै किटेर सम्प्रदाय विशेषको चर्चा पाइँदैन । वीर शैव सम्प्रदायको उल्लेख वि.सं. १९३६ आषाढको महेन्द्र मल्लकी रानी जयन्तिकाले राखेको अभिलेखमा उल्लेख भएको छ । त्यहाँ उनले शिवजीलाई प्रसन्न पार्न मूर्ति समेतको मठ बनाउन लगाएको र महेन्द्र मल्लले वीर शैव सम्प्रदायलाई अर्पण गरेका अन्नहरू जयन्तिकाले त्यस मठमा बस्नेहरूलाई दिएको उल्लेख गरिएको छ । हनुमानढोकाको उत्तरतर्फ मखनटोलमा रहेको अभिलेखमा वीर शैव सम्प्रदायको मठ रहेको देखिनाले वीर शैव सम्प्रदाय त्यसबेला निकै प्रभावशाली थिए भन्ने कुरालाई बल प्रदान गरेको छ । वीर शैव सम्प्रदायले लिङ्ग र लिङ्गपूजालाई महत्व दिने गरेका थिए । तर यहाँ उमा महेश्वरको पादपीठमा लेखिएको अभिलेखमा त्यसको उल्लेख भएको देखिएकाले यहाँका वीर शैवहरू उमामहेश्वरलाई आफ्ना आराध्य सम्झन्थे भन्ने देखिन्छ ।

---

[५] धनबज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, (कीर्तिपुर : नेपाल तथा एसियाली अध्ययन संस्थान,) वि.सं. २०३०, पृ. ५५१-५२ ।

शाहकालमा आएर पनि पशुपति क्षेत्रलाई केन्द्रविन्दु बनाई अनेकौं मठ, मन्दिर र मूर्तिहरू स्थापना गरिएको पाइन्छ । भगवान् पशुपतिनाथ तथा यहाँ स्थापित अन्य मन्दिरहरूको सुव्यवस्थित सञ्चालनका लागि निश्चित आयश्रोत आउने गरी गुठ-गुठीहरू राखिएको पाइन्छ । यसै कालमा पशुपति क्षेत्रमा सवभन्दा बढी शिवालयहरू स्थापना गरिए । शाहकालिन राजाहरूमा श्री ५ राजेन्द्र वीर विक्रम शाहदेखि श्री ५ त्रिभुवन वीर विक्रम शाहसम्मका नाममा अलग-अलग शिव मन्दिरहरू स्थापना गरिएको घटनालाई हेर्दा शैव धर्मको विकासमा उनीहरूले पुऱ्याउन खोजेको योगदान बारे थाहा पाइन्छ ।

## २.५ पशुपति क्षेत्रको पौराणिक अवस्था

पशुपतिनाथको स्थापना पछि गएर देवपाटनको महत्व र स्थितिलाई सुदृढ पार्न अझ मदत गऱ्यो । बागमती, जसको महत्व र महात्म्य प्रशस्त पाइन्छ, प्राचीनकालदेखि यहाँ प्रवाहित छदैं थियो, पछि यहाँ विस्तार-विस्तार हिन्दू धर्मसँग सम्वद्ध मूर्ति तथा मन्दिरहरूको स्थापना हुँदै गयो । पवित्र बागमती नदी, कुण्ड, पोखरी र विभिन्न मूर्ति तथा मन्दिरहरूको महात्म्यको कारण पछि गएर यो क्षेत्र हिन्दू धर्मालम्वीहरूको गरिमामय तीर्थस्थल बन्न पुगेको देखिन्छ ।

लिच्छविकालीन प्रशस्त शिवलिङ्गहरू एवम् अन्य मूर्तिहरूको अस्तित्व रहनुबाट पनि देवपाटनको प्राचीनता र महत्व स्पष्टसँग झल्किन्छ । साथै देवपाटन वरपर अनेकन प्राचीन वास्तुकलाका अवशेषहरू यत्रतत्र प्रशस्तको सङ्ख्यामा रहेको छ ।

बोलीचालीको भाषामा यस ठाउँलाई देवपाटन पनि भनिन्छ । 'देवपत्तन' यो संस्कृत नामबाट पनि देवपाटनलाई सम्वोधन गर्ने गरिएको पाइन्छ । देवपाटनलाई सम्वोधन गर्नुपर्दा नेवारी भाषामा ग्वलः, गोल, गोर आदि शब्दहरूको प्रयोग गरिएको पाइन्छ । ती नामको साथमा देश शब्द जोडिएको पनि पछिका अभिलेखमा पाइएको छ । देवपाटनका बूढापाकाहरू पशुपतिको ज्योतिर्लिङ्ग रहेको ठाउँमा एउटा गाईले दिनदिनै आई दुध चढाउने गरेकाले पशुपतिको पत्ता लागेको हो भन्दछन् । अनुश्रुतिहरूमा पनि यो सन्दर्भ उल्लेख भएको छ । गाईले बाटो पत्ता लगाई पशुपतिस्थललाई प्रकाशमा ल्याएकाले सो ठाउँलाई 'गोल' भन्न थालियो, पछि यो ठाउँ नै 'गोल' बाट प्रसिद्ध भयो भनी भन्ने गरिएको छ ।

'ग्वल' बाट नै कथ्यमा 'गोह्र', 'गोर' आदि बनेको अनुमान पनि सजिलै गर्न सकिन्छ । 'ग्वल' को शाब्दिक अर्थ के हुन सक्छ भन्ने तथ्य प्रमाण छैन तर लिच्छविकालका केही बस्ती, पाञ्चाली र अधिकरणको नामका पछि 'ग्वल' शब्द जोडिएको पाइन्छ । उदाहरणका लागि तेग्वल, गीग्वल, माग्वल, यूग्वँल, लञ्जग्वल, लिङ्ग्वललाई प्रस्तुत गर्न सकिन्छ ।[६] यताबाट बस्ती विशेषको नामलाई बुझाउने ग्वलः शब्दको प्रयोग गरिएको बुझिन्छ ।

इतिहास शिरोमणि बाबुराम आचार्यले 'गोग्राम' अर्थात् गाई रहने ग्रामबाट किराँतकालमा गोर शब्द अपभ्रंश हुँदै पछि ग्वलः बनेको बताएका छन् । उनले 'गोर' शब्दको 'गो' प्राचीन किराँत भाषाको नामको अवशेष मानेका छन् तर त्यसको अर्थ गाई, गोरु होइन भन्दै 'गो' को अर्थका विषयमा थाती राखेका छन् ।[७]

ग्वलः शब्द किराँतकालमा अत्यधिक प्रचलनमा रहेको शब्द थियो । किराँतकालदेखि प्रचलित सो शब्द लिच्छवि, मल्ल र मल्लकाल हुँदै अहिलेसम्म ज्यूँका त्यूँ अस्तित्वमा रहेको छ । अहिलेको देवपाटनलाई बुझाउन मल्लकालमा देवपट्न, देवपत्तन, र ग्वलः आदि नाम प्रचलनमा रहेको देखिन्छ । देवपाटनको पूर्वरुप देवग्राम हो । (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-५)

पशुपति क्षेत्र हिन्दू धर्मका आराध्यदेव भगवान् पशुपतिनाथको स्थलका रूपमा संसारभरि चिनिएको छ । पशुपति मन्दिरमा प्रतिदिन माला लानुपर्ने बगैँचाहरूमध्ये भण्डारखालको बगैँचा पनि एक थियो । देवपाटनको पुरानो नाम ग्वल हो । चोक, बगैँचा आदिका पुराना शिवलिङ्गहरू एवम् मूर्तिहरू जतातत्तै रहेबाट पनि यहाँ व्यक्तिगत घरहरूको अस्तित्व रहेको थाहा हुन्छ । पशुपति निकट रहेको, पवित्र पाउका रूपमा आराध्य यस नदी किनारामा अवस्थित आर्यघाटबाट वरपरका क्षेत्रलाई अरु धार्मिक कार्यहरूका साथ साथै हिन्दूहरूको अन्तिम संस्कारको लागि पनि पवित्र ठाउँको रुपमा लिएको पाइन्छ । पवित्रताको प्रतीक बनेकी बागमती नदीको किनारको सोझै पश्चिमतिर संसारकै प्रख्यात र पौराणिक महत्व बोकेको एवम् प्रचीनतम पशुपतिनाथ मन्दिर रहेको छ । पशुपति क्षेत्रको धार्मिक अवस्था विश्वको कुनै पनि

[६] टण्डन, पूर्ववत्(पा.टि.सं.१), पृ. ५२ ।

[७] टण्डन, पूर्ववत्(पा.टि.सं.१), पृ. ५३ ।

संस्कृति र सभ्यता धर्मदेखि अलग रहन सकेको छैन । भगवान् शिवका अनेक नाम र स्वरुपहरू मध्ये पशुपति वैदिक कालदेखि नै अत्यन्त प्रसिद्ध भई आएका आराध्य देवको नाम हो । पशुपति स्वरुप वेद जतिकै प्राचीन र सनातन धर्म जतिकै सनातन मानिन्छ । पवित्र बागमती नदी, कुण्ड, पोखरी र विभिन्न मूर्ति तथा मन्दिरहरूको महात्म्यको कारण पछि गएर यो क्षेत्र हिन्दू धर्मालम्वीहरूको गरिमामय तीर्थस्थल बन्न पुगेको देखिन्छ

# तेस्रो अध्याय
# सामाजिक तथा सांस्कृतिक परिचय

## ३.१ पशुपति क्षेत्रको सामाजिक इतिहास

प्राचीन कालदेखिनै पशुपतिनाथको मन्दिर प्रख्यात रहेको छ । लिच्छविकालदेखि अहिलेसम्म पशुपतिनाथ बारे जानकारी गराउने सामग्रीहरू पाइने गरेको छ । यी सामग्रीले हिन्दू समाजमा पशुपतिनाथको सम्मानित स्थान र महत्व रहेको थियो भन्ने कुरा प्रमाणित गरिरहेका छन् । सयौं प्रमाणहरूले नेपालमा शैव धर्म प्रख्यात थियो भनेर प्रमाणित गर्दछन् ।

समाजमा कस्तो किसिमको स्थान थियो वा छ भनेर बुझ्नका लागि त्यहाँ भएका कुनै पनि मठमन्दिरमा जनताले देखाएको रुचि कस्तो छ ? त्यसबाट थाहा हुन्छ । साहित्य, अभिलेख र त्यहाँ स्थापित कीर्तिहरू जनताको सामान्यको रुचि थाहा पाउने आधारहरू हुन् । वैदिककालदेखि नै पशुपतिनाथ मन्दिर नेपालको एक प्रमुख धार्मिक तीर्थस्थलको रुपमा विकास भईसकेको देखिन्छ । यसैको कारणले पनि पशुपतिप्रति श्रद्धा, भक्ति र आदर देखाउने सन्दर्भमा विभिन्न व्यक्तिहरूले आ-आफ्नो गच्छे अनुसार कृत्यहरू गर्दै आएका हुन् ।

हाम्रो सामु लिच्छविकाल देखिका त्यस सम्बन्धी उल्लेखहरू गरिएका सामग्रीहरू प्रशस्त छन् । लिच्छविकालकालीन अभिलेखहरूमा पशुपति एवम् पशुपति क्षेत्रको समेत उल्लेख पाइने तथा पशुपतिनाथसँग सम्बन्धित विभिन्न सम्प्रदायहरूको ख्याती नेपालमा भएको देख्दा अहिले पशुपतिको जुन स्थान समाजमा छ, त्यसको पूर्वाधार ऐतिहासिक दृष्टिकोणले निकै अगाडिदेखि नै तयार भइकेको कुरा निश्चित छ ।

पशुपतिनाथको प्रसिद्धिका कारणले नै यस क्षेत्रमा जति कीर्तिहरू मठ मन्दिर, ढुङ्गेधारा, पाटीपौवा, सत्तल, मूर्तिहरू छन्, तिनको स्थापना भएको हो । यसलाई स्पष्ट पार्ने अनेक प्रमाणहरू छन् । नेपाली समाजमा प्रमाणिक इतिहासको प्रारम्भ भन्दा निकै अगाडिदेखि नै भने जसो पशुपतिनाथको महत्वलाई अङ्गीकार गरिसकिएको थियो । लिच्छविकालिन राजा अंशुवर्माको समयदेखि पशुपतिप्रति विशेष राजकीय सम्मान देखाइदै आएको छ । पशुपतिको महत्व समाजमा रहेकै कारण लिच्छवि कालदेखिका राजाहरूले पशुपतिप्रति सम्मान देखाउने नियतले आफ्नो प्रशस्तिमा पशुपतिको भक्ति झल्काउने उपाधि लिने गरेका थिए ।

आफ्नो मान प्रतिष्ठा कायम रहनमा पशुपतिनाथकै कृपा हो भन्ने धारणा हाम्रो समाजमा लिच्छविकालदेखि स्थापित हुँदै आएको हो । कुन घटना र धारणाले त्यस भावनाको अभिवृद्धिमा सघाउ पुऱ्यायो त्यो त अज्ञात छ । मल्लकालका प्रख्यात राजा जयस्थिती मल्लले पशुपतिनाथप्रति श्रद्धाभक्ति दर्शाउने किसिमका विरुदावलीहरू पनि एतिहासमा उल्लेख भएको पाइन्छ ।

मध्यकालिन अवस्थामा पशुपतिनाथको मन्दिर काठमाडौं राज्य अन्तर्गत थियो । काठमाडौं राज्य अन्तर्गत परे पनि भक्तपुर र पाटनका मल्ल राजाहरूबीच द्वेष, मनमुटाव र राज्यको सीमालाई बिर्सेर समान रुपबाट पशुपतिलाई आदरभाव गरेका उदाहारणहरू छन् । यसले पनि तात्कालिन समाजमा पशुपतिनाथको महत्वलाई राम्रोसँग प्रकाश पार्दछ ।

भगवान् पशुपतिनाथ र पशुपतिनाथको धार्मिक कृत्य र व्यवस्थापन पक्षको भूमिका पनि उल्लेख्य रहेको छ । यसका कारण यहाँको धार्मिक महत्व र ऐतिहासिक अन्य कतिपय परम्पराहरूलाई कायम राख्ने काममा ठूलो सहयोग पुग्न गयो । शाही सम्बोधनहरूको अन्त्यमा हामी सबैलाई भगवान् पशुपतिनाथले कल्याण गरुन् भन्ने जस्ता कामनाहरू प्रकटीकरण त्यो बेलैदेखि हुन थालेको हो ।

हाम्रा सुरक्षित प्राचिन अभिलेखहरूमा पाइएको विवरणबाट वास्तवमा त्यो ऐतिहासिक कालमा भगवान् पशुपतिनाथलाई राष्ट्रदेवकै रुपमा आदर र सम्मान प्रदान गरिएको प्रष्टा हुन्छ । त्यसैको कारणले गर्दा समाजमा पशुपतिनाथको आदर, सम्मान र प्रतिष्ठा रहन पुग्यो । उनी साक्षात् छन्, उनी देवाधीदेव महादेव हुन्, आशुतोष हुन्, परम कल्याणकारी छन् भन्ने लोकधारणाका त्यो बेलादेखिनै कायम भएर आएको हो । प्रत्येक ऐतिहासिक कालमा यहाँ धार्मिक कृत्यहरू गरिएको पाइन्छ । अर्कोतिर राजाप्रजा सबैले समान रुपबाट आदर र सम्मान गरेको पाइन्छ । हिन्दूधर्म अन्तर्गत वैदिक मतमा मूर्ति, मठ मन्दिर पूजनीय र अराध्यस्थल मानिदै आएका छन् । त्यसैले मानिसहरूको आस्था मूर्ति, मठ मन्दिरमा रहनु अस्वाभाविक होइन । विशेष खालका पर्व र उत्सवमा होस् वा यसै पनि त्यस्ता स्थलहरूमा श्रद्धा भक्तिले जाने चलन हिन्दू धर्ममा सामान्य छ ।

हाम्रो प्राचिनतम गरुडपुराणमा पशुपतिलाई महान् तीर्थको रुपमा चर्चा गरिएको पाइन्छ । यसबाट पशुपतिनाथको मन्दिर रहेको पशुपति क्षेत्र तीर्थस्थलको रुपमा परापूर्वकालदेखि नै प्रसिद्धि पाएको देखिन्छ ।[८] कुनै पनि ठाउँ धार्मिक महत्व र जनआस्था नभईकन तीर्थस्थल नबन्ने सामान्य प्रचलनलाई हेर्दा प्रसिद्ध तीर्थस्थल बन्न लामो पृष्ठभूमिको आवश्यकता पर्ने कुरालाई स्वतः प्रष्ट छ । लिच्छवि कालदेखि नै पशुपति मन्दिर रहेको क्षेत्र धार्मिक सद्भावले सम्पन्न उल्लेखनीय स्थलको रुपमा विकसित बन्ने काम भयो । अत्यन्त धार्मिक प्रवृत्ति र धर्मप्रति श्रद्धा भएका उदार हृदयका व्यक्तिहरूले मठ मन्दिर, स्तुपा, चैत्य जस्ता धार्मिक महत्वका साधनास्थलहरू बनाउने परम्परा थियो । यस्तै व्यक्तिहरूको योगदानबाट पाटी, पौवा, धर्मशाला, सत्तल, ढुङ्गेधारा, टुटेधाराहरूको स्थापना भएकाले पनि पशुपति क्षेत्रले पवित्र तीर्थस्थलको रुपमा विकसित हुने अवसर पाएको हो भन्न सकिन्छ । धार्मिक साहित्यमा तिनको चर्चा गरिएको छ । लेखनका क्रममा अलौकिक प्रसङ्गहरू पनि क्रमशः जोडिँदै र थपिदै गएका हुन सक्छन् । ती प्रसङ्ग पढेर र सुनेर पनि उदारमना व्यक्तिहरूले आफनो समेत कीर्ति राख्ने उद्धेश्यले मठ मन्दिर र पाटी पौवाको निर्माण गर्दै गएका हुन् । जसको प्रमाण आजसम्म पशुपति परिसरमा देख्न पाइन्छ ।

श्रद्धाभक्तिपूर्वक एकपटक मात्र पनि जसले पशुपतिनाथलाई दर्शन गर्दछ त्यो पशुपाशबाट मुक्त हुन्छ हुन्छ भन्ने धार्मिक विश्वास रहेको छ । शुद्ध-अशुद्ध जस्तो भए पनि पशुपति रूपी शङ्करको दर्शन गर्‍यो भने जन्म जन्मान्तरदेखिको शरीर, मन, बचन र कर्मले गरेका पापकर्महरू नाश हुन्छन् भन्दै भक्तिभावले मन्दिरको प्रदक्षिणा गरी दर्शन गर्ने गरिएको छ । यसरी दर्शन गर्दा शिव स्वरुप होइन्छ र सबै किसिमका यज्ञ, उपवास र हजारौं अश्वमेघ आदि गरेर पाइने पुण्य पशुपतिको एकै दर्शनले पाउन सकिन्छ भन्ने धारणा अहिलेसम्म पनि जनमानसमा कायम रहेको छ ।

पशुपति परिशर भएर बगिरहेकी बागमती (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-६) नदीलाई शिवगङ्गा मानिन्छ । यिनलाई गङ्गाभन्दा सयौं गुणा उत्तम मानिएको देखिन्छ । पापकर्ममा निर्लिप्त भएका महापातकीले पनि बागमतीमा नुहाए भने उसको मृत्युपश्चात् ऊ शिवलोक जान्छ, नामै

[८] गोविन्द टण्डन, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन**, काठमाडौं ( श्री झरेन्द्र शम्सेर ज.व.रा. तथा श्रीमती मञ्जु राणा, )वि.सं. २०५३, पृ. १९९ ।

लिँदा पनि सम्पतिवान् बन्दछ, त्यहाँको जल लियो, नदीमा चोपलियो भने त जुनी नै तर्दछ भन्ने जस्ता धार्मिक विश्वासको उल्लेखहरूले बागमतीको महत्व बढाउने काममा ठूलो भूमिका खेलेको छ । हाम्रा प्राचिन धर्मशास्त्रहरूमा तीर्थको दर्शन, स्पर्शन र पूजनलाई सामान्य धर्मकै रुपमा लिने गरिएको छ । धार्मिक जात्राहरूले जीवनका असङ्गतिहरू तथा कुप्रवृत्तिहरू निराकरण गर्न सहयोग पुर्‍याउँछन् भन्ने दृढ विश्वास हिन्दू सनातमा अत्यन्त बलियो ढङ्गले रहेको पाइन्छ ।

हाम्रो सामाजिक जीवनका अनेक पक्षहरूबाट पशुपति क्षेत्रलाई महत्व दिने चलन प्राचीन कालदेखिनै रहँदै आएको छ । पवित्र पशुपति मन्दिरको परिशरमै रहेको बागमतीको घाटमा दान दिए पुण्य प्राप्त हुन्छ भन्ने जनविश्वास छ । यही पवित्रस्थलमा प्राचिन कालमा आफ्नो पतिको देहावसान भएपछि पतिको लाशसँगै उसकी पत्नी सती जाने गरेकी थिइन् । कैयौं रानीहरूले यहीँको चितामा आफ्नो जीवित शरीर खरानी बनाएको कुरा इतिहासमा उल्लेख छ । जीवनको अन्तिम अवस्थामा ब्राह्मणलाई जग्गा दान दिने चलन पनि पाइन्छ । असाध्य रोगबाट पीडित व्यक्तिको स्वास्थ्यलाभका उद्देश्यले दानदक्षिणा आदिका साथै अन्य धार्मिक विधि विधान, श्रद्धा विश्वाससाथ पूजाआजा गर्ने प्रचलन पहिलेदेखि नै रह्यो । उपयुक्त कार्यहरूलाई नकारात्मक दृष्टिकोणले हेर्नेहरूले अन्धविश्वास सिवाय कही होइन भन्लान्, तर समाजले गरेको विश्वास र आस्थालाई प्रस्फुटित गराउने काममा ती कार्यहरूको पनि नेपाली संस्कृतिमा आफ्नै स्थान रहेको कुरा स्मरणीय छ ।

धार्मिक महत्वले ओतप्रोत भएको बागमती तथा पशुपति मन्दिरको सन्निकटताले गर्दा आर्यघाट वरपरको क्षेत्रलाई अरु धार्मिक कार्यहरू बाहेक अन्तिम संस्कारका लागि पवित्र ठाउँको रुपमा लिइएको पाइन्छ । धार्मिक तीर्थस्थलको रुपमा पशुपतिक्षेत्रले पाएको महत्वको कारण नै मृत्युपछि गरिने अन्तिम संस्कार पशुपतिको पवित्र आर्यघाटमा गराउने परम्परा आरम्भ भई अहिलेसम्म पनि सुचारू छ ।

पशु र पाशबाट जीवलाई  मुक्त गराउने आराध्यदेव पशुपतिनाथ हुनुभएको तथा परम पवित्र बागमती नदीका कारण पशुपति मन्दिरको सान्निध्यका घाटहरूको बढी नै महत्व रहन गएको प्रष्ट हुन्छ । आर्यघाटलाई पावन, पुण्यदायक र मोक्षदायिनी मानेर जीवनको अन्तिम घडीमा यहाँ ल्याउने परम्परा नै बसिसकेको छ । कति मानिसहरूले आफ्नो इहलीला आर्यघाटमा विसर्जन गर्ने इच्छा परिवारलाई

सुनाउने गर्दछन् । त्यसकारण पनि अन्यत्र कतै परलोक भएको भए पनि पशुपति आर्यघाटमा ल्याएर अन्तिम संस्कार गर्ने प्रचलन कायम हुँदै आएको छ ।

उपत्यकामा वर्षात नभई खडेरी परेका बेला पशुपतिनाथको पूजा गराउने चलन रहेको थियो । पशुपतिमा आषाढ महिनामा सम्पन्न हुने त्रिशूलजात्रा पनि एक किसिमको पानी माग्ने जात्रा नै हो । शताब्दीयौँदेखि नेपाल र नेपालीले आदरकै कारण अहिलेसम्म पशुपतिनाथ प्रतिको भक्तिमा सनातन हिन्दू धर्म संस्कृतिका अनुयायी नेपालीहरू वर्ण, जात र सम्प्रदायको सीमाभन्दा माथि उठेर समान रुपमा नतमस्तक हुन्छन् । यसरी हिन्दू सनातन संस्कार र सामाजिक जीवनमा पशुपतिको महत्तम र निकटतम सम्बन्ध, आचार विचार एवम् संस्कार जोडिदै आएको छ ।

## ३.२ पशुपति क्षेत्रको सांस्कृतिक परिचयः

किराँतकालदेखि पशुपति क्षेत्रमा बसोवास गर्दै आएको कुरा इतिहास, धार्मिक, पौराणिक विभिन्न अध्ययनबाट थाहा पाएको छ । पशुपति क्षेत्र एक पुरानो धार्मिक, पौराणिक तथा विभिन्न जातिका मानिसहरूको वस्ती बस्दै आएको र उनीहरूले मान्दै आएका धर्म, उनीहरूले चलाउँदै आएका विभिन्न सामाजिक साँस्कृतिक परम्परागत जा जात्राहरू पनि त्यही अनुरूप विभिन्न किसिमका देख्न र पाउन सकिन्छ ।

पशुपति क्षेत्र (ग्वल) यानी देवपाटनमा वैशाख महिनादेखि चैत्रसम्म मात्र त्यहाँका बस्तीहरूले मान्दै आएका र चलाउँदै आएका बस्ती भन्दा बाहिरका बस्तीहरूले पनि बनाउँदै आएका र चल्दै गरेका धेरै जात्राहरू मनाउने समेत गरिएको देखिन्छ ।

त्यो बस्ती यानी देवपातन (ग्वल) यस्तो बस्ती वा यस्तो क्षेत्र हो, जहाँ विभिन्न प्रकारका यानी हिन्दू र बौद्धको संमिश्रण भएका जात्राहरू पनि देख्न सकिन्छ । हिन्दू र बौद्ध धर्मावलम्बीहरूले मनाउने जात्राहरूमा विशेष जात्राहरू अक्षय तृतीया, सिठी नख, त्रिशुल जात्रा, गंगामाई जात्रा, घण्टा कर्ण, सोमवार महादेव व्रत, चठा, गाईजात्रा, गङ्गामाइ जात्रा, गाईजात्रा, खड्गजात्रा, रोपाई जात्रा, कृष्ण जात्रा, जनै पूर्णिमा, इन्द्र जात्रा, तीज, उपाको वनेगु, नौरथा (दशै), नाङ्गाचा प्याख, गणेश जात्रा, नौ दुर्गा

जात्रा, बाला चर्तुदशी, छायाँ दर्शन, माधव नारायण, गुहेश्वरी जात्रा, शिपरात्री, नम्साल भगवती जात्रा, दुदु प्याच्याँ, बसला जात्रा, पिगन जात्रा, फिटा गुढी आदि पर्न आउँदछन् ।

### ३.३ पशुपति क्षेत्रको धार्मिक महत्वः

किरात कालदेखिको पशुपति क्षेत्र (ग्वल) को सामाजिक अवस्था कस्तो थियो भन्ने बारे केही प्रमाणित भएका र केही अध्ययन गरिएको पाइन्छ जुन किराँतकाल, लिच्छविकाल हुँदै मल्लकालसम्म आइपुग्दा त वस्ती बढ्दै जाने क्रम तिव्र भयो । आधुनिक कालसम्ममा त नेवारी वस्तीमा अरु थप विविध जातिको बसाइँ पनि बढी नै बढेको पाउन सकिन्छ । बसाइँ विविध जातिहरूको भए पनि सबैले पौराणिक कालदेखि परम्परागत रुपमा चल्दै आएका सामाजिक रीतिरिवाज, समाजमा सबै एक साथ बस्दै आएको र सवैले जात्रा मात्र मान्ने, मनाउने, सहयोग, सम्मान आजसम्म पनि एकै ढिक्का देख्न सकिन्छ ।

परम्परादेखि चल्दै आएका संस्कृति मान्ने एकातिर छ भने अर्कोतिर पशुपति क्षेत्र (ग्वल) विविध धार्मिक, ऐतिहासिक, जात्रैजात्राले भरिएको स्थान भएको हुनाले त्यहाँको सामाजिक अवस्था पहिलैको परम्परालाई मान्ने जतन गर्ने, संस्कार बचाउने, संस्कृतिलाई बचाउने, नयाँभन्दा पनि परम्परालाई कायम राख्ने सामाजिक अवस्था देख्न सकिन्छ ।

समाजमा पशुपति (ग्वल) मा विभिन्न जातिका मानिसहरूको वस्ती छ । जसमा जात अनुसार कार्यविभाजन परम्परा थियो तर आजभोलि त्यस कुरामा आर्थिक अवस्था तल माथि, जीविका चलाउन गाह्रो हुँदै गएका कारण त्यहाँका बस्तीका मानिसहरू जातीय परम्परा कार्यभन्दा पनि आफ्नो तजवीज कार्यमा लाग्न थालेको देख्न सकिन्छ ।

जातीय अनुसारको कार्य भन्नाले- जात्रा चलाउने, जात्रा व्यवस्थापन, पशुपति क्षेत्रमा हुने कार्यहरू जातीय अनुसार कार्य विभाजन थियो र आजभोलि त्यो देख्न सकिँदैन । यस पशुपति क्षेत्र (ग्वल) मा रहेका विभिन्न टोलहरूमा पनि विभिन्न जातिका मानिस बस्दछन् । टोलैपिच्छे पनि जात्रा मनाउने चलन यस क्षेत्रमा प्रचलित छ । टोल-टोलबाट आफ्नो परम्परा झल्कने जात्रा मनाउने चलन आजसम्म यथावत देख्न सकिन्छ ।

धेरैजसो नेवारी जातिका मानिसहरूको वस्ती भएको हुनाले नेवारी परम्परा, संस्कृति आजसम्म पनि बचाएर राखेको पाउन सकिन्छ । जस्तो सिठी नखलाई ठूलो चाडको जात्राको रूपमा मनाउने चलन छ । भोज गरेर एक आपसमा एकजुट भएर भोज गर्ने, खाने, खुवाउने चलन आजसम्म पनि यथावत् देख्न सकिन्छ तर परम्परागत भोज भए पनि अलि अलि आधुनिकताले छोएको पनि हामी देख्न सक्छौं । आधुनिकताको प्रभावले जताततै छोएको अवस्थामा यो क्षेत्रलाई पनि किन नछोओस् त ।

प्राचीन कालदेखि नै पशुपतिनाथको मन्दिर प्रख्यात रहेको छ । लिच्छविकालदेखि अहिलेसम्म पशुपतिनाथ बारे जानकारी गराउने सामग्रीहरू पाइने गरेको छ । हाम्रो सामु लिच्छविकाल देखिका त्यस सम्बन्धी उल्लेखहरू गरिएका सामग्रीहरू प्रशस्त छन् । हाम्रा सुरक्षित प्राचिन अभिलेखहरूमा पाइएको विवरणबाट वास्तवमा त्यो ऐतिहासिक कालमा भगवान् पशुपतिनाथलाई राष्ट्रदेवकै रुपमा आदर र सम्मान प्रदान गरिएको प्रष्ट हुन्छ । धार्मिक महत्वले ओतप्रोत भएको बागमती तथा पशुपति मन्दिरको सन्निकटताले गर्दा आर्यघाट वरपरको क्षेत्रलाई अरु धार्मिक कार्यहरू बाहेक अन्तिम संस्कारका लागि पवित्र ठाउँको रुपमा लिइएको पाइन्छ । पशुपतिमा आषाढ महिनामा सम्पन्न हुने त्रिशूलजात्रा पनि एक किसिमको पानी माग्ने जात्रा नै हो । किरातकालदेखि पशुपति क्षेत्रमा बसोवास गर्दै आएको कुरा इतिहास, धार्मिक, पौराणिक विभिन्न अध्ययनबाट थाहा पाइएको छ । परम्परागत रुपमा चल्दै आएको संस्कृति मान्ने एकातिर छन् भने अर्कोतिर पशुपति क्षेत्र (ग्वल) विविध धार्मिक, ऐतिहासिक, जात्रैजात्राले भरिएको स्थान भएको हुनाले त्यहाँको सामाजिक अवस्था पहिलेदेखिको परम्परालाई मान्ने, जतन गर्ने, संस्कार बचाउने, संस्कृतिलाई बचाउने, नयाँभन्दा पनि परम्परालाई कायम राख्ने सामाजिक अवस्था देख्न सकिन्छ । धेरैजसो नेवारी जातिका मानिसहरूको वस्ती भएको हुनाले नेवारी परम्परा, संस्कृति आजसम्म पनि बचाएर राखेको पाउन सकिन्छ ।

# तेस्रो अध्याय
## सामाजिक तथा सांस्कृतिक परिचय

## ३.१ पशुपति क्षेत्रको सामाजिक इतिहास

प्राचीन कालदेखिनै पशुपतिनाथको मन्दिर प्रख्यात रहेको छ । लिच्छविकालदेखि अहिलेसम्म पशुपतिनाथ बारे जानकारी गराउने सामग्रीहरू पाइने गरेको छ । यी सामग्रीले हिन्दू समाजमा पशुपतिनाथको सम्मानित स्थान र महत्व रहेको थियो भन्ने कुरा प्रमाणित गरिरहेका छन् । सयौं प्रमाणहरूले नेपालमा शैव धर्म प्रख्यात थियो भनेर प्रमाणित गर्दछन् ।

समाजमा कस्तो किसिमको स्थान थियो वा छ भनेर बुझ्नका लागि त्यहाँ भएका कुनै पनि मठमन्दिरमा जनताले देखाएको रुचि कस्तो छ ? त्यसबाट थाहा हुन्छ । साहित्य, अभिलेख र त्यहाँ स्थापित कीर्तिहरू जनताको सामान्यको रुचि थाहा पाउने आधारहरू हुन् । वैदिककालदेखि नै पशुपतिनाथ मन्दिर नेपालको एक प्रमुख धार्मिक तीर्थस्थलको रुपमा विकास भईसकेको देखिन्छ । यसैको कारणले पनि पशुपतिप्रति श्रद्धा, भक्ति र आदर देखाउने सन्दर्भमा विभिन्न व्यक्तिहरूले आ-आफ्नो गच्छे अनुसार कृत्यहरू गर्दै आएका हुन् ।

हाम्रो सामु लिच्छविकाल देखिका त्यस सम्बन्धी उल्लेखहरू गरिएका सामग्रीहरू प्रशस्त छन् । लिच्छविकालकालीन अभिलेखहरूमा पशुपति एवम् पशुपति क्षेत्रको समेत उल्लेख पाइने तथा पशुपतिनाथसँग सम्बन्धित विभिन्न सम्प्रदायहरूको ख्याती नेपालमा भएको देख्दा अहिले पशुपतिको जुन स्थान समाजमा छ, त्यसको पूर्वाधार ऐतिहासिक दृष्टिकोणले निकै अगाडिदेखि नै तयार भइकेको कुरा निश्चित छ ।

पशुपतिनाथको प्रसिद्धिका कारणले नै यस क्षेत्रमा जति कीर्तिहरू मठ मन्दिर, ढुङ्गेधारा, पाटीपौवा, सत्तल, मूर्तिहरू छन्, तिनको स्थापना भएको हो । यसलाई स्पष्ट पार्ने अनेक प्रमाणहरू छन् । नेपाली समाजमा प्रमाणिक इतिहासको प्रारम्भ भन्दा निकै अगाडिदेखि नै भने जसो पशुपतिनाथको महत्वलाई अङ्गीकार गरिसकिएको थियो । लिच्छविकालिन राजा अंशुवर्माको समयदेखि पशुपतिप्रति विशेष राजकीय सम्मान देखाइदै आएको छ । पशुपतिको महत्व समाजमा रहेकै कारण लिच्छवि कालदेखिका राजाहरूले पशुपतिप्रति सम्मान देखाउने नियतले आफ्नो प्रशस्तिमा पशुपतिको भक्ति झल्काउने उपाधि लिने गरेका थिए ।

आफ्नो मान प्रतिष्ठा कायम रहनमा पशुपतिनाथकै कृपा हो भन्ने धारणा हाम्रो समाजमा लिच्छविकालदेखि स्थापित हुँदै आएको हो । कुन घटना र धारणाले त्यस भावनाको अभिवृद्धिमा सघाउ पुऱ्यायो त्यो त अज्ञात छ । मल्लकालका प्रख्यात राजा जयस्थिती मल्लले पशुपतिनाथप्रति श्रद्धाभक्ति दर्शाउने किसिमका विरुदावलीहरू पनि एतिहासमा उल्लेख भएको पाइन्छ ।

मध्यकालिन अवस्थामा पशुपतिनाथको मन्दिर काठमाडौं राज्य अन्तर्गत थियो । काठमाडौं राज्य अन्तर्गत परे पनि भक्तपुर र पाटनका मल्ल राजाहरूबीच द्वेष, मनमुटाव र राज्यको सीमालाई बिर्सेर समान रुपबाट पशुपतिलाई आदरभाव गरेका उदाहारणहरू छन् । यसले पनि तात्कालिन समाजमा पशुपतिनाथको महत्वलाई राम्रोसँग प्रकाश पार्दछ ।

भगवान् पशुपतिनाथ र पशुपतिनाथको धार्मिक कृत्य र व्यवस्थापन पक्षको भूमिका पनि उल्लेख्य रहेको छ । यसका कारण यहाँको धार्मिक महत्व र ऐतिहासिक अन्य कतिपय परम्पराहरूलाई कायम राख्ने काममा ठूलो सहयोग पुग्न गयो । शाही सम्बोधनहरूको अन्त्यमा हामी सबैलाई भगवान् पशुपतिनाथले कल्याण गरुन् भन्ने जस्ता कामनाहरू प्रकटीकरण त्यो बेलैदेखि हुन थालेको हो ।

हाम्रा सुरक्षित प्राचिन अभिलेखहरूमा पाइएको विवरणबाट वास्तवमा त्यो ऐतिहासिक कालमा भगवान् पशुपतिनाथलाई राष्ट्रदेवकै रुपमा आदर र सम्मान प्रदान गरिएको प्रष्टा हुन्छ । त्यसैको कारणले गर्दा समाजमा पशुपतिनाथको आदर, सम्मान र प्रतिष्ठा रहन पुग्यो । उनी साक्षात् छन्, उनी देवाधीदेव महादेव हुन्, आशुतोष हुन्, परम कल्याणकारी छन् भन्ने लोकधारणाका त्यो बेलादेखिनै कायम भएर आएको हो । प्रत्येक ऐतिहासिक कालमा यहाँ धार्मिक कृत्यहरू गरिएको पाइन्छ । अर्कोतिर राजाप्रजा सबैले समान रुपबाट आदर र सम्मान गरेको पाइन्छ । हिन्दूधर्म अन्तर्गत वैदिक मतमा मूर्ति, मठ मन्दिर पूजनीय र अराध्यस्थल मानिदै आएका छन् । त्यसैले मानिसहरूको आस्था मूर्ति, मठ मन्दिरमा रहनु अस्वाभाविक होइन । विशेष खालका पर्व र उत्सवमा होस् वा यसै पनि त्यस्ता स्थलहरूमा श्रद्धा भक्तिले जाने चलन हिन्दू धर्ममा सामान्य छ ।

हाम्रो प्राचिनतम गरुडपुराणमा पशुपतिलाई महान् तीर्थको रुपमा चर्चा गरिएको पाइन्छ । यसबाट पशुपतिनाथको मन्दिर रहेको पशुपति क्षेत्र तीर्थस्थलको रुपमा परापूर्वकालदेखि नै प्रसिद्धि पाएको देखिन्छ ।[९] कुनै पनि ठाउँ धार्मिक महत्व र जनआस्था नभईकन तीर्थस्थल नबन्ने सामान्य प्रचलनलाई हेर्दा प्रसिद्ध तीर्थस्थल बन्न लामो पृष्ठभूमिको आवश्यकता पर्ने कुरालाई स्वतः प्रष्ट छ । लिच्छवि कालदेखि नै पशुपति मन्दिर रहेको क्षेत्र धार्मिक सद्भावले सम्पन्न उल्लेखनीय स्थलको रुपमा विकसित बन्ने काम भयो । अत्यन्त धार्मिक प्रवृत्ति र धर्मप्रति श्रद्धा भएका उदार हृदयका व्यक्तिहरूले मठ मन्दिर, स्तुपा, चैत्य जस्ता धार्मिक महत्वका साधनास्थलहरू बनाउने परम्परा थियो । यस्तै व्यक्तिहरूको योगदानबाट पाटी, पौवा, धर्मशाला, सत्तल, ढुङ्गेधारा, टुटेधाराहरूको स्थापना भएकाले पनि पशुपति क्षेत्रले पवित्र तीर्थस्थलको रुपमा विकसित हुने अवसर पाएको हो भन्न सकिन्छ । धार्मिक साहित्यमा तिनको चर्चा गरिएको छ । लेखनका क्रममा अलौकिक प्रसङ्गहरू पनि क्रमशः जोडिँदै र थपिँदै गएका हुन सक्छन् । ती प्रसङ्ग पढेर र सुनेर पनि उदारमना व्यक्तिहरूले आफनो समेत कीर्ति राख्ने उद्धेश्यले मठ मन्दिर र पाटी पौवाको निर्माण गर्दै गएका हुन् । जसको प्रमाण आजसम्म पशुपति परिसरमा देख्न पाइन्छ ।

श्रद्धाभक्तिपूर्वक एकपटक मात्र पनि जसले पशुपतिनाथलाई दर्शन गर्दछ त्यो पशुपाशबाट मुक्त हुन्छ हुन्छ भन्ने धार्मिक विश्वास रहेको छ । शुद्ध-अशुद्ध जस्तो भए पनि पशुपति रूपी शङ्करको दर्शन गऱ्यो भने जन्म जन्मान्तरदेखिको शरीर, मन, बचन र कर्मले गरेका पापकर्महरू नाश हुन्छन् भन्दै भक्तिभावले मन्दिरको प्रदक्षिणा गरी दर्शन गर्ने गरिएको छ । यसरी दर्शन गर्दा शिव स्वरुप होइन्छ र सबै किसिमका यज्ञ, उपवास र हजारौं अश्वमेघ आदि गरेर पाइने पुण्य पशुपतिको एकै दर्शनले पाउन सकिन्छ भन्ने धारणा अहिलेसम्म पनि जनमानसमा कायम रहेको छ ।

पशुपति परिशर भएर बगिरहेकी बागमती (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-६) नदीलाई शिवगङ्गा मानिन्छ । यिनलाई गङ्गाभन्दा सयौं गुणा उत्तम मानिएको देखिन्छ । पापकर्ममा निर्लिप्त भएका महापातकीले पनि बागमतीमा नुहाए भने उसको मृत्युपश्चात् ऊ शिवलोक जान्छ, नामै

---

[९] गोविन्द टण्डन, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन**, काठमाडौं ( श्री झरेन्द्र शम्सेर ज.व.रा. तथा श्रीमती मञ्जु राणा, )वि.सं. २०५३, पृ. १९९ ।

लिँदा पनि सम्पतिवान् बन्दछ, त्यहाँको जल लियो, नदीमा चोपलियो भने त जुनी नै तर्दछ भन्ने जस्ता धार्मिक विश्वासको उल्लेखहरूले बागमतीको महत्व बढाउने काममा ठूलो भूमिका खेलेको छ । हाम्रा प्राचिन धर्मशास्त्रहरूमा तीर्थको दर्शन, स्पर्शन र पूजनलाई सामान्य धर्मकै रुपमा लिने गरिएको छ । धार्मिक जात्राहरूले जीवनका असङ्गतिहरू तथा कुप्रवृत्तिहरू निराकरण गर्न सहयोग पुऱ्याउँछन् भन्ने दृढ विश्वास हिन्दू सनातमा अत्यन्त बलियो ढङ्गले रहेको पाइन्छ ।

हाम्रो सामाजिक जीवनका अनेक पक्षहरूबाट पशुपति क्षेत्रलाई महत्व दिने चलन प्राचीन कालदेखिनै रहँदै आएको छ । पवित्र पशुपति मन्दिरको परिशरमै रहेको बागमतीको घाटमा दान दिए पुण्य प्राप्त हुन्छ भन्ने जनविश्वास छ । यही पवित्रस्थलमा प्राचिन कालमा आफ्नो पतिको देहावसान भएपछि पतिको लाशसँगै उसकी पत्नी सती जाने गरेकी थिइन् । कैयौं रानीहरूले यहीँको चितामा आफ्नो जीवित शरीर खरानी बनाएको कुरा इतिहासमा उल्लेख छ । जीवनको अन्तिम अवस्थामा ब्राह्मणलाई जग्गा दान दिने चलन पनि पाइन्छ । असाध्य रोगबाट पीडित व्यक्तिको स्वास्थ्यलाभका उद्देश्यले दानदक्षिणा आदिका साथै अन्य धार्मिक विधि विधान, श्रद्धा विश्वाससाथ पूजाआजा गर्ने प्रचलन पहिलेदेखि नै रह्यो । उपयुक्त कार्यहरूलाई नकारात्मक दृष्टिकोणले हेर्नेहरूले अन्धविश्वास सिवाय कही होइन भन्लान्, तर समाजले गरेको विश्वास र आस्थालाई प्रस्फुटित गराउने काममा ती कार्यहरूको पनि नेपाली संस्कृतिमा आफ्नै स्थान रहेको कुरा स्मरणीय छ ।

धार्मिक महत्वले ओतप्रोत भएको बागमती तथा पशुपति मन्दिरको सन्निकटताले गर्दा आर्यघाट वरपरको क्षेत्रलाई अरु धार्मिक कार्यहरू बाहेक अन्तिम संस्कारका लागि पवित्र ठाउँको रुपमा लिइएको पाइन्छ । धार्मिक तीर्थस्थलको रुपमा पशुपतिक्षेत्रले पाएको महत्वको कारण नै मृत्युपछि गरिने अन्तिम संस्कार पशुपतिको पवित्र आर्यघाटमा गराउने परम्परा आरम्भ भई अहिलेसम्म पनि सुचारू छ ।

पशु र पाशबाट जीवलाई मुक्त गराउने आराध्यदेव पशुपतिनाथ हुनुभएको तथा परम पवित्र बागमती नदीका कारण पशुपति मन्दिरको सान्निध्यका घाटहरूको बढी नै महत्व रहन गएको प्रष्ट हुन्छ । आर्यघाटलाई पावन, पुण्यदायक र मोक्षदायिनी मानेर जीवनको अन्तिम घडीमा यहाँ ल्याउने परम्परा नै बसिसकेको छ । कति मानिसहरूले आफ्नो इहलीला आर्यघाटमा विसर्जन गर्ने इच्छा परिवारलाई

सुनाउने गर्दछन् । त्यसकारण पनि अन्यत्र कतै परलोक भएको भए पनि पशुपति आर्यघाटमा ल्याएर अन्तिम संस्कार गर्ने प्रचलन कायम हुँदै आएको छ ।

उपत्यकामा वर्षात नभई खडेरी परेका बेला पशुपतिनाथको पूजा गराउने चलन रहेको थियो । पशुपतिमा आषाढ महिनामा सम्पन्न हुने त्रिशूलजात्रा पनि एक किसिमको पानी माग्ने जात्रा नै हो । शताब्दीयौँदेखि नेपाल र नेपालीले आदरकै कारण अहिलेसम्म पशुपतिनाथ प्रतिको भक्तिमा सनातन हिन्दू धर्म संस्कृतिका अनुयायी नेपालीहरू वर्ण, जात र सम्प्रदायको सीमाभन्दा माथि उठेर समान रुपमा नतमस्तक हुन्छन् । यसरी हिन्दू सनातन संस्कार र सामाजिक जीवनमा पशुपतिको महत्तम र निकटतम सम्बन्ध, आचार विचार एवम् संस्कार जोडिदै आएको छ ।

### ३.२ पशुपति क्षेत्रको सांस्कृतिक परिचयः

किराँतकालदेखि पशुपति क्षेत्रमा बसोवास गर्दै आएको कुरा इतिहास, धार्मिक, पौराणिक विभिन्न अध्ययनबाट थाहा पाएको छ । पशुपति क्षेत्र एक पुरानो धार्मिक, पौराणिक तथा विभिन्न जातिका मानिसहरूको वस्ती बस्दै आएको र उनीहरूले मान्दै आएका धर्म, उनीहरूले चलाउँदै आएका विभिन्न सामाजिक साँस्कृतिक परम्परागत जा जात्राहरू पनि त्यही अनुरूप विभिन्न किसिमका देख्न र पाउन सकिन्छ ।

पशुपति क्षेत्र (ग्वल) यानी देवपाटनमा वैशाख महिनादेखि चैत्रसम्म मात्र त्यहाँका बस्तीहरूले मान्दै आएका र चलाउँदै आएका बस्ती भन्दा बाहिरका बस्तीहरूले पनि बनाउँदै आएका र चल्दै गरेका धेरै जात्राहरू मनाउने समेत गरिएको देखिन्छ ।

त्यो बस्ती यानी देवपातन (ग्वल) यस्तो बस्ती वा यस्तो क्षेत्र हो, जहाँ विभिन्न प्रकारका यानी हिन्दू र बौद्धको संमिश्रण भएका जात्राहरू पनि देख्न सकिन्छ । हिन्दू र बौद्ध धर्मावलम्बीहरूले मनाउने जात्राहरूमा विशेष जात्राहरू अक्षय तृतीया, सिठी नख, त्रिशुल जात्रा, गंगामाई जात्रा, घण्टा कर्ण, सोमवार महादेव व्रत, चठा, गाईजात्रा, गङ्गामाइ जात्रा, गाईजात्रा, खड्गजात्रा, रोपाई जात्रा, कृष्ण जात्रा, जनै पूर्णिमा, इन्द्र जात्रा, तीज, उपाको वनेगु, नौरथा (दशै), नाङ्गाचा प्याख, गणेश जात्रा, नौ दुर्गा

जात्रा, बाला चर्तुदशी, छायाँ दर्शन, माधव नारायण, गुहेश्वरी जात्रा, शिपरात्री, नम्साल भगवती जात्रा, दुदु प्याच्याँ, बसला जात्रा, पिगन जात्रा, फिटा गुढी आदि पर्न आउँदछन् ।

## ३.३ पशुपति क्षेत्रको धार्मिक महत्वः

किरात कालदेखिको पशुपति क्षेत्र (ग्वल) को सामाजिक अवस्था कस्तो थियो भन्ने बारे केही प्रमाणित भएका र केही अध्ययन गरिएको पाइन्छ जुन किराँतकाल, लिच्छविकाल हुँदै मल्लकालसम्म आइपुग्दा त वस्ती बढ्दै जाने क्रम तिव्र भयो । आधुनिक कालसम्ममा त नेवारी वस्तीमा अरु थप विविध जातिको बसाइँ पनि बढी नै बढेको पाउन सकिन्छ । बसाइँ विविध जातिहरूको भए पनि सबैले पौराणिक कालदेखि परम्परागत रुपमा चल्दै आएका सामाजिक रीतिरिवाज, समाजमा सबै एक साथ बस्दै आएको र सवैले जात्रा मात्र मान्ने, मनाउने, सहयोग, सम्मान आजसम्म पनि एकै ढिक्का देख्न सकिन्छ ।

परम्परादेखि चल्दै आएका संस्कृति मान्ने एकातिर छ भने अर्कोतिर पशुपति क्षेत्र (ग्वल) विविध धार्मिक, ऐतिहासिक, जात्रैजात्राले भरिएको स्थान भएको हुनाले त्यहाँको सामाजिक अवस्था पहिलैको परम्परालाई मान्ने जतन गर्ने, संस्कार बचाउने, संस्कृतिलाई बचाउने, नयाँभन्दा पनि परम्परालाई कायम राख्ने सामाजिक अवस्था देख्न सकिन्छ ।

समाजमा पशुपति (ग्वल) मा विभिन्न जातिका मानिसहरूको वस्ती छ । जसमा जात अनुसार कार्यविभाजन परम्परा थियो तर आजभोलि त्यस कुरामा आर्थिक अवस्था तल माथि, जीविका चलाउन गाह्रो हुँदै गएका कारण त्यहाँका बस्तीका मानिसहरू जातीय परम्परा कार्यभन्दा पनि आफ्नो तजवीज कार्यमा लाग्न थालेको देख्न सकिन्छ ।

जातीय अनुसारको कार्य भन्नाले- जात्रा चलाउने, जात्रा व्यवस्थापन, पशुपति क्षेत्रमा हुने कार्यहरू जातीय अनुसार कार्य विभाजन थियो र आजभोलि त्यो देख्न सकिँदैन । यस पशुपति क्षेत्र (ग्वल) मा रहेका विभिन्न टोलहरूमा पनि विभिन्न जातिका मानिस बस्दछन् । टोलैपिच्छे पनि जात्रा मनाउने चलन यस क्षेत्रमा प्रचलित छ । टोल-टोलबाट आफ्नो परम्परा झल्कने जात्रा मनाउने चलन आजसम्म यथावत देख्न सकिन्छ ।

धेरैजसो नेवारी जातिका मानिसहरूको वस्ती भएको हुनाले नेवारी परम्परा, संस्कृति आजसम्म पनि बचाएर राखेको पाउन सकिन्छ । जस्तो सिठी नखलाई ठूलो चाडको जात्राको रूपमा मनाउने चलन छ । भोज गरेर एक आपसमा एकजुट भएर भोज गर्ने, खाने, खुवाउने चलन आजसम्म पनि यथावत् देख्न सकिन्छ तर परम्परागत भोज भए पनि अलि अलि आधुनिकताले छोएको पनि हामी देख्न सक्छौं । आधुनिकताको प्रभावले जताततै छोएको अवस्थामा यो क्षेत्रलाई पनि किन नछोओस् त ।

प्राचीन कालदेखि नै पशुपतिनाथको मन्दिर प्रख्यात रहेको छ । लिच्छविकालदेखि अहिलेसम्म पशुपतिनाथ बारे जानकारी गराउने सामग्रीहरू पाइने गरेको छ । हाम्रो सामु लिच्छविकाल देखिका त्यस सम्बन्धी उल्लेखहरू गरिएका सामग्रीहरू प्रशस्त छन् । हाम्रा सुरक्षित प्राचिन अभिलेखहरूमा पाइएको विवरणबाट वास्तवमा त्यो ऐतिहासिक कालमा भगवान् पशुपतिनाथलाई राष्ट्रदेवकै रुपमा आदर र सम्मान प्रदान गरिएको प्रष्ट हुन्छ । धार्मिक महत्वले ओतप्रोत भएको बागमती तथा पशुपति मन्दिरको सन्निकटताले गर्दा आर्यघाट वरपरको क्षेत्रलाई अरु धार्मिक कार्यहरू बाहेक अन्तिम संस्कारका लागि पवित्र ठाउँको रुपमा लिइएको पाइन्छ । पशुपतिमा आषाढ महिनामा सम्पन्न हुने त्रिशूलजात्रा पनि एक किसिमको पानी माग्ने जात्रा नै हो । किरातकालदेखि पशुपति क्षेत्रमा बसोवास गर्दै आएको कुरा इतिहास, धार्मिक, पौराणिक विभिन्न अध्ययनबाट थाहा पाइएको छ । परम्परागत रुपमा चल्दै आएको संस्कृति मान्ने एकातिर छन् भने अर्कोतिर पशुपति क्षेत्र (ग्वल) विविध धार्मिक, ऐतिहासिक, जात्रैजात्राले भरिएको स्थान भएको हुनाले त्यहाँको सामाजिक अवस्था पहिलेदेखिको परम्परालाई मान्ने, जतन गर्ने, संस्कार बचाउने, संस्कृतिलाई बचाउने, नयाँभन्दा पनि परम्परालाई कायम राख्ने सामाजिक अवस्था देख्न सकिन्छ । धेरैजसो नेवारी जातिका मानिसहरूको वस्ती भएको हुनाले नेवारी परम्परा, संस्कृति आजसम्म पनि बचाएर राखेको पाउन सकिन्छ ।

# चौथो अध्याय
# पशुपति क्षेत्रमा मनाइने जात्रा पर्वहरू

## ४.१ परिचय

पशुपति क्षेत्रमा वर्षभरि मनाइने जात्रा तथा पर्वहरू गरी झण्डै ३५ वटा जति रहेका छन् । ती पर्वहरूका बारेमा अगाडि पनि चर्चा परिचर्चा गरिएको छ । छ ऋतु, बाह्र महिनामा हिन्दूहरूले विभिन्न जात्रा पर्वहरू मनाउने गर्दछन् । सुख, शान्ति समृद्धि र दीर्घायुका लागि पर्वहरू मनाइने गरिन्छ । त्यसमा पनि हिन्दूधर्मका आराध्यदेव भगवान् श्री पशुपतिनाथ मन्दिरको पेरिफेरिमा रहेर मनाइने चाडपर्वहरूको बारेमा यस अध्यायमा उल्लेख गरिएको छ । ती पर्वहरू बागमती जात्रा, अक्षय तृतीया (सखरपानी पिउने), सिठी नख, त्रिशुल जात्रा, गङ्गामाई जात्रा, घण्टाकर्ण, सोमबार महादेव ब्रत, जनै पूर्णिमा, गुँला, गाई जात्रा, खड्ग जात्रा, रोपाई जात्रा, कृष्ण जात्रा, इन्द्र जात्रा, उपाको वनेगु (बामन जाजसी), चठा, तीज (हरितालिका), नौरथा (दशैं), नाङ्गाचा प्याख (पार्वती महादेव नृत्य),म्ह पूजा, यः मरि पुन्ही, गुहेश्वरी जात्रा,  गणेश जात्रा (चावहिल), नौ दुर्गा जात्रा, बालाचर्तुदशी, छायाँ दर्शन ( तिकिन्चा पूजा), माधव नारायण, शिवरात्री, श्री पिङ्गला माई जात्रा, पाहाँ चह्रे, दुदु च्याँच्याँ (बशला जात्राको निमन्त्रणा), बशला जात्रा, फिटा गुठी, नक्साल भगवती जात्रा, राम नवमी आदि छन् । उक्त पर्वहरूका बारेमा तल सामान्य रुपमा विश्लेषण गरिएको छ ।

## ४.२ बागमती जात्रा

बागमती जात्रा पौराणिक जात्रा हो । यो जात्रा बैशाख महिनाको कृष्ण पक्षको त्रयोदशीबाट शुरु भई १७ दिनसम्म चल्दछ र पूर्णिमाको दिनमा समाप्त हुन्छ । यो जात्रामा दक्षिणकालीको कटुहा गाउँदेखि बागद्वारसम्म परिक्रमा गरिन्छ । यस जात्रामा १२७ तीलगङ्गालाई पूजा गरिन्छ ।

वि. सं. २०४२ सालसम्म क्रमबद्ध रुपमा यो बागमती जात्रा प्रचलित थियो तर त्यसपछि नदी प्रदूषणको कारणले यो जात्रा त्यति चलेको छैन । आजभोलि फेरि नदी सफा भएर आएको हुनाले यो जात्रा फेरि शुरु हुन सक्दछ । नदी सफा भएन भने त स्नान गर्न सकिदैन, स्नानबिना यो जात्रा सम्भव हुँदैन । पाँचवटा नदी संगम भएर पञ्चनदी बन्दछ । पञ्चनदीमा बागमती, हर्ममती, मनुमती, विष्णुमती र रुद्रमती पर्दछ । यी पञ्चनदी टेकु दोभानमा आएर मिल्दछन् ।

यो जात्रा पशुपतिनेर बागमतीमा २ दिन मुख्य जात्राको रुपमा मनाइन्छ । बागमतीको पानी पानीमा हिँडेर जाने जात्रा भएकोले बागमती जात्रा भनिएको हो । १७ दिनसम्म नदीका छेउमा मन्दिर, पाटी

पौवामा बास बस्दै स्नान तथा पूजा गर्दै यो जात्रा मनाइन्छ । आधुनिकताले छोए पनि मुख्यतया जल प्रदूषणले गर्दा नै बागमती जात्रा चल्न नसकेको अनुमान गर्न सकिन्छ । पानी दूषित भएको कारणले यो जात्रा चलाउँदाखेरी स्नान गर्दा मान्छेको स्वास्थ्यमा असर पर्न सक्ने खतरा देखेर नै यो बागमती जात्रा रोकिएको हो भनेर मान्न सकिन्छ ।[१०]

## ४.३ अक्षय तृतीयाः (सखर पानी पिउने)

प्रत्येक वर्ष बैशाख तृतीयाको दिनमा अक्षय तृतीया पर्दछ । अक्षय तृतीयामा जे धर्म गरिन्छ त्यो अक्षय भएर रहन्छ भन्ने विश्वास यरिन्छ । अक्षय तृतीयामा धर्मधत दान गर्ने (धर्मको लागि दान) चलन छ । बाटोमा आवतजावत गर्ने यात्रुहरूको लागि पानी या सरबत दान गर्ने प्रचलन यस अक्षय तृतीयामा छ । गाउँघरतिर भने यस यस दिन पानी खुवाउने चलन छ । नेपालमा खास गरी धार्मिक आस्था राख्ने भएकाले यस दिनमा पानी दान गर्ने चलन छ । बैशाख जेष्ठ महिना गर्मीको याममा पानी दान गरेर धर्म मान्ने चलन देख्न सकिन्छ ।[११]

## ४.४ सिठी नख

विक्रम संवतको पात्रोमा जेष्ठ उज्ज्वल पाक्षिकको छैटौँ दिनमा नेवार समुदायको सिठी नख पर्दछ । यस दिन राम्ररी सफाइका साथ खाना पकाउने र विभिन्न परिकार बनाई खाने गरिन्छ । जैशीदेवल, काठमाडौंमा भगवान् शिव र पार्वती, भक्तपुरमा देवीको छोरा प्रभु कुमारले चिनिने देवी देवतालाई पूजा आजा गरिन्छ । यो दिन कुलदेवताको वार्षिकीको अन्तिम दिन पनि हो । कुमार र गणेश र भगवान् शिव र पार्वतीका छोराहरू हुन् । कुमार अत्यन्त सुन्दर देवता मानिन्छन् । उनको बाहन मयुर हुन् । खानेकुरा खुब मन पराउने गणेशको टाउको हात्तीको जस्तो र सुँढ सहित ठूलो पेट छ । उनको वाहन भने मुसा छ ।[१२]

---

[१०] मदन भट्ट : २०७०।१०।११ मा लिएको अन्तरवार्ता ।

[११] मुकुन्दप्रसाद शर्मा : २०७०।९।२० मा लिएको अन्तरवार्ता ।

[१२] रञ्जितकार, सिद्धि बी.: (२००९), सिठी नख, सिद्धि बी रञ्जितकार, डट कम ।

यी दुवै गणेश र कुमार भगवान शिव र पार्वतीबाट वरदान प्राप्त गर्न चाहन्थे । शिव र पार्वतीले उनीहरूलाई सुमेरु पर्वत परिक्रमा गरी फर्केर आएपछि मात्र वरदान दिने कुरा बताए । आफ्ना आमा बाबुको आज्ञाले उनीहरू मध्ये मयुर वाहन भएका कुमार कैलाशबाट त्यही मयुरमा चढी बाहिर निस्किए । उनी निस्किएपछि सानो मुसो वाहन भएका गणेशले चाहिँ मेरो लागि सुमेरु पर्वतभन्दा पनि ठूला मेरा आमाबाबु शिव र पार्वती नै हुनुहुन्छ । म ता तपाइँहरूकै परिक्रमा गर्दछु । सुमेरु पर्वतको परिक्रमाका निम्ति निस्कनु मलाई आवश्यक छैन । मुसाले दिएका सल्लाह बमोजिम गणेशले यसो भनेका थिए । गणेशले शिव पार्वतीकै परिक्रमा गरी वरदानको पहिलो हक प्राप्त गरेका थिए । त्यसै बेलादेखि कुनै पनि कामको आरम्भमा गणेश भगवान्को पूजा गर्न थालिएको हो । कुमारले चाहिँ आफ्ना आमाबाबुले नै आफूलाई न्याय नगरेको महसुस गरे ।

नेवार समुदायका मानिसले ढुङ्गामा खुदी र घरको मुख्य ढोकामा अष्ठदल कमलको फूल रूपमा स्थापित गर्ने गरेका छन् । प्रभु गणेशका लागि पहिलो भेटी चढाउने गरिन्छ । जेष्ठको उज्ज्वल पाक्षिकको छैटौँ दिनमा नेवार समुदाय सिठी नखको ग्वारको, जैशीदेवल आसपासमा प्रभु कुमारका लागि, चार दिन सिठी नखको तिहार अघि, सिठी देवको मूर्ति ल्याएर मञ्चमा सजाएर राखिन्छ । त्यसरी सजाइएको मञ्चमा मूर्तिलाई वार्षिक अनुष्ठानका क्रममा स्नान गराइन्छ । पवित्र पानीले मूर्ति सफा गरिन्छ । त्यसपछि, मूर्तिमा दही, घिउ, मह, चिनी र गाईको दूध चढाइन्छ । यी पाँच वस्तुलाई पाँच अमृत मान्ने गरिएको छ ।

भगवान् कुमारको मूर्तिमा चढाएर बगेको यी सबै पाँचै वस्तुहरू सङ्कलन गरी परमेश्वरको आशिष र प्रसादको रूपमा वितरण गरिन्छ । आवश्यक परेको भए मूर्तिहरूको मर्मत र सम्भार पनि यही वार्षिक अनुष्ठान स्नानकै क्रममा गर्ने गरिएको छ । त्यसपछि परिचर गहना र कपडाले मूर्तिलाई सजाइएको हुन्छ । अन्य गाउँहरूदेखि स्थानीय मानिसहरू पनि सिठीनखमा भेटी अर्पण गर्न आएका हुन्छन् । भेटीका साथै नियमित प्रसाद अतिरिक्त चामलको पीठो बनाइएको हुन्छ । विभिन्न सिमी र केराऊ आदि पनि हुन्छ । त्यसपछि, त्यही दिन, सुसारेहरू सार्वजनिक भेटी प्राप्तिका लागि सार्वजनिक ठाउँमा पूर्णतया सजाएर लगिन्छ । साँझमा भक्तहरूले काँधमा बोकेर मन्दिरमा लगिन्छ । बोकेर देवीको वार्षिक दर्शनका लागि दरबारमार्ग हुँदै तलेजु देवीको मन्दिरमा लगिन्छ । तर, कुमारलाई भने अर्कै मन्दिरयुक्त खटमा

बाजागाजा बिना मन्दिरतिरको यात्रा चलाइएको हुन्छ । भगवान् कुमारको श्रद्धा गर्ने यो अर्को विशेष कुरा हो ।

देवीदेवताहरूको लागि कुनै पनि अन्य घराना विपरीत कुमारका लागि एक परिचर महिला हुन्छिन् । कुमार भगवान् पनि भगवान् शिवकै छोरा हुन् तर उनलाई गङ्गामा छाडिएको विश्वास गरिन्छ । भनिन्छ सिक्स ऋषि (पवित्र मानिसहरूलाई) जीवनसाथी भेट्टाए । ऋषि महिला उनलाई दूध खुवाउन चाहन्थिन् । त्यसैले, कुमार एक छ टाउके देवता हुन् भनिन्छ । उनलाई पनि कार्तिकेय नामले पनि पुकारिन्छ । भगवान कुमारलाई पनि ईश्वरीय सेनाको प्रमुख र ईश्वरीय योद्धा मानिएको छ । पुराण अनुसार उनले तारकासुर भनिने राक्षसको वध गरेका थिए । नेवार समुदाय यस दिन ग्वारकोमा रहेकी देवी चण्डेश्वरीको मन्दिरमा बिहान सबेरै भक्तहरू पुग्दछन् र प्रसाद चढाउँछन् । साँझमा भक्तजनले खटमा राखिएको मन्दिरमा देवीको मूर्ति राखेर त्यसैगरी पूजा आजा गर्दछन् । यसै दिन नेवार समुदाय आफ्ना इनारहरू सफा गर्छन् । यसै अवधिसम्ममा मनसुन वर्षा अझै आरम्भ भएको हुँदैन ।

वार्षिक भेटी वैशाखको उज्ज्वल पाक्षिकका दिन पर्दछ । यसलाई अक्षतृतिया पनि भन्ने गरिएको छ । तेस्रो दिन शुरु हुन्छ र विक्रम संवतको पात्रो अनुसार जेष्ठको छैटौं दिनमा समाप्त हुन्छ । यो वार्षिक भेटी बनाउने अवधि एक महिनाभन्दा अलि बढी हुन्छ ।

नेवार समुदायले प्रत्येक वर्ष दुष्ट आत्माहरूबाट सुरक्षाका लागि अभिभावक देवता वा देवीबाट आशिष ग्रहण गर्ने दिनका रूपमा लिने गरेको छ । आफ्ना संरक्षक देवता वा देवीको वार्षिक भेटीलाई एकदमै स्मरण गर्दछन् । प्रत्येक समुदायका आफ्ना अभिभावक देवता वा देवीहरू हुन्छन् । धातुको पातामा काटेर दुई इन्च त्रिकोणीय प्वाल चित्रण गरिएको हुन्छ । तसर्थ, सिठी नख, सिठीदेव र देवी चण्डेश्वरीका साथ साथै विशेष गरी इनारहरू, पानीका अन्य स्रोतहरूको सफाईका दिनको रूपमा यस दिन नेवार समुदायका लागि एक महत्वपूर्ण दिन हो ।

## ४.५ त्रिशुल जात्रा

नेपालमा जस्तो देवताहरूको सम्मानमा गरिने अद्वितीय चाड अन्त छैन । बासिन्दाहरूको अपहरण, कष्ट, दुःख दिने भूत प्रेत तथा दानवबाट मानिसहरूको विजयको सम्मानमा मनाइने जात्रा विशेष नै त्रिशुल जात्रा हो । एक तान्त्रिक पुजारीको सहायताले गर्ने गरिएको छ । मानिसलाई दानवले दुःख दिएको छ, आफ्ना छोराछोरीलाई कब्जा गरेको छ, भने त्यसबाट मुक्ति पाउनका लागि यस जात्राको आयोजना गर्ने गरिएको छ ।

काठमाडौंको उत्तरपश्चिममा रहेको उच्च भाग नागार्जुन वनमा दुखदायी भूत वा दानवको वासस्थान रहेको विश्वास गरिन्छ । त्यसैले, देउपाटनका मान्छे हरेक वर्ष यो पर्व मनाउने गर्दछन् । यस दिन स्थानीय मान्छे देवीहरूलाई ससाना रथमा राखी दुष्टात्मा छोराछोरीलाई प्रतिनिधित्व गर्दै प्रतीकात्मक लास सार्वजनिक गरिन्छ र तान्त्रिक पूजारीका साथमा दाहसंस्कारका लागि लैजाने गरिन्छ । तान्त्रिक पूजारीले भूत पिछा गर्दै भगाउने गर्दछन् । यो पर्व मान्छेका छोराछोरीलाई निल्ने दुष्टात्मालाई बदला लिने पर्व पनि हो । बैशाख महिनामा पूर्णचन्द्रका दिन जीवित देवी कुमारीका लागि भेटी बनाउने गरिन्छ । पूजारीहरू बच्चाहरूमा भूत आत्माहरू आह्वान गर्न तान्त्रिक संस्कार गरिन्छ । दुष्टात्माको प्रतिक बनाएका छोराछोरीलाई सम्बन्धित विभिन्न गरगहना देखाउने, भूत आत्माहरूको प्रतीक पाँच बच्चाहरूको पहिचान गराइन्छ । असोज महिनाको औंशी पक्षको आठौं दिन, भूत सन्तानको भूमिकामा रहेका छोराछोरीको चयन भएको मितिले एक महिनापछि यो पर्व मनाइन्छ ।

पर्वको दिन दिउँसो, स्थानीय मानिसहरू आर्यघाट नजिकै रहेको देवी बत्लेश्वर मन्दिरमा जान्छन् । त्यहाँ राक्षसको प्रतिनिधित्व गर्ने एक रथ बनाइएको हुन्छ । भूत लागेको बालक प्रतिनिधित्व गर्ने जस्तो नै स्थिति राख्न एक राक्षस बालिका प्रतिनिधिलाई अर्को रथमा बोकिन्छ । स्थानीय जनताको अर्को समूह भूत लागेको प्रतिनिधित्व गर्ने बालकसहित रथ तयार हुन्छ । पहिलो रथ केटा जस्तो नै स्थितिमा रहन्छ । त्यसपछि, दुबै रथहरू बोकेर स्थानीय मानिसहरू बटलेश्वर मन्दिरबाट एक र बैराधरदेखि जयबागेश्वरीमा तयार गरेको तेस्रो रथ सामेल हुन्छ । (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-७)

त्यही समयमा, देवी भुवनेश्वरी मन्दिरमा, स्थानीय मानिसहरू आफ्नो योगको तान्त्रिक पुजारी आदरका लागि नेवारी भाषामा 'मु' (हंस) भनिने सुगन्धित फूल बाहिर बन्धुदत्त अचाजु भनिने तान्त्रिक पुजारीले प्रतीकात्मक लाश तयार पारेको हुन्छ । देउपाटनदेखि भूत भगाइन्छ । भगवान विष्णुको प्रतिरूप पत्नी आशा (अम्मोनी) को तान्त्रिक पुजारीले प्रतीकात्मक लास लगि टाउकाको जोडी हुन्छ । एक लास खटमा काँचो बाँसको बाहिर बनेको हुन्छ । सुगन्धित फूल र अम्मोनी बाहिर बनेको लास खटमा हुन्छ । यो एक वास्तविक मानिसको लास जस्तै बनाइएको हुन्छ । त्यसपछि, लाशलाई साटन कपडाले ढाकिएको हुन्छ । चारजना मान्छे लाश बोक्न खटिएका हुन्छन् । स्थानीय मान्छेले जयवागेश्वरीदेखि सिफलसम्म ती रथलाई बोकेर लैजान्छन् । विभिन्न परम्परागत बाजागाजाले ती रथहरूको अगुवाइ गरेको हुन्छ । पुरुष युवाहरू र वयस्कहरूले भूत बासका लागि उनलाई आफ्नो क्रोध व्यक्त गर्दै आपत्तिजनक शब्दहरूको प्रहार गर्ने चलन छ । एकै छिन् रथहरूलाई सिफलमा बिसाइन्छ । तर यो बेला पनि बाजगाजा बजाउन भने छाडिन्न । युवाहरू आपत्तिजनक शब्दहरू भन्दै कराइरहेका हुन्छन् । केही समयपछि, परम्परागत बाजा फिर्ता हुन्छन् र स्थानीय मानिसहरूसँगै रथहरू पनि फर्काइन्छ ।[१३]

रथमा रहेका प्रतिनिधि बालक र बालिकाको यात्राको समाप्तिपछि, रथबाट बाहिर निकालिन्छ र तिनीहरूलाई राम्रोसँग भोज खुवाइन्छ । तिनीहरू फेरि सामान्य मानव सन्तान बन्दछन् । देवी भुवनेश्वरी मन्दिर, पुजारी, सुगन्धित फूल र तान्त्रिक पुजारी बन्धुदत्त अचाजु समर्पित एउटा अम्मोनी बाहिर प्रतीकात्मक लाशको विदाई समारोह हुन्छ । त्यसपछि, पुजारीले लाशदेखि अम्मोनी निकालेर अर्को वर्षका लागि त्यसलाई जतनसँग राख्छन् । यसरी यो पर्वको समाप्ति हुन्छ ।

## ४.६ गङ्गामाई जात्रा

यो जात्रा पशुपति बज्रधरमा रहेको रथमा गङ्गामाईलाई रथारोहण गरी गौशाला, देउपाटन जयवागेश्वरी हुँदै ताम्रेश्वर महादेवलाई परिक्रमा गरी पशुपतिनाथको मूलढोकामा ठोकाई पुनः वज्रघरमा पुगेपछि जात्रा सम्पन्न हुन्छ । यो जात्रामा स्वर्गमा रहेकी जलदेवी गङ्गाजीलाई पृथ्वीमा आउन आव्हान गरिन्छ । उक्त जात्रामा आकाशबाट वर्षा हुनै पर्छ भनी भन्दै आइएको छ । यो पशुपति देवपत्तनको आर्यघाटमा

[१३] रञ्जितकार, सिद्धि बी.: (२००९), त्रिशूल जात्रा, सिद्धिरञ्जित डट कम ।

रहेको गङ्गामाईको मन्दिरबाट गंगामाईको प्रतिमूर्ति बज्रघरमा राखिएको रथमा आरोहण गराई गौशाला हुँदै ताम्रेश्वर महादेवको परिक्रमा गराई पशुपतिनाथको मन्दिरलाई दर्शन गराई सकेपछि पुनः बज्रघरमा रथलाई पुऱ्याएपछि जात्रा सम्पन्न हुन्छ । यो जात्रा भलभल अष्टमीको चौधौं दिन अर्थात सप्तमीको दिनमा गरिन्छ । यो बर्ष यस रथको गजुर तथा छाना नयाँ बनाइएको छ । भष्मेश्वर महादेवः यो स्मसान घाटमाथि रहेको (त्रिशुल र हनुमान रहेको डबली)मा भगवान बिष्णु नर्तकीको रुप धारण गरी भष्मासुर दैत्यलाई भष्म गरेको स्थान पनि भनिँदै आएको छ ।[१४] (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-८)

## ४.७ घण्टाकर्ण (गठामुग्गल)

नेपाली किसानलाई विशेष गरी नेवार गठामुग्गल भनिन्छ । साउन महिनाको चौधौं दिनमा उपत्यकामा गठामुग्गल पर्व मनाइन्छ । नेवार किसानहरूले गठामुग्गलका रूपमा दानवको आत्माबाट जोगाई आफूलाई सशक्त बनाउने परम्पराको विकास गरेका छन् । यो एक प्रकारले कृषि चाड पनि हो । त्यसैले, विशेष आम नेवार किसानहरू उत्साहित भएर यो चाड मनाउँछन् । यो पर्वमा अन्न (खेतमा धान रोपाइँको समाप्तिपछि मनाइन्छ । त्यसैले, किसानहरू मनोरञ्जनका लागि समय निकालेर यो चाड मनाउने र आनन्द लिने गर्दछन् ।

गठामुग्गल चाडपछि मौसम खुल्छ । वास्तवमा भन्ने हो भने, यो पर्व पनि, मनोरञ्जनको मौसममा पर्दछ । साउनको महिनामा पर्ने यस पर्वलाई भलभल अस्टमी भनिन्छ । आठौं दिन भण्डारण गरेका बाजाहरू झिकिन्छ । यस कृषि मौसममा दिनको भरिको कामपछि धेरै थकित हुनुपर्ने समय हुँदैन । किसानहरू धान रोपाइँपछिको मौसममा मनोरञ्जनमा संलग्न हुन्छन् । विश्वास के गरिन्छ भने यो चाड भूत भगाउन आउँछ । त्यसैले, यो वाद्ययन्त्रको सबै किसिमको भण्डारण र भूत भगाउन भूत आत्माका लागि बाजाहरू बजाइन्छ ।

[१४] रञ्जितकार, सिद्धि बी.: (२००९), गङ्गामाई जात्रा, सिद्धिरञ्जित डट कम ।

असारको महिनामा नेवार किसानहरू धानको रोपाइँमा व्यस्त हुन्छन् । किसानहरू धानको रोपाइँको थकानपूर्ण काममा खटेका हुन्छन् । त्यसैले, तिनीहरूको कठिनाइमा मदत गर्ने एक सौम्य भूत पुकारा गर्ने परम्पराका रूपमा पनि यसलाई लिने गरिएको छ । यो एक प्रकारको भूतको निमन्त्रणा वा अनुष्ठान प्रदर्शन पनि हो । भात पकाउने गरेको भाँडोमा गठामुग्गल बसेको विश्वास गरिन्छ । यो दानवको आत्मा हो भनिन्छ । पुरानो काठमाडौं शहर वरिपरि हिँड्ने र उसलाई यी ठाउँहरूमा बास गर्ने गरेको विश्वास गरिन्छ । यही राक्षसी आत्मादेखि बासिन्दाको रक्षा गर्न सबै दोबाटोमा बस्छन् भन्ने विश्वास गरिन्छ । गठामुग्गलको भूतआत्मा कृषि मौसमको अवधिमा किसानहरूको शरीर मा प्रवेश गर्छ । किसानहरूको शरीरमा बसोबास गरेको भूतात्माले आत्मा क्षेत्रमा काम गर्दछ र थकित रही बिना तदारुकताका साथ र कुशलताका साथ काम गर्नमा किसानहरूलाई बल दिन्छ भन्ने विश्वास गरिन्छ । त्यसैले, किसानहरू आफ्नो सामान्य क्षमताभन्दा बढी काम गर्न सक्छन् र तिनीहरू दुष्टात्मालाई खुवाउन आवश्यक ठान्छन् । तर, किसानहरू अन्य दुष्टात्मालाई घरमा राख्न चाहँदैनन् । त्यसैले, ती कुनै कुराहरू शरण लिने र तिनीहरूलाई घर आउँदै दुष्ट आत्माहरू डराउँछन् । गठामुग्गलको पर्वपछि हरियो पात र चारा घर ल्याइन्छ ।

भलभल अष्टमी पछिको आठौं दिन, नवदुर्गा मण्डली अवकाशमा जान्छिन् र नियमित रूपमा मात्र दशैं तिहारपछि कामको लागि जीवनमा फिर्ता आउँछिन् । उनी भक्तपुरको ब्रम्हायनी मन्दिर नजिकै बगिरहेको पानीले स्नान गर्छिन् भनेर विश्वास गरिन्छ । त्यसैले, नेवार समुदायको कुनै पनि धान रोपाइँ पछिको समयमा पानी प्रदूषित, र गठामुग्गल पर्वको दिनदेखि आफ्नो परम्परागत बाजाहरू बजाउने गरिन्छ । काठमाडौं उपत्यकामा रहेका गठामुग्गल पर्वपछि रोपाइँ निषेध गरिएको छ । त्यसैले, किसानहरूले गठामुग्गल पर्वको अघि अन्न (बिरुवा) रोप्ने कार्य पूरा गरिसकेका हुन्छन् । काठमाडौं उपत्यकाको जलवायु गठामुग्गल पर्वपछि शान्त र तापमानमा उच्च हुँदैन । त्यसैले, गठामुग्गल पर्वपछि अन्न खासगरी धानको रोपाइँ व्यर्थ हुनेछ ।

यस पर्वको दिन साँझमा चउरमा एक विशेष पकवान तयार गरिन्छ । गठामुग्गल पर्वको दिन, केटीहरूले सुतीले बनाएका आफ्ना पुतली (गुडिया) सङ्कलन गरी गठामुग्गलको पुतला बनाउँछन् ।

गुडियाको श्रृङ्खला तयार गरी पुतला वरिपरि राख्छन् र आफ्नो गुडियालाइ बिदा गर्छन् । तिनीहरू पनि गठामुग्गल पर्वपछि दुष्टात्मा गुडियामा शरण लिन पुग्छन् भन्ने विश्वास गरिन्छ ।

सबै परिवारका सदस्यहरू गठामुग्गल पर्वको बिहान, हजुरबा हजुरआमा प्रत्येक परिवारको सदस्यको लागि फलामको एक औंठी किन्छन् । तिनीहरूले चौराहा ती छल्लेसँग जाने र प्रतीकात्मक पुतलामा गठामुग्गलको घेरा छोएर भूतआत्मा छल्ले प्रदान र त्यसपछि लुगा लगाउने परिवारका सबैलाई एक औंठी वितरण गरिन्छ । तिनीहरूले दुष्टात्माबाट सुरक्षित भइनेछ भन्ने विश्वास गर्छन् । तिनीहरूले रोशनीको पर्वसम्म फलाम छल्ले लगाउने गर्दछन् । तब, तिनीहरूले दुष्टात्माका गतिविधिहरू हराउँछ भन्ने विश्वास गर्छन् । काठमाडौंमा युवाहरूले ससम्मान गठामुग्गल पर्वको समारोह प्रदर्शन गर्न खर्चका लागि प्रत्येक टोलमा सडकमा डोरी टाँगेर पैसा सङ्कलन गर्ने गरिन्छ । प्राचीन नेपाली शासकहरूले राम्रो तरिकाले गठामुग्गल पर्व मनाउनका लागि यस दिनमा गठामुग्गलको नाममा टोलमा रकम सङ्कलन गर्ने अधिकार दिएका थिए ।

काठमाडौं, भक्तपुर, ललितपुर, पोखरा र हेटौंडामा यो चाड मनाउने विभिन्न तरिकाहरू छन् । एक जना मानिसलाई माटोको कचौरामा दही र चपटे चामलसँग उसलाई खुवाइन्छ । साधारणतया, नेपाली दहीसँग कुनै खुवाउन र अन्तिम इच्छा रूपमा माटोको कचौरामा चामल खुवाइन्छ । युवावर्ग टोलमा पैसा सङ्कलन गर्दछन् । मानिसले ताजा हरियो नर्कटका एक एक मुठा पनि दिन्छन् । बटुलेको नर्कट लिएर पुतला सहित यो समाप्त गर्न नजिकैको नदी तटमा लगिन्छ । सबैले नदीको पानीमा नुहाउँछन् र भूत विदा गरी विजयी मुद्रामा घर फिर्ता आउँछन् ।

भक्तपुरमा गठामुग्गल पर्व मनाउन प्रत्येक टोलका समुदायको सदस्य पुतला बनाउन स्वेच्छाले श्रम वा नगद सहयोग दिन्छन् । प्रत्येक टोलमा मान्छेको एउटा टाउको रूपमा चित्रित माटोको भाँडोमा गहुँ, परालको पुतला बनाउँछन् । माटोको भाँडो एक भूतको अनुहार रंग र रौं राखेर यसलाई रूख जराले र गहुँ पराल प्रयो गरेर बनाइएको हुन्छ । गठामुग्गलको यस्तो पुतला बनाउन केही स्वयंसेवीहरूलाई लगभग एक दिन लाग्छ । साँझमा, युवाहरू एक छडी गहुँ परालको राँको बनाउँछन् । प्रत्येकले गठामुग्गल जाने बाटो देखाउन यस्तो मशाल बाल्छन् । एक वा दुई जना पुरुष दाहसंस्कारको लागि

काँधमा पुतलाको आकारलाई बोक्छन् । तिनीहरूले आफ्नो गन्तव्यमा पुग्न मनोरञ्जन गर्दै बाटोमा पुतला नचाउँदै हिँड्छन् । गन्तव्यमा पुगेपछि गठामुग्गलको पुतला जलाइन्छ । त्यसपछि, सबैले नजिकै धारामा नुहाउँछन् र देवीदेवताहरूको नाममा छलफल गर्दै घर फिर्ता आउँछन् । गठामुग्गल पर्वको रात, एक तान्त्रिक पुजारी माटोको कचौरामा राखिएको आफ्नो रोजाइको पकवान भोजसँगै सबै दुष्ट आत्माहरू भगाउने संस्कार गर्दछन् । पुजारीले यस माटोको भाँडो वरिपरि सबै दुष्ट आत्माहरू राखी विभिन्न तान्त्रिक ध्वजासँग माटोको कचौरामा सबै दुष्ट आत्माहरूलाई बाँधी तान्त्रिक प्रसादको समाप्ति गरिन्छ ।

## ४.८ सोमबार महादेव ब्रत

श्रावण महिना हिन्दुपात्रो अनुसार पाँचौं महिना हो । श्रावण वर्षको अति पवित्र महिना मानिन्छ । साउने सोमबार भनेर चिनिने यस महिनाको प्रत्येक सोमबार पवित्र पानीले स्नान गरिन्छ । यस दिन शिव मन्दिरको एक विशेष दिन हो । भक्तहरू बेल पात र फूल लिएर सूर्यास्तसम्म पूजा गर्छन् ।

यो श्रावण महिनामा रुद्राक्ष लगाउनु अत्यधिक शुभ मानिन्छ । श्रावण महिनाको सोमबार विशेष मितव्ययितासँग मनाइन्छ । यस दिन भगवान शिवको पवित्र दिन पनि हो । सबै सोमवार शिव उपासना समर्पित गरिन्छ । अन्य महिनाको कुनै अन्य सोमवार यति धेरै सम्मानित हुँदैन ।[१५]

## ४.९ जनै पूर्णिमा (क्वाँटी पुःनी)

मुख्य गरी ब्राह्मण तथा क्षेत्रीहरूले मनाउने यो पर्व नेवारी समुदायका राजोपाध्याय तथा बज्राचार्यहरूले पनि मनाउँछन् । भण्डार तहबिलले तयार पारेको जनैलाई पशुपतिका मूल भट्टले विशेष पूजा गरेर जनैपूर्णिमा आरम्भ गरिन्छ । यसै दिनमा नेवारी समुदायका मानिसहरूले क्वाँटी खाएर यो विशेष चाड मनाउँछन् । वोडे, सिमी, मस्याङ, चनालाई एक दिन अगाडि भिजाउने र कसौडीमा पहिले चाहिनेजति पानी हालेर तताउने र पानी उम्लीसकेपछि भिजाएको गेडागुडीका साथसाथै बेसार अनि केराउको कोसा, हरियो बकुलोको गेडा, हरियो छ्यापीलाई काटेर हाल्ने गरिन्छ । त्यस्तै गरी लैसी (मुलाको टुसा) पनि हाल्ने र गेडागुडी आधा पाकेपछि त्यसमा पिनेको अदुवा, लसुन, नुन, जिरा धुलो, खुर्सानी धुलो

[१५] मुकुन्दप्रसाद शर्मा : २०७०।९।२ मा लिएको अन्तरवार्ता ।

राखेर पुनः पकाउने र गेडागुडी सबै पाकिसकेपछि अन्तमा तोरीको तेलमा छ्यापी फुराएर क्वाँटीमा झानिन्छ ।

यसरी बनाइएको क्वाँटी त्यस दिन घरमा हुने मानिसले दिनभरी नै खाएर यो चाड मनाउने गर्दछन् । नौ थरी गेडागुडी भिजाएर टुसा आएपछि विशेष तरीकाले पकाएर खाने परिकारलाई क्वाँटीपुन्ही भनिन्छ । यो क्वाँटी खानाले शरीरमा गर्मीको सन्तुलन आउने, मन स्वच्छ हुने, दिमागमा स्फूर्ति बढ्ने, शक्ति बढेनुको साथै पेटलाई पनि राम्रो बनाउँछ भन्ने मान्यता रहेको छ । (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-१३)

## ४.१० गुँलाः

पशुपतिनाथ पनि हिन्दू र बौद्ध धर्म मान्नेहरूका साझा देवता हुन् । गुँला पर्व नेपाली बौद्ध धर्मावलम्बीहरूले श्रावण महिनामा एक महिनासम्म मनाउने गर्छन् । यस पर्वमा बौद्ध धर्मावलम्बी नेवारी समुदायका मानिसहरू हरेक बिहान बाजागाजासहित पशुपति क्षेत्रको परिक्रमा गर्छन् । नौ बाजाहरूमा धाः, धिमे, नगरा, नायखिँ, दमखीँ, दवहव, मृदङ्ग, घोघोचार, कवचाखि कजाएर बुद्ध विहारको परिक्रमा गरिन्छ । (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-१४)

## ४.११ गाईजात्रा

पशुपति क्षेत्रमा मनाइने जात्राहरूमा गाईजात्रा प्रमुख पर्व हो । यो पर्व राजा प्रताप मल्लले उनको छोरा गुमाउँदा आफ्नी रानीले असाध्यै पीर गरेपछि रानीलाई चित्त बुझाउनका निम्ति गाईजात्रा आरम्भ गरेको मानिन्छ । रानी आफ्नो प्यारो छोराको सम्झनामा दिनरात शोकमा डुबेर लगभग मानसिक स्थिरता हराएको अवस्थामा पुगेपछि आफ्नी रानीलाई हाम्रो मात्र होइन थुप्रै मानिसका सन्तानहरू मरेका छन् भनी देखाउन राजाले आफन्त मरेका सहरभरिका सबै जनतालाई भेला हुन आदेश दिएका थिए । आफ्ना आमाबाबु गुमाएका छोराछोरी गुमाएका थुप्रै मान्छे उपस्थित भएपछि रानीलाई शान्त्वना प्राप्त भएको थियो ।

पशुपति क्षेत्रमा गाईजात्रा तीन दिन मनाइन्छ । पशुपति क्षेत्रमा रहेका दथु टोल, नवाली टोल र तिलगङ्गाबाट छुट्टाछुट्टै तीन समूहमा गाईजात्रा निकालिन्छ । (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-९)

## ४.१२ खड्गजात्रा

पशुपति क्षेत्रमा मनाइने जात्राहरूमा खड्गजात्रा पनि प्रमुख जात्रा हो । यहाँ खड्गजात्रा धुमधामसँग मनाइन्छ । खड्गजात्रामा हातमा खड्ग लिएर बाजाको तालमा नाच्दै पशुपति क्षेत्र परिक्रमा गरिन्छ । वर्षभरिमा आफन्त बितेको घरको मानिस शरीरमा विभिन्न प्रकारका लुगाहरू झुन्ड्याएर हातमा खड्ग लिएर लाखेको पछिपछि हिँड्छन् । यो जात्रा हेर्नका लागि पशुपति क्षेत्रका टोलहरूका साथै काठमाडौँका विभिन्न क्षेत्रबाट मानिसहरू आउँछन् । (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-१०)

## ४.१३ रोपाइँ जात्रा

पशुपति क्षेत्रमा मनाइने जात्राहरूमा रोपाइँजात्रा पनि प्रमुख मानिन्छ । धुमधामसँग मनाइने यस जात्रामा बाटामै धानको बिउ रोप्दै रोप्दै बाजाको तालमा नाच्दै पशुपति क्षेत्र परिक्रमा गरिन्छ । वर्षभरिमा आफन्त बितेको घरको मानिस नेवारी भेषभूषामा लाखेको पछिपछि हिँड्छन् । यस जात्रामा महिलाहरू पनि सहभागी हुन्छन् । पुरुषले खनेको र जोतेको अभिनय गर्ने र महिलाले रोपेको अभिनय गर्ने यस जात्रामा महिलाले खन्ने र रोप्ने मानिसलाई अन्टीबाट प्यालामा रक्सी दिएको अभिनय पनि गर्छन् । यस जात्रामा पनि दर्शनार्थीहरूको ठूलो जमघट हुन्छ । (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-११)

## ४.१४ कृष्ण जात्रा

कृष्ण जात्रा पनि पशुपति क्षेत्रमा मनाइने जात्राहरूमा प्रमुख मानिन्छ । कृष्णअष्टमीमा धुमधामसँग मनाइने यस जात्रामा सगुन लिएर ताम्रेश्वर मन्दिर परिक्रमा गरी कृष्ण भगवान्लाई खटमा राखी कृष्ण जात्रा मनाउन आरम्भ गरिन्छ । यस जात्रामा धेरैजसो महिलाको सहभागिता देखिन्छ । खटमा राखिएको कृष्णलाई बाजागाजा सहित पशुपति क्षेत्रमा परिक्रमा गराइन्छ । यो जात्रा पशुपति टोल र नवाली टोलबाट छुट्टाछुट्टै निकालिन्छ । (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-१२)

## ४.१५ इन्द्रजात्रा

पशुपति क्षेत्रमा वर्षभरि मनाइने जात्रामा इन्द्रजात्रा लिङ्गो ठडाएर पूजा आजा गरी मनाइन्छ । यस जात्रामा खटको प्रयोग गर्ने चलन पशुपति क्षेत्रमा पाइँदैन । यस जात्रामा पशुपति क्षेत्रको नजीक डबली, पशुपति टोल र सङ्गत टोलमा लिङ्ग गाडिन्छ र त्यस लिङ्गलाई नै पूजा गरिन्छ । यसरी परम्परागत इन्द्रजात्रा मनाउँदै आएको पाइन्छ ।

## ४.१६ उपाको वनेगु

अरु परम्परागत जात्राहरू जस्तै 'उपाको वनेगु' पनि एक महत्त्वपूर्ण जात्रा मान्न सकिन्छ । 'उपाको वनेगु'लाई नेवार समुदायमा अत्यन्त महत्त्वपूर्ण जात्राको रुपमा लिइन्छ । यस जात्राको मुख्य उद्देश्य मृतकहरूको चीरआत्मा शान्तिका लागि मनाउनु हो । यसमा परिवारका सम्पूर्ण सदस्यहरूको समान सहभागिता रहेको हुन्छ ।

परम्परागत आधारमा 'उपाको वनेगु' जात्रा भाद्रशुक्ल द्वादशीको मध्यरातदेखि बिहान तीनचार बजेसम्म मनाउने गरिन्छ । यस जात्रामा आफ्ना बन्धुवान्धवहरू जम्मा भएर मृतकको सम्झनामा सतविज छर्ने गरिन्छ । 'उपाको वनेगु' जात्रा सञ्चालन र मनाउनका लागि रकम, जिन्सी तथा जे जति चाहिने सामानहरू सबैले किनमेल गरिन्छ र त्यस सामानलाई टोलको एकै ठाँउमा जम्मा गरिन्छ । यस जात्रा सकिएपछि भोलिपल्ट सबै मिली भोज खाने प्रचलन छ ।

'उपाको वनेगु' जात्राको सुरुवात गर्ने बाटो आफ्नै छ । यस जात्रामा टोलका सबै मानिसहरू जम्मा भई बाजागाजा र बत्तीसहित जाने गरिन्छ ।

## ४.१७ चठा पर्व

यो चठा पर्व पनि नेवार समुदायमा निकै प्रचलनमा आएको पाइन्छ । चठा भदौ महिनामा मनाइन्छ । यसमा नित्यनाथ पूजा, चन्द्र, सूर्य, तथा गयोशको पूजाआजा गरिन्छ । यो पर्व तीजको लगत्तै मनाइन्छ । यस चठामा नौ थरी गेडागुडी तथा सागसब्जी मिलाएर पूजा गरिन्छ । नौ थरी गेडागुडीमा

मकै, भटमास, सिमी, सानो केराऊ, ठूलो केराऊ, चना, गहूँ, गेडामास, हरियो मास आदिबाट पूजा गरिन्छ । यो रातीको समयमा चन्द्रमातिर हेरेर काँक्रो, मुलालाई राखेर पूजा गरिन्छ ।

## ४.१८ तीज (हरितालिका)

भाद्र शुक्ल तृतीयाका दिन तीज (हरितालिका) चाड मनाइन्छ । खास गरेर यो चाड महिलाहरूले विशेष गरि मनाउने गर्छन् । हाम्रो देश शिवपार्वतीको देश हो । शिव शक्तिको देश हो । शिवपार्वतीको देश भएको हुनाले मनकामना, गुहेकालीको पनि देश भएको हुनाले यहाँ थुप्रै शिवपार्वतीका चाडपर्वहरूको परम्परा रहेको छ । तिनै मध्येमा शिवजीको वर्त, शिवजीले गरेको चाडपर्व हरितालिका तीज हो । पार्वतीले शिवजीको वर्त गरेर परम्परा बसालेको दिन आज पनि नारीहरूले शिवजीकै वर्त बसेर शिव जस्तै आदर्शवान पति पाउने उद्देश्यले मान्दै आइएको छ । भाद्रशुक्ल तृतीयाका दिन यो वर्त बसिन्छ । यो वर्तमा नारीहरूले अघिल्लो दिनमा एक छाक खाएर वर्त बसिन्छ । आजकाल दर खाने चलनमा बिकार आएको छ । अघिल्लो दिन एक छाक खाएर भोलिपल्ट पूरा निराहार बस्ने चलन छ । यसमा शिवपार्वतीको आराधना गरिन्छ । शिवजीलाई प्राप्त गर्नको लागि पार्वतीले वर्त बसेकी थिइन् । यो वर्तको नाम हरितालिका हो ।[१६]

## ४.१९ दशैँ (नौरथा)

दशैँ नेपाली हिन्दु धर्मालम्बीहरूको महान् चाड मानिन्छ । दशैँलाई विभिन्न नामले उच्चारण पनि गरिन्छ जस्तो दश सँगम, दुर्गा पूजा र नवरात्रि आदि । पशुपति क्षेत्रमा पनि दशैँ चाड धूमधामसँग मनाइन्छ । यस चाड शुरु हुने केही दिनदेखि नै घर आँगन लिपलाप गर्ने, सरसफाइ र खाने लाउनेको व्यवस्थातिर मानिसहरू लाग्दछन् । यस दशैँ चाडमा सबै परिवारका सदस्यहरू एकै ठाँउमा जम्मा भएर मनाउने गरिन्छ । सधैँ झगडा हुने व्यक्तिहरू पनि यस दशैँ चाडमा शान्तिको भावना बोकेर मेलमिलाप गर्दै एकै साथ बसेर चाड मनाउँछन् । दशैँको पहिलो दिनलाई घटस्थापना भनिन्छ । यस दिनमा पशुपति बागमती नदीको बालुवा घरमा ल्याई जमरा उमार्नको लागि मकै र जौ छरिन्छ ।

[१६] मुकुन्दप्रसाद शर्मा : २०७०।९।५ मा लिएको अन्तरवार्ता

नौ दिन नै पशुपति क्षेत्रका मानिसहरू मध्ये रातमा उठेर देवदेवताहरूको दर्शन गर्न हिँड्छन् । यसरी पुरै नौ दिनै मध्ये रातमा घुम्मे प्रचलन पाइन्छ । दशैंको मुख्य उत्सव भने सातौ दिनबाट शुरु हुने चलन पाइन्छ । सप्तमीको दिनलाई फूलपातीको दिन पनि भनिन्छ । फूलपातीको दिनमा पशुपति क्षेत्रमा अलि बढी नै भीडभाड देख्न सकिन्छ । त्यस्तै गरी महाअष्टमीको दिन र महानवमीको दिन भवानी दुर्गाको महत्त्वपूर्ण पूजा गरिन्छ । यस दिनमा पशुपति क्षेत्रको विभिन्न मन्दिर, पीठहरूमा विशेष पूजा गरिनुको साथै अण्डा, हाँस, कुखुरा, राँगो र बोका आदिले बलि दिइन्छ ।

यसरी नेवारी समुदायमा नवमीको दिन कुछि भ्वय् (परिवारिक भोज) पशुपति क्षेत्रमा मनाइन्छ । नेवारी जातिहरूमा आफ्ना कुलका परिवार एकसाथ बसेर भोज गरी खाने, रमाइलो गर्ने चलन पाइन्छ । यसपछि दशैंको मुख्य दिन आफ्ना आफ्ना मान्यवरकहाँ टीका थापेर आर्शीवाद माग्ने दिने गरिन्छ । विशेष नयाँ लुगा लगाई मान्यवरकहाँ टीका लगाउन जाने आउने गरिन्छ । यसरी टीका थापेर हिँड्ने काम चाहिँ पूर्णिमाको दिनसम्म जारी रहन्छ र पूर्णिमा पछि यो विशेष दशैंको चाड अन्त्य हुन्छ ।

## ४.२० नाङ्गाचा ग्याखँ

पशुपति क्षेत्रको जयबागेश्वरी चोक, नवाली टोलको ताम्रेश्वर महादेव, नाग ग्याखँ सिफल, पशुपति देवपत्तनको बासुकी भट्टको घरअगाडि, पशुपति मूलभट्टको घरआँगनमा, राम मन्दिर, राजराजेश्वरी र गुहेश्वरीमा नाङ्गाचा ग्याखँ (महादेव पार्वतीको नृत्य) नाँच तीन दिनसम्म नचाइन्छ । यसमा महादेवको आफ्नै छुट्टै खालको परम्परागत शैलीको मुकुट लगाएर नृत्य गरिन्छ भने पार्वती पनि केटीको पोशाकमा परम्परागत शैलीको जामा, घङ्गला सहित नृत्यमा साथ दिइन्छ । यो नाँच राती नाँचिन्छ । यस नाँचमा मृदङ्ग बाजाको मुख्य तालको भूमिका भए पनि साथमा अरू बाजाहरू पनि बजाइन्छ र चिलाख (लट्ठीमा कपडा तेलमा भिजाएर बेरेर बालिन्छ) । यस नाङ्गाचा ग्याखँ हेर्न दर्शनार्थीहरूको ठूलो जमघट हुन्छ । (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-१६)

## ४.२१ म्हपूजा

दशैं महान् चाड सकिएको लगत्तै तिहार शुरु हुँदा बिचमा नेवार जातिहरूको वर्ष फेरिन्छ । नेपाल संम्बत् म्हपूजाको दिनमा पर्दछ । पशुपति क्षेत्र ग्वःल पनि एक साँस्कृतिक बस्ती तथा नेवारहरूको बस्ती भएको हुनाले यो चाडलाई महत्त्वपूर्ण चाडको रुपमा मनाउँदै आएको पाइन्छ । पहिलेदेखि चल्दै आएको

म्हपूजाले टोल बस्तीमा यानि पशुपति क्षेत्रमा पनि आधुनिकता छोइसकेको भान पाउन सकिन्छ । किनकि मोटरसाइकल, मोटर र्‍याली त छँदै छ त्यसमा पनि र्‍यालीमा आएका सवैलाई अण्डा,मासु, माछासहित टीका लगाएर सगुन दिने चलनको साथसाथमा ठूलो मण्डला बनाउने, मूल ढोकाहरू बनाएर सजाउने क्रमले त यो नेपाल संम्वत् साह्रै झकीझकाउ भएको पाउन सकिन्छ । राती बत्ती नै बत्ती बलेको अवस्थामा साह्रै रमाइलो, रङ्गीचङ्गी मनमोहक टोल, बस्ती, घरघर, बाटोघाटो देख्न सकिन्छ ।

म्हपूजा भनेको आफ्नो शरीर पूजा गर्नु हो । नेवारहरूको आफ्नो शरीर पूजा गर्ने, चोखो हुनु पर्ने परम्परा अनुसार बेलुकी पखदेखि म्हपूजाको आराम्भ गर्ने प्रचलन छ । यसरी मण्डल बनाएर, मण्डपमा फलफूल, खानेकुरा, नैवेद्य चढाई बत्ती, धूप बालेर पूजाआजा गर्ने चलन छ । पूजा गर्दा सबैजना भन्नाले मान्यवरदेखि सानासम्म क्रमबद्ध बसेर पूजा गरिन्छ । नेवार जातिहरूमा नेपाल संम्वत् एवं म्हपूजा विशेष पूजा मानिन्छ ।

## ४.२२ यःमरि पुन्ही

मङ्सिर महिनाको पूर्णिमाका दिन यो पर्व मनाइन्छ । नेवारी समुदायका मानिसहरूले चामलको पिठोबाट तयार पारिएको रोटी खाएर यो चाड मनाउँछन् । चाकु र खुवा राखी मम पकाएजस्तो गरी पकाउने यो परिकारलाई यःमरि भनिन्छ । यःमरि पुन्हीलाई एक पर्वको रुपमा नेवार समुदायले मनाउँदै आएका छन् र यस पर्वलाई नेवार समुदायले ज्यापु दिवसको रुपमा पनि मनाउँदै आएका छन् । यसलाई प्राकृतिक वर्गको पर्व पनि भनिएको पाइन्छ । यस यःमरि पुन्ही पर्वलाई समूह समूह बनाएर घरघरमा गएर यःमरि मागेर खाने चलन यथावत छ ।

## ४.२३ गुह्यश्वरी जात्रा

गुह्यश्वरी एउटा शिद्ध विद्या हो । यो चाहिँ शिवको पाँच वटा मुखमध्येमा एउटा मुख उत्तरा आमाबाट उत्पन्न भएकी देवी हुन् । यिनी कालीका ९ वटा रुपमध्ये एउटा रुप हो । गुह्यश्वरी तान्त्रिक विधामा बढी प्रयोग हुन्छिन् । तान्त्रिक विधाहरू जुन साधना गरिन्छ त्यसमध्ये धेरैजसो मानिसहरूलाई के थाहा छ भने दक्षिणकालीलाई बढी प्रचार प्रसारमा ल्याइएको छ । काली साधना गर्ने विधा मध्येमा ९ वटा

विधामा गुह्यश्वरी विधा हो । यिनी गुह्य दिने भएको हुनाले गोप्य रुपमा रहेको धर्म, अर्थ, काम र मोक्ष यी चारैवटा पुरुषार्थ दिन सक्ने हुनाले यिनलाई गुह्यश्वरी भनिएको हो ।

विभिन्न कारण यिनको साधना गर्ने व्यक्तिहरूमा उसले जुन कुरा सहज रुपमा प्राप्त हुँदैन त्यो पनि गुह्यतम रुपमा कालीले सहज रुपमा प्रदान गर्ने भएकाले यिनलाई गुह्यश्वरी भनिएको हो र गुह्यकाली पनि भनिएको हो ।

जव सतीदेवी र महादेव पार्वतीको संवादको क्रममा सतीदेवी रिसाएर माइती गएकी थिइन् । माइती गएकै बेला आफ्नो पतिको अपमान भएको देखेर उनी अग्निकुण्डमा हामफालिन् । हाम्फाल्ने पछाडि अग्निसमक्ष गइन् । उनको देहान्तपछि महादेवले तिनको शव बोकेर विभिन्न देश डुल्दै गए । देशान्तर डुल्दै जाने क्रममा उनको अङ्गहरू पतन हुँदैगयो । अङ्गहरू पतन हुने क्रममा जुन गुह्य अङ्ग झरेको ठाउँलाई पिठ भनिन्छ । जुन पिठमा शक्ति उपासना गर्ने ठाउँ भएकाले त्यस ठाउँलाई गुहेश्वरी भनिएको हो । गुह्य जातिहरूले उपासना गर्ने भएकाले उनको कूलदेवताको कारणले गुह्यश्वरी गुह्यकाली रहन गयो । तेस्रो कुरो जव मृगको रुप लिएर महादेव बसिरहेका थिए, ब्रह्मा विष्णुहरूले शिव मृगस्थलीमा सोध्दै जाँदा त्यो ठाउँमा मृगरुपमा शिव छन् भनेर बाटो देखाउँदा आफू चैँ विलिन हुँदा जुन ठाउँमा प्वाल बन्यो त्यो ठाउँमा गुह्यश्वरी भएको हो भनिन्छ । जुन प्वाल ठूलो शक्तिको रुप बनेको हो, त्यही ठाउँलाई गुह्यस्थान भनिन्छ ।

यथार्थमा प्रत्येक वर्षको मङ्सिरको मार्ग कृष्णपक्षको नवमीमा गुह्यश्वरी जात्रा मनाइन्छ । यो जात्रा त्यहाँबाट निकालेर तलेजु भवानी (तुलसीका काली) सित समस्ती गराएर बाजागाजाका सहित कलश यात्रा गरेर गुह्श्वरी जात्रा मनाइन्छ ।

वास्तवमा चारवटा ठाउँ प्रसिद्ध छन् । एउटा पशुपति क्षेत्रमा अवस्थित गुह्यश्वरी, बालाजुमा रहेको गुह्यश्वरी जसलाई पुरानो गुह्यश्वरी भनिन्छ । अर्को भक्तपुर लोकन्थलीमा दिव्यश्वरी मन्दिर छ । यिनमा पनि गुह्यश्वरी छ । अन्य ठाउँमा कलश मात्र छ भने मूर्ति चाँहि यसै दिव्यश्वरी मन्दिरमा मात्र

छ । अर्को लक्ष्मी मन्दिर विशालबजारमा अवस्थित छ जहाँ गुह्श्वरीको स्थापना गरिएको छ ।[१८] (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-१५)

## ४.२४ चावहिल गणेशजात्रा

मङ्सिर महिनामा यो चावहिल गणेशजात्रा तीन दिनसम्म धूमधामसँग मनाइन्छ । चावहिल गणेशजात्रामा पहिलो दिन धुनी बालिन्छ र दोस्रो तथा तेस्रो दिन जात्रा मनाइन्छ । यस गणेशजात्रामा सबै टोलबासी जम्मा भएर भजन कीर्तन गर्ने चलन पनि देख्न सकिन्छ । चावहिल गणेशजात्रालाई खटमा राखी टोलटोलमा बाजागाजा सहित बिहानदेखि नै घरदैलोमा घुमाउने चलन देख्न सकिन्छ । यस तीन दिनमा आफ्ना नातेदार, इष्टमित्र सबैलाई डाकेर भोज खुवाउने प्रचलन पाइन्छ । भोजमा आएका परिवारहरूलाई चावहिल गणेशजात्राको दर्शन गराउने पनि चलन देख्न सकिन्छ । चावहिल गणेशजात्रामा चावहिल बजार झकिझकाउ पारेर भव्यरुपमा सजाएको पनि हामी देख्न सक्छौँ ।

## ४.२५ नवदुर्गा

पशुपति क्षेत्रमा नवदुर्गा जात्रा महत्त्वका साथ मनाइन्छ । यस जात्रामा भक्तपुरबाट नवदुर्गा भगवतीको पहिरनमा भक्तजनहरू पशुपति क्षेत्रमा आउने गर्दछन् । नवदुर्गाको मुकुट र पहिरन लगाई विशेष पूजाआजा गरेपछि देवी जागृत हुने र देवी जागृत भएपछि पशुपति क्षेत्रमा देवीको नृत्य देखाइन्छ । यो नृत्यलाई नवदुर्गा नाच भनिन्छ । यो नाच मुख्यतः तीन दिनसम्म देखाइन्छ ।

## ४.२६ बाला चतुर्दशीकाः

हाम्रो नेपाल संस्कृति सभ्यताले सम्पन्न देश हो । जहाँ बाह्रै महिना हरेक तिथि र हरेक बार कुनै न कुनै चाड कुनै न कुनै पर्व कुनै न कुनै वर्त रहेका हुन्छन् । यही साँस्कृतिक सभ्यताले गर्दा नेपाल सम्पन्न देश भएको छ । हामी आर्थिक रुपमा गरिव भए तापनि यही सभ्यताका कारण धनी भएका छौँ । यस सन्दर्भमा बाला चतुर्दशीको साँस्कृतिक महत्व नेपालमा ठूलो छ । यो मङ्सिर कृष्ण चतुर्दशीका दिन बाला चतुर्दशी मनाइन्छ ।

[१८] कमल योगी : २०७०।९।१५ मा लिएको अन्तरवार्ता ।

मङ्सिर चतुर्दशीको दिन पितृहरूलाई सम्भने दिन हो । श्रद्धाको दिन हो र कुनै कारणले अकालवश मृत्यु भएका र तिनको राम्रोसँग संस्कार नगरिएका वा अन्त्यष्टी नगरिएका र अन्तसंस्कार नगरिएका कुनै कारणले तिनीहरूले मुक्ति नपाएर वीचमा अड्किएकाहरूलाई मुक्त होउन् भन्नका लागि सबैले मिलेर सामुहिक रुपमा वर्त बस्ने गरिन्छ । धरापमा परेका मुक्त नभएका यहाँबाट निस्केर गएका मरेका तर स्वर्ग जान नपाएका मृतआत्माहरूलाई शान्ति दिन, तिनहरूलाई मुक्त दिन यो वर्त बस्ने गरिएको छ । कुनै जमानामा अघि बालासुर नाम गरेका व्यक्तिले मान्छेको मासु खाँदा त्यो पापी भएका कारणले त्यसलाई मारिएको थियो । त्यो मारिएको पनि मुक्त होस् जसले मारेको थियो त्यसको पनि मुक्ति होस् भन्नाका लागि तत्कालका राजाले चतुर्दशीको वर्त बस्ने प्रचलन चलाएका थिए । बाला चतुर्दशीमा पशुपतिको कैलाश क्षेत्रमा सतबीज छरिन्छ ।

सतबीउ प्राकृतिक दृष्टिकोणले र साँस्कृतिक दृष्टिकोणले महत्वपूर्ण छ । सतबीउ सय प्रकारका बीउहरूको सामुहिक नाम हो । यस सतबीउले एकातिर प्रकृति संरक्षणमा मद्दत गर्दछ अर्कोतिर पशुपति घुम्ने र धार्मिक क्षेत्रमा घुमेर धर्म आर्जन गर्दा खेरी मरेका मृआत्माहरूलाई पूर्ण मुक्ति दिने उद्देश्यले गरिएकाले निश्चय नै मरेका मानिसहरूले मुक्ति पाउने छन् । हामीलाई प्राकृतिक पर्यावरण जोगाउनका लागि वृक्षारोपण गर्नका लागि बीउ रोप्नका लागि बीउ जम्मा गर्नका लागि पनि यसले प्रेरणा दिने छ । यस किसिमको साँस्कृतिक र पर्यावरणीय महत्व बाला चतुर्दशीको ठूलो महत्व छ ।

यसबाट बालासुर त निश्चय नै मुक्त भयो । बालासुरलाई मार्ने उसको साथी पनि मुक्त भयो तर त्यो पछि आएका सम्पूर्ण पितृ पितामहहरू जसको मरण भएको थियो तिनीहरूलाई पनि तिनका सन्तानहरूले सम्भनु अत्यन्तै ठूलो कुरा हो । उनका राम्रा कामहरू, उनले दिएका देनहरू, उनका गुणहरू, अनुवाद गर्नु, बारम्बार सम्भनु, भन्नु, पुत्रपुत्री र सन्ततीहरूको एउटा कर्तव्य हो । त्यही कर्तव्यलाई पनि सम्भाउँदै यो वर्त गरिन्छ । आआफ्ना पुर्खाहरूलाई आफ्ना सन्ततीहरूले वर्त बसेर उनीहरूको लागि बत्ती बालेर बेलुकादेखि जागराम बसेर भोलिपल्टै बिहान कैलाश पर्वत घुमेर त्यहाँ सतबीउ छरेर भगवान्को दर्शन गरी पुण्य आर्जन गर्ने र मृआत्माहरूलाई मुक्ति लाभ दिने अत्यन्त राम्रो

साँस्कृतिक परम्परा भएको यो ठूलो चाड हो । अन्य प्रथा जस्तो लाग्दैन । यो बहुजातीय बहु साँस्कृतिक हिन्दूहरूले बढी मान्दछन् ।[१८]

## ४.२७ छायाँ दर्शन (तिकिन्चा पूजा)

शैव परम्परामा हरेक चतुर्दशीमा शिवको पूजा गर्ने चलन छ । त्यसैगरि माघ चतुर्दशीका दिनका नित्य पूजा गरेपछि महादेवलाई भगवान् बुद्धको रुपमा पूजा गर्ने गरिन्छ । पशुपतिनाथलाई छाँया दर्शन गर्ने चलन छ । यसमा बाँसको चोयामा तीन तल्ला पारेर बनाएको मुकुटमा पहेलो कपडाले ढाकी स्वर्ण मुकुटको अनुकरणमा पशुपतिनाथलाई पहिराइन्छ । यसमा तीन तल्ला बनाउनुको मतलब बुद्ध स्तुपहरू माथि बनाइएको छत्रको प्रतिरुप हो । भगवान् पशुपतिनाथलाई बुद्धको रुपमा उपासना गर्ने यस पर्वमा शैव र बुद्धको समन्वयको प्रकाश देखिन्छ ।

वास्तवमा भगवान् पशुपतिनाथलाई गर्वविवेक अन्तर्रालमा यस पर्वको जल भरिन्छ, सिङ्गमर्मरको माथि भरिएको जलमा भक्तहरूले पशुपतिनाथको छाँया दर्शन गर्दछन् । यो बेला पशुपतिमा बौद्धमार्गीहरूको पनि ठूलो जमघट हुन्छ ।

बौद्ध परम्परामाहरूमा र स्वयम्भू पुराणमा हेर्दाखेरी धेरैजसो बुद्ध र विरुपाक्षको कथा आउँदछ । विरुपाक्षको कथालाई लिने हो भने धेरै साधना गर्ने क्रममा, साधना गर्दा साधना प्राप्त गर्न नसक्दा भगवान् पशुपतिनाथसँग आग्रह गरे आफ्नो पापबाट मुक्त हुनको लागि आग्रह गर्दा भगवान् पशुपतिनाथले चैं तिमीले तताएर पगालेको फलाम छ, तामा छ त्यसलाई तिमीले खायो भने तिम्रो पापबाट तिमी मुक्त हुन्छौ भनेर भनेका थिए । विरुपाक्षले त्यो फलाम तताउँने क्रममा उनको आफ्नो अनुहार डडेर गएको थियो भनिन्छ ।

वास्तवमा भगवान् पशुपतिनाथलाई गर्वविवेक अन्तरालमा यस पर्वको जल भरिन्छ, सिङ्गमर्मरको माथि भरिएको जलमा भक्तहरूले पशुपतिनाथको छाँया दर्शन गर्दछन् । यो बेला पशुपतिमा बौद्धमार्गीहरूको पनि ठूलो जमघट हुन्छ ।[१९]

---

[१८] मुकुन्दप्रसाद शर्मा : २०७०।९।१६ मा लिएको अन्तरवार्ता

[१९] कमल योगी : २०७०।९।९ मा लिएको अन्तरवार्ता ।

## ४.२८ माधव नारायण

माधव नारायण विशेष गरी स्वस्थानी ब्रतसँग सम्बन्धित छ। माधव नारायण ब्रत एक महिनाको ब्रत हो । माघ कृष्ण औँसीको दिन पशुपतिनाथमा आएर परालमा बस्ने, परालमै सुत्ने माधवनारायणको भजन कीर्तन गर्ने गरिन्छ। विहान स्नान सङ्कल्प गर्दछन् । विहान सबैजना जम्मा भएर विशेष गरी शिवजीको ब्रत बस्ने चलन छ। यो ब्रत पूरा गर्न माधवनारायणको ब्रत राखिन्छ। शिवजी जस्तो राम्रो बर पाउनको लागि माधवनारायणको ब्रत बसिन्छ । त्यस्तै गरी पुरुषहरू पनि पार्वती जस्ती राम्री श्रीमती पाउन भनेर ब्रत बस्ने गर्दछन्। यो एक महिनाको ब्रतमा शुक्ल पक्ष र कृष्णपक्ष गरी दुईवटा पक्षको ब्रत हुन्छ।[३०]

## ४.२९ शिवरात्री

सबैभन्दा पहिलो कुरा के मानिन्छ भने जो सबशक्तिमान, सर्वव्यापक, सर्वज्ञ त्यो चाँही अयन्त शान्त छ, त्यसैले जो शान्त छ, जो वोध छ, जो अनन्त छ, त्यो रुपलाई चैं वास्तव मै शिव भनिन्छ । शिव ब्रम्हको प्रतिक हो , त्यो निराकार छ, त्यसलाई सम्पूर्ण दुःख, पीर,मर्का विसाउन सकिन्छ। जुन विसाउने ठाँय हो, त्यो अवस्था विशेषलाई हामी शिव भन्दछौं, त्यो व्यापक भएको हुनाले त्यसलाई ब्रम्ह पनि भनिन्छ। त्यो ब्रम्ह संगसंगै अर्को पला छ भने ब्रम्हलाई उपासना गर्ने संगसंगै के छ भने राती देवको रुपमा पूजा गरेको पनि पाइन्छ । रात्री भनेको शक्ति हो । त्यो आराधना गरेका ऋगवेदमा पाइन्छ । उपासना गरेको पनि पाईन्छ । रात्री भनेपछि देवीलाई सङ्केत गरिराखेको पाईन्छ । शिव र शक्तिको सङ्गम जुन रात हो त्यस रातलाई शिवरात्री भनिन्छ। शिवरात्री प्राय फागुन कृष्ण चर्तुदर्शीमा पर्दछ । हरेक चर्तुदर्शीमा शिव रात्री मनाइन्छ । तर फागुन चतुदर्शीलाई भने विशेष रात्रीको रुपमा मनाइन्छ । हुन त तन्त्रले दशवटा रात्री मान्दछ । ती मध्येमा शिवरात्री एउटा महत्त्वपूर्ण रात्री हो । जहाँ ब्रम्ह साधना हुन्छ, तन्त्र साधना हुन्छ। यो शिवरात्रीमा शिवको पन्चोत्रो उपचार गरिन्छ। शक्ति प्राप्त गर्न आराधना गरिन्छ।

बासबद्ध भनी बास मुक्त सदाशिव जो बासले बाधिएका हुन्छन् ती चाँहि पशु हुन् बासबाट मुक्त हुन्छ त्यो शिव हुन् । पशु र पशुपतिको बीचमा के फरक छ भने त्यसमा बासकोफरक छ । पशु के लाई

[३०] चेतनाथ निरौला : २०७०।९।९ मा लिएको अन्तरवार्ता ।

भनिएको हो भने जसलाई अष्ट पातले बाँधिएको छ यिनीहरू चैँ पशु हुन् । विभिन्न लज्जा, भय, तृष्णा बासहरूले बाँधिएको हुन्छ ती चैँ पशु हुन् त्यसलाई जीव पनि भनिन्छ । जुन जीवलाई बाँधिने चीज हो त्यसलाई बास भनियो । अनि जुन बासबाट मुक्त गर्न सकियो त्यो शिव भयो । जुन बासबाट मुक्त हुन सक्यो ती शिव हुन् । जुन बास दिने शक्ति नै शिवशक्ति हो ।

त्यो शिवशक्तिको मिलन मुलाधारमा रहेका कुण्डलीलाई विशेष साधना द्वारा जाग्रीत गरी शिवसित जुन हामी मिलन गराउँछन् त्यो मिलन गराइसकेपछि जुन घटना घटिन्छ त्यसलाई शिवरात्री भनिन्छ । तर त्यसको प्रतिकको रुपमा फागुन महिनाको कृष्ण चर्तुदर्शीलाई विशेष आराधना गर्ने दिन प्रतिकको रुपमा मानेर उपासना गरिन्छ । जुन तान्त्रिकहरूको निमित साधकहरूको निमित पनि धेरै महत्त्वपूर्ण राख्दछ । यसलाई साधना गरेर धेरै व्यक्तिहरूले मुक्त प्राप्त भएको घटनाहरू पनि छ । शिवरत्रीको दिन जानेर होस् वा नजानेर होस् जसले शिवलाई पानी चढाउँछ, जसले शिवलाई बेलपत्रहरू चढाउँछ उनीहरू मुक्त भएर जान्छ भनी भनिन्छ । त्यस मध्येमा एक शिकारीले शिकार खेल्दै जादाँ शिकार नपाएर दिनभरी, रुखमा बस्दाबस्दै पनि आफ्नो परिवारलाई शिकार लिएर जान नपाएपछि रुखमा बस्न जादाँ बेलको रुखमा बस्न गएको थियो । शिकार नपाएको शुरमा बेलको रुखबाट पात चडाउँदै फ्याक्दै गर्दै गर्दा संयोगले त्यो दिन शिवरात्री परेको थियो । पात फ्याक्दै गर्दा सबै पात शिवलिङ्गमाथि पर्दै गएको थियो । त्यो पात शिवलिङ्गमा प-यो जस्को प्रभावले सामान्य आराधनाले पनि शिव प्रकट भएर शिकारीलाई मुक्त दिएका थिए । सामान्य पूजाले पनि प्रकट हुने भगवान् शिव हो । दैत्यहरूलाई स्वर्ग जानको लागि शिवरात्रीलाई जसले बेलपत्र र जल चढाउँछन् तिनीहरू स्वर्ग जान पाउछन् भनिन्छन् । शिवरात्रीको मुख्य अर्थ हो आफू भित्रको शिवत्वलाई जागृत गर्नु हो । त्यो रात चैँ शिवत्व जागृत गर्ने रातको रुपमा पनि लिइन्छ ।

शिवमहापुराणमा उल्लेख गरे अनुसार, जव महाभारतको काण्ड भयो, त्यो बेला पाँच पाण्डवहरूले युद्ध सकिएपछि पाप मोक्ष गर्नको निमित्त केदारनाथमा तपस्या गर्न जाँदा एउटा राँगो निकिल्यो, त्यो राँगोलाई भीमले समात्न कोशिस गरियो, त्यो बेला राँगोले मुख लुकायो । समात्न खोज्दा समातियो जिऊ केदारमै छुट्टियो जव टाउको चैँ नेपाल ( पशुपति नाथ)मा आइपेगेको थियो । त्यो नेपाल आउँदाखेरी जुन शिर भाग हो त्यसलाई पशुपतिनाथ भएको कुरा स्पष्ट शिवमहापुराणमा उल्लेख

गरिएकोछ । जसले पृष्ठ भागको दर्शन गरिसक्छ त्यसले पछि शिरको भाग यानी पशुपतिनाथको दर्शन गर्नु पर्ने बाध्यता हुन आउँछ र पूरा धर्म होस् भन्नका लागि पनि पशसपतिनाथको दर्शन गर्न आउँछन् । यात्रा पूरा गर्न पनि नेपाल आउने गर्दछन् । हिन्दु धर्मालम्बीहरू कुनै पनि देशको सिमा नाघेर भएपनि पशुपतिनाथको दर्शन गर्न आउँछन् ।

हिम्मतखण्ड नेपाल आत्माले जसले शिवको उपासना गर्दछ, नित्य रुपमा शिव चाहि पशुपतिमा बस्दछ । पशुपति क्षेत्रलाई माथिबाट देखियो भने अष्ट कमलको रुपमा बसेको देखिन्छ ।[३१]

## ४.३० श्री पिङ्गला माई जात्रा (बज्रेश्वरी)

पशुपति भित्रको अर्को प्रसिद्ध जात्रा पिङ्गला माईको जात्रा पनि एक हो । यस जात्रामा पनि वत्सलेश्वली जात्राको जस्तै सुरुमा वलि दिने चलन रहिआएको छ । यस जात्रामा खासगरी कन्या र कुमारहरूलाई मिष्ठान्न भोजन खुवाउने चलन छ । यस जात्रामा तान्त्रिक विधिका माध्यमबाट १२ जनाको मण्डप लेखी विधि मुताविक मण्डपमा बसाउने चलन रहेको छ । नेवारी बाजा र पञ्चेबाजाको गुञ्जनबाट देवी देवतालाई खुसी पार्ने चलन छ ।

हरिजन टोलका हरिजनहरूले पिङ्गलामाई (बज्रेश्वरी) को प्रतिष्ठान गरी मूर्तिलाई लिएर विधि विधान मुताविक पूजा आजा गर्दै उत्साह र हर्षोल्लासका साथ चाडका रुपमा जात्रा मनाउने चलन छ ।

विहानको शुभ मुहूर्तमा हरिजनका गुठियारहरूले पालोपालो गरी टाउकोमा बोकी वाजागाजाका साथ पिङ्गला जात्रा मनाउने गरिन्छ । पिङ्गला जात्रा क्रमशः तिलगङ्गा, रामघाट, भकुंटोल, बालकुमारी, इटापाचोमा ल्याएर ध्वजापताका सहित खटमा राखी धुमधाम मनाउने चलन छ । रङ्गीविरङ्गी छाना ओढाइ शृङ्गारपटार सहित टोलटोलमा घुमाउने चलन छ । पशुपतिका विभिन्न टोल जयवागिश्वरी, नवाली, सिफल आदि स्थानमा खटलाई नचाई जात्रा मनाइने गरिन्छ । नवाली टोल, जयवागिश्वरी दयुटोल, पाचाटोल, लगनलाछीका वासीले दिएको पूजा ग्रहण गरी पशुपतिनाथको पश्चिम ढोकामा तीन पटक ढोग दिई खुवाई पशुपति मन्दिर प्रदक्षिणा गरी भकुंटोल पुऱ्याएर बज्रेश्वरी अगाडिको प्राङ्गणमा नाचको भावभङ्गीमा झल्कने गरी खट्लाई घुमाउने गरिन्छ । त्यही अगाडिको डबलीमा बिसाई समापन

[३१] कमल योगी : २०७०।९।९ मा लिएको अन्तरवार्ता ।

गर्न क्षमापूजा गर्ने परम्परा छ ।[३३] बज्रेश्वरीको जात्रा समापन नभए सम वत्सलेश्वरीको जात्रा प्रारम्भ गर्न नहुने परम्परा रहेको कुरा सुन्न पाइन्छ । त्यसैले बज्रेश्वरीको जात्रा समापन भएको समाचार पाउनासथ अमालकोट कचहरीबाट बाजागाजा सहति पशुपतिनाथका मूलपुजारीलाई श्री वत्सलेश्वरीको जात्रा शुभारम्भ गराइने कुरा परम्परामा आधारित छ ।

## ४.३१ पाहाँचह्रे

चैत्र चतुर्दशीका दिन उपत्यकामा पाहाँचह्रे धूमधामका साथ मनाइन्छ । यो विशेष प्राकृतिक विनाश, रोगको महामारी शुरु भयो भन्ने सङ्केत स्वरुप यो चाड मनाउने गरिन्छ । नेवार समुदायको नेपाल भाषाको अनुसार पाहाँको अर्थ भनेको पाहुना, अतिथि र चह्रेको अर्थ हो चतुर्दशी हो । पाहाँचह्रेमा लुकेको महादेव (लुकुमाद्यः)लाई पूजा गरिन्छ ।

प्राकृतिक विनाश भन्नाले हुरी, वतास, वर्षा इत्यादिबाट बच्नको लागि देवदेवतालाई राँगा, हाँस, कुखुरा, बोका, अण्डा आदि बलि दिएर पूजा गर्ने र आफ्ना अतिथि, पाहुना अर्थात् इष्टमित्र परिवारलाई बोलाएर भोज खुवाउने परम्परा आजसम्म पनि पाइन्छ र चल्दै आएको छ ।

## ४.३२ दु दु च्याँ च्याँ

दुध खाने बच्चाहरू रुँदाखेरी च्याँ च्याा गर्दछन् । त्यसैलाई दु दु च्याँ च्याँ भनेको हो । दुध खाने बच्चा देखि पा पा खाएर ह्वाँ ह्वाँ रुनेसम्मलाई निमन्त्रणा छ आउनू भनेर बोलाउने जात्रा भएको हुनाले दु दु च्याँ च्याा भनेको हो । जब घण्टाकर्णले (एक राक्षस) पशुपति क्षेत्रमा दुःख दिन थालेपछि केही उपाय नलागेपछि त्यो राक्षसलाई खतम पार्नको लागि सबै मिलेर वश्लेस्वरी पिङ्गलामाईलाई अनुरोध गरिन्छ । पछि वश्लेस्वरीले महादेवलाई भनेर घण्टाकर्णलाई नरदेवीमा लगेर राखी वर्षको एकपल्ट तिमीलाई भेट्न आउँछु भनेर छाडिएका थिए । घण्टाकर्णलाई पनि भेट्ने र अष्टमात्रिकालाई पनि भेट्ने भएको हुनाले दु दु च्याँ च्याको उत्पत्ति भएको हो । जब पशुपति क्षेत्रका भट्टहरू, अन्य कर्मचारीहरूबाट महादेवलाई खटमा राखेर शहर घुमाएर ल्याइन्छ त्यसैलाई नै दु दु च्याँ च्याँ भनिन्छ ।

---

[३३] बैकुण्ठमान विशेत, पूर्ववत्.  पृ. ७

पहिलेको जमानामा यसलाई विशेष महत्त्व दिइन्थ्यो । आजभोलि चाहिँ करकापबाट जात्रा चलेको पाइन्छ । मानिसहरूको जागरणमा धेरै कमी आएको पाइन्छ । आधुनिकता, व्यस्तता र संस्कृतिलाई बचाउनै पर्ने भन्ने बारे ध्यान नगएको कारणले दु दु च्याँ च्याँमा कमी आएको देख्न सकिन्छ ।

कुनै पनि तान्त्रिक पूजा गर्दा खेरी कुमारीको पूजा तथा कुमारीलाई खुसी नबनाईकन अरु देवता खुसी हुँदैनन् भन्दछन् । अरु देवताको लालनपालन सबै कुमारीबाट हुने गर्दछ । कुमारीले अरु देवतालाई खुवाएपछि बल्ल नवदुर्गा गणको पूजा हुन्छ । पात्र चलाउने, खमु केलाउने सबै काम नवदुर्गाको गणमा कुमारीबाट हुन्छ । वज्रेश्वरीलाई चारै वर्णका मानिसहरूले गएर पशुपतिनाथलाई भनिसकेपछि त्यो घण्टाकर्णबाट देश शान्तिमय भएको उल्लासमय वातावरणमा यो जात्रा मनाइएको हो । विजय प्राप्तिको रुपमा यो जात्रा मनाइएको हो ।

## ४.३३ फिटा गुठी

जुन वज्रेश्वरीमा चारै वर्णका मानिसहरू गएर पूजा गरिन्छ । चारै वर्णमा थकाली हुँदै आएपछि अर्थात् जिन्दगीको एकपल्ट फिटा गुन्ने या फिटा बाँध्ने पालो पर्दछ । जसमा आफ्ना परिवार, नातेदार, इष्टमित्रले विजय प्राप्त गरेको हिसावले तिमीले जित्यौ भन्ने हिसावले फिटा गुन्ने, बाँध्ने प्रचलन छ । यसरी फिटा बाँधेर विजय उत्सव मनाउने प्रचलन आजसम्म पनि पशुपति क्षेत्रमा देख्न पाइन्छ ।

## ४.३४ वत्सेलेश्वरी जात्रा

काठमाडौँको पशुपति क्षेत्रभित्र पर्ने विभिन्न जात्राहरूमध्ये श्री वत्सलेश्वरी जात्रा पनि एक हो । यो जात्रा चैत्र कृष्णपक्षमा मनाउने गरिन्छ । यस जात्रा मनाउनका लागि गुठीहरू बनाइएका हुन्छन् । ती गुठीहरूमा श्री वत्सलेश्वरी सिन्दुर गुठी, श्री वत्सलेश्वरी चन्दन गुठी, श्री वत्सलेश्वरी स्याँल गुठी रहेका छन् । यी गुठीहरूमा रहेका मुख्य व्यक्तिहरूको सक्रियतामा वत्सलेश्वरी जात्रा गर्ने गरिन्छ ।

जात्रा हुनुभन्दा एक हप्ता अगाडि जात्राको निमन्त्रणा पूजा गरिन्छ । जात्रा गर्ने क्रममा अनिष्ठ नआओस् भन्ने हेतुले पहिल्यै नै निमन्त्रणा पूरा गर्ने परम्परा चलिआएको छ । हप्ता दिन पछाडि वत्सलेश्वरीको जात्रा प्रारम्भ हुन्छ । परम्परा अनुसार विभिन्न गुठीका गुठियारहरूले कचहरी गरी श्री वत्सलेश्वरी मन्दिरमा बलि दिई देवी देवता खुसी पारेर जात्रा गर्ने अनुमति माग्न चिपालु (निमन्त्रणा) पूजा गरे पश्चात मात्रा शुभारम्भ भएको शुभ सङ्केतको रुपमा लिने गरेको पाइन्छ ।

परम्पराअनुसार भुवनेश्वरी गुठियारले भुवनेश्वरी मन्दिरमा तान्त्रिक विधि मुताविक पूजा सम्पन्न गरी चौरासी व्यञ्जन सहितको फलफूल राखी आराध्यदेव श्री पशुपति महादेवलाई चढाइने परम्परा विद्यमान रहेको छ । मसानघाटमा जलाउन ल्याएका मान्छे बोक्ने बाँसका विभिन्न सामग्री बनाएर त्यसैमा खाद्य सामग्री राखी पशुपतिनाथलाई चढाउने परम्परा रहेको छ ।

पशुपतिनाथले गर्नुपर्ने लोकोक्ति अनुसार श्री पशुपतिनाथले मातृका शक्तिको परिक्रमा गर्ने स्थानहरू पशुपति मन्दिरको नवग्रह र महादेवको वाहन साँढे बीचमा रहेको मण्डपमा अमालकोट कचहरीका डङ्गोलहरूले सुनको मोलम्बायुक्त गजूर र विभिन्न झल्लर पत्ताकाबाट सुसज्जिनै सानो काठको घरमा श्री पशुपतिनाथ भित्रको गर्भस्थलको उत्तरमा रहेको तामाको चर्तुभुज शिवलिङ्ग प्रतिस्थापन गरी चाँदीको आशा गुर्जू पशुपतिनाथको मन्दिर भित्रबाट निकाली पशुपतिनाथको अघोरमुख पूजा गर्ने भट्टजीले पूजा गरी भट्टजीले आफ्नै नेतृत्वमा पशुपतिका पालोवाला मूलभण्डारी विशेष वाइले अमालका रैरकमी र परम्परागत बाजागाजा सहित पशुपति भण्डार तहविलका मोही नाइकेले जात्रा शुभारम्भ गरी पशुपति मन्दिर प्रदक्षिणा पश्चात् हुने जात्रा तहसिलका मोही नाइकेले जात्रा शुभारम्भ गर्छ । [३३] वत्सेलेश्वरी मन्दिरको पेरिफेरिमा पुगेपछि जात्रा अन्त्य हुन्छ ।

जात्राका क्रममा बाँका भाडामा राखिएका फलफूल प्रसादहरू बाटोमा पर्ने शक्तिपिठहरूमा चढाउँदै जाने परम्परा पनि रहिआएको छ । समयको रफतारमा चल्नु पर्ने हुनाले निश्चित समयमा निश्चित मन्दिरमा पुग्नु पर्ने परम्परा पनि रहिआएको छ ।

[३३] बैकुण्ठमान विशेत, देशोद्धार पूजा, श्री बज्रेश्वरी तथा श्री वत्सलेश्वरी जात्रा संक्षिप्त विवरण, वि.सं. २०६९, पृ. १

पशुपति क्षेत्रबाट प्रारम्भ भएको जात्रा लगन लाछी टोल, भुवनेश्वरी, भकुंटोल, इटापाखा, जयवागिश्वरी, नवाली टोल, सानो गौपकान, नवसालभगवती, भगवती बहाल, नागपोखरी, हात्तीसार, लाल दरबार, तीनधारा पाठशाला हुँदै जमल लगिने गरिन्छ । फेरि त्यहाँबाट क्रमशः बाजागाजा सहित जात्रालाई इन्द्रचोक, मखन, हनुमान ढोका हुँदै कुमारी घर अगाडिको साँगुरो बाटो हुँदै मजिपाट चिकँमुगल जाने परम्परा रहिआएको देखिन्छ । त्यसपछि जैशीदेवल पुग्दा टेकुको श्रीपचली भैरवको पूजा र भोग चढाउन बिचमा बोकेको सरजाम भट्टजी र भुवनेश्वरीका कर्माचार्य सहित जात्रा टोली ब्रह्मटोल भई टेकुगई पूजा गरी लगन डबलीमा आइपुग्ने परम्परा रही आएको छ । त्यहाँबाट अगाडि बढेको जात्रा काष्ठमण्डपलाई दायाँ पारेर झगणेश, प्याफल हुँदै नरदेवी पुग्ने चलन छ ।

नरदेवीमा स्थानीय वासिन्दाहरूले पूजाआजा गरेपछि प्रसाद ग्रहण गर्दै जात्रालाई पुनः जुन बाटो आएको त्यही बाटो हुँदै पशुपति मन्दिर लगिन्छ । पशुपतिको पूर्व ढोकाबाट बागमती आर्यघाट हुँदै श्री वत्सलेश्वरीको मन्दिरमा पुगेपछि भुवनेश्वरी मन्दिरका पुजारीले नै जात्रा समापन गर्ने परम्परा छ । जात्रामा भाग लिएका पशुपति भण्डार तहसिल आमालकोट कचहरीका रैरकमी, कर्मचारी र बाजा गाजाका सदस्यहरूलाई पालोपालो मूलभण्डारीले भोज खुवाउने चलन अद्यापि छँदैछ । यस जात्रामा सहभागी भएमा अराध्यदेव श्री पशुपतिनाथबाट आशीर्वाद प्राप्त भई पाप पोचन हुने, निरोगी बन्ने, दीर्घजीवी हुने अनि उत्तरोत्तर प्रगतिको बाटो खुल्ने कथन उक्ति पनि रहेको कुरा गुठीयारका मान्छेहरूले भन्ने गरेको कुरा सुन्न पाइन्छ । (यसको तस्बिर परिशिष्ट २ मा हेर्न सकिन्छः चि.सं.-१७-२०)

## ४.३५ नक्साल भगवती

पशुपतिमा मनाइने जात्राहरूमा नक्साल भगवती जात्रा पनि एक हो । पशुपतिक्षेत्रमा जात्रा जुन दिन शरु हुने गर्दछ नक्साल भगवती जात्रा पनि त्यही दिन नेवार समुदायबाट बाजागाजा सहित शुरु हुन्छ । नक्साल भगवतीको प्रस्थान जव नक्सालबाट शुरु हुन्छ त्यसमा धेरै जात्रा मान्नेहरू, धर्मालम्बीहरू र टोलबासीहरूको ठूलो जमातका साथ पशुपति क्षेत्रको बाटोतिर लम्किन्छ । सिफल चौरमा आएर केही समय रोकिन्छ जहाँ खाजा (प्रसाद)को व्यवस्था गरिएको ठाँउमा सबै मिली प्रसाद खाँदै फेरि पशुपतिको बाटो अर्थात ताम्रेस्वर, नवाली टोल, जयवागेस्वरी, दथु टोल हुँदै पशुपतिनाथ ढोकामा तीनपल्ट नक्साल भगवतीको रथ ठोकाइन्छ । जुन बाजागाजा ठूलो आवाजमा बजाउँदै पशुपति क्षेत्र घुम्दै फेरि बश्लेस्वरी

माई भएको जयवागेश्वरीमा दुई रथ बीच ठोकाइने चलन छ । नक्साल भगवतीको आगमन सबै टोलबासी, घरघर, झ्यालझ्याल, कौसीबाट हेरेर स्वागत गर्ने गर्दछन् । यसरी पशुपति क्षेत्रमा बश्लेस्वरी माईको मिलन रातमा नक्साल भगवती हुने चलन छ ।

### ४.३६ रामनवमी

भगवान् रामचन्द्रको जन्म चैत्र दशैंको भोलिपल्ट मनाउने चलन छ । भगवान् रामचन्द्रको जन्मदिन अर्थात् रामनवमी सदा झैं चैत्र शुक्ल नवमीमा पर्ने गर्दछ । पशुपतिनाथ मन्दिर अगाडिको राम मन्दिरमा राम नवमीको दिन रामभक्त तथा दर्शनाभिलासीहरूको ठूलो मात्रामा भीड लाग्ने गर्दछ । यस रामनवमीको पर्वको दिन राम मन्दिर अगाडि जप गर्ने, ध्यान बस्ने, व्रत बस्ने तथा पूजाआजा गरिन्छ । राम नवमीको दिन व्रत बस्ने, उपवास बस्ने, श्रद्धाभक्ति पूर्वक रामचन्द्रको पूजा गर्नाले अनेक जन्ममा पाप नाश भई परलोक हुँदा बैकुण्ठबासको प्राप्ति हुन्छ भन्ने भनाइ छ । यसैको कारणले पनि होला पशुपति क्षेत्रको राम मन्दिरमा चैत्र दशैंको भोलिपल्ट रामनवमीको दिन स्वाभाविक मानिन्छ ।

## पाँचौं अध्याय

## पशुपति क्षेत्रको वर्तमान परिवर्तित स्थिति

## ५.१ वर्तमान परिवर्तित स्थिति:

पशुपति क्षेत्र (ग्वल) प्राचीनकाल देखि जुन अवस्था रूप, रङ्ग, धार्मिक, पौराणिक तथा एतिहासिक स्वरूप हामी देख्न पाउन अलि गाऱ्हो हुन्छ किनकि किरातकाल, लिच्छविकाल, मल्लकाल हुँदै शाहकाल र आधुनिक आजभोलिसम्म आइपुग्दा धेरै परिवर्तन भएको हामीहरू देख्न सकिन्छ ।

प्राचीनकालीनका स्वरूपमा धेरै परिवर्तन हुँदै आएको देख्न सकिन्छ । जुन प्राचीन कालमा पशुपति क्षेत्र (ग्वल) को रूप धेरै परिवर्तन भन्नुको तात्पर्य के हो भने त्यसबेला भग्नावशेषहरूमा मूर्तिहरू भाडाहरू, धाराहरू, कुवाहरू, डाँडा, जंगल, नदी, रुखहरू पाउन सकिन्छ तर त्यसबेलाको वस्तीहरू मानवहरू ठाउँ, गल्ली, विहार, स्तुपहरू मन्दिरहरू परिवर्तन रूपमा पाउँछ ।

यसरी पशुपति क्षेत्र (ग्वल) आज धेरै परिवर्तित स्थितिमा पुगिसकेको छ । जहाँ पहिले गोश्वाराले काम गर्ने, गुठीले काम गर्ने, द्वारेले काम गर्ने, भण्डारी, भण्डार खाल तहनील, विभिन्न जाती विशेष, इत्यादि थियो त्या सब एकाजित भएर पशुपति विकास कोष गठन भए यता सबै यस कोषबाट हेर्ने कार्य भएको छ । यसरी विस्तारै विस्तारै कोषबाट पशुपति क्षेत्र (ग्वल) को विकासको लागि कार्य गर्दै आएको छ ।

कोषबाट पशुपति क्षेत्र विकासको लागि वाग्मति नदी, श्लेषमान्तक वन, जङ्गल, कैलाश गडा तथा घर निर्माण प्रकृयामा पुरानो ढाँचा यानी परम्परा शैलीमा निर्माण शैली अपनाएको धेरै प्रशंसनीय कार्य पाउन सकिन्छ ।

## ५.२ पशुपति क्षेत्र विकास कोषका गतिविधि

जुन पशुपति क्षेत्र सबै ठूलो क्षेत्रलाई विकास गर्ने योजना जुन गुरु योजना भनिन्छ । त्यसमा पुराना बस्तीहरू अवस्थित तरिकाले बस्दै आएकोलाई मुआब्जा दिएर भएपनि त्यो ठाउँलाई खाली गरि व्यवस्थित गर्ने तिर लागेको त्यो पनि धेरै प्रसंसनीय छ तर पुराना वस्तीहरू जुन साँस्कृतिक घरोघर जुन जात्रा मात्रा चलाउँदै आएका पुराना बस्नीहरूलाई हटाएको चाँहि त्यति राम्रो देखिएको छैन । जुन जात्रा वर्षौं देखि चलाउँदै आएका मानिसहरू हटाउने कुरा चैं अलि गम्भिर सोच गरिनु पर्दथ्यो भन्ने पशुपति क्षेत्र (ग्वल) का वासिन्दाको गुनासो थियो ।

गुनासो त विकास नहोस् भन्नेहरूका मानिसहरू हो तर विकास चाहना भएकाहरूको त पशुपति क्षेत्र 'ग्वल' एउटा 'स्वर्णपुर' होस् भन्ने छ नि । जुन भारतीय देखि विस्वका हिन्दूहरूको आराध्यदेव पशुपतिनाथ मन्दिरमा आउँदा सब सुविधा सम्पन्न भएको देख्न त सबैको चाहना हुन्छ । त्यहि अनुरूप पशुपति क्षेत्र विकास कोषले पनि चही योजना सम्पन्न गर्न धेरै प्रयासमा जुटेका हामी पाउन सकिन्छ ।

गुनासोको पातामा प्राचीन मालका ९ कुवा, ९ घारा ढुङ्गेधारा, श्लेमान्तक नदी विभिन्न मूर्तिहरूको संरक्षण नभएको, यी माथिका सबै कुराहरू सम्झदा दुःख लाग्ने तथा वस्तीबढेकोले धेरै जसो पार्टी पौवा, महाविहार, स्तुपा, मन्दिर, रुखहरू, नदीका छेउका जग्गाहरू अतिक्रमण भएको छ । विभिन्न पशुपति नाथको त्रिशुल छाप जग्गाहरू अतिक्रमण तथा हराएका छन् । बस्ती बढेको स्थितिमा प्रदुषण, बाटाघाटा बिग्रेको, विभिन्न साँस्कृतिक धरोधरहरू विनाश, भएको पाइन्छ देख्न सकिन्छ ।

आजभोलि आएर ढुङ्गेधारा सुकेको, कुवा पनि सुकेको इनार भत्केको, वन पनि रूखहरू मासिएको, डाँडाहरू सुक्खा, नदी प्रदुषण आदि कुराले बस्ती बढेर घरहरू जे पायो त्यही मन लाग्ने इच्छाले बनाउँदै मन्दिर छेकिएको, स्तुपा हराएको, इत्यादिले प्राचीन कालीन सभ्यता नै हराएको मान हुन्छ ।

अब शिवरात्रीमा छिमेकी देश भारतबाट पाहुनाहरूको रूपमा जोगीहरू (नाङ्गा बाबा) आउँथे जसलाई जति राम्रोसँग सत्कार, पाहुनालाई जस्तो राखेर, पालेर, खुवाएर अनि विदावारी गर्दा राम्रोसँग बाटो खर्च दिएर पठाउने चलन थियो तर आजभोलि त्यसमा धेरै नै कमी आएको पाइन्छ । त्यसैले पहिलेको जस्तो नाङ्गाबाबा देख्न पाइँदैन । त्यस्तै गरी बस्ती बढेकोले हो वा जनसंख्या बढेकोले हो या धर्मावलम्बीहरू बढेकोले हो, कुनै पनि जात्रालाई त्यस पशुपति क्षेत्र (ग्वल) ले थेग्न सकिएको छैन । यसको कारण व्यवस्थित गर्ने ठाउँको कमी, खानेपानीको कमी, शौचालय तथा अरु थप सुविधाको कमी हाम्रो आँखाले पनि देख्न सकिन्छ । यी विविध कारणले पनि पशुपति क्षेत्र (ग्वल) धेरै परिवर्तन भएको देखे पनि असुविधाहरू पनि बढ्दै गएको देख्न सकिन्छ ।

पहिले पहिले पशुपतिनाथ मन्दिरको दर्शन गर्न भनेर मानिसहरू विहानको ४ : ०० बजे देखि गएपनि सुरक्षा नै थियो । जब प्राचीनकालको जस्तो रूप दिने भनेर पशुपति विकास कोषले घर भत्काएर ठाउँलाई खाली गरेदेखि दर्शन गर्न आउने धर्मावलम्बीहरूको पैसा, जे छ लुटिएको कुरा पनि सुन्नमा आएको छ त्यसै कारणले विहान देखि दर्शन गर्न आउनेको भीडमा कमी आएको पाउन

सकिन्छ । परिवर्तनको नाममा मानव जातिले दुःख पाउन हुँदैन भन्ने जुन गुनासो पनि सबै वा सम्बन्धित पक्षले सुनेमा भविष्य अझै सुन्दर भने छ भन्ने हामीहरूलाई लाग्दछ ।

मुर्दा पोल्ने ठाउँहरूको कमीको कारण र दाउराको प्रयोगबात बस्तीनै प्रदुषण बढ्नु र हाल आएर विजुलीबाट मुदा पोल्ने घरको निर्माण तयारी गरेको कार्य प्रसंसनीय छ । यी कार्यको साथमा विभिन्न भत्कीएका मानि, पार्टीपौवा मर्मत संहार पनि पशुपति जो विकास कोषको रुचि राम्रो मानिन पर्दछ । यसबाट यस क्षेत्रमा धेरै परिवर्तन भएको देख्न सकिन्छ ।

पशुपति क्षेत्र (ग्वल) प्राचीनकाल देखि जुन अवस्था रूप, रङ्ग, धार्मिक, पौराणिक तथा एतिहासिक स्वरूप हामी देख्न पाउन अलि गाऱ्हो हुन्छ किनकि किरातकाल, लिच्छविकाल, मल्लकाल हुँदै शाहकाल र आधुनिक आजभोली सम्म आइपुग्दा धेरै परिवर्तन भएको हामीहरू देख्न सकिन्छ । जहाँ पहिले गोश्वाराले काम गर्ने, गुठीले काम गर्ने, द्वारेले काम गर्ने, भण्डारी, भण्डार खाल तहनील, विभिन्न जाती विशेष, इत्यादि थियो त्या सब एकाजित भएर पशुपति विकास कोष गठन भए यता सबै यस कोषबाट हेर्ने कार्य भएको छ ।

# छैठौँ अध्याय

## उपसंहार

६.१ सारांश

पशुपति क्षेत्र पुरातात्विक एवम् ऐतिहासिक दृष्टिकोणले नेपालको महत्वपूर्ण सांस्कृतिक सम्पदाका रुपमा रहेको छ । नेपाली समाज बहुभाषिक, बहुजातीय र बहुधार्मिक समाज हो । नेपालमा पशुपतिक्षेत्र(ग्वलः) मा प्रचलित जात्रा तथा मेलाहरू लिच्छवि कालदेखि नै प्रचलित भएको मानिन्छ । नेपालमा वसोवास गर्ने हिन्दू र बौद्ध धर्म समुदायका आफ्नै मौलिक, सामाजिक पक्षहरू रहेका छन् । यिनीहरूको आफ्नै धर्म, चाडपर्व, रीतिरिवाज रहेको पाइन्छ । पशुपति क्षेत्र (ग्वलः)मा मनाइने जात्रा तथा मेलापर्वहरू गरि ३० प्रकारका छन् । पशुपति(ग्वलः) क्षेत्रमा प्रचलित जात्रा तथा मेलाहरू प्राचीन कालदेखि चलिआएको मानिन्छ र त्यसै वेलादेखि जात्रा तथा मेलाहरू निरन्तर रुपमा यहाँ चल्दै आएको पाइन्छ । जात्रा र मेलाहरूको बारेमा विभिन्न विद्धान्हरूबाट अध्ययन गरी प्रकाशन गरिएका ग्रन्थहरू, पत्रिकाहरू थोरै मात्रामा प्रकाशित भएका छन् । यी जनजातिहरूमा हिन्दू धर्ममा भन्दा बेग्लै विवाह पद्धति, नातेदारी प्रथा, चाडपर्व, रीतिरिवाज भएको तथा एउटा छुट्टै धार्मिक अस्तित्व रहेको पाइन्छ ।

पशुपति क्षेत्र हिन्दू धर्मका भगवान् पशुपतिनाथको स्थलका रूपमा संसारभरि चिनिएको छ । पशुपति मन्दिरमा प्रतिदिन माला लानुपर्ने बगैंचाहरूमध्ये भण्डारखालको बगैंचा पनि एक थियो । देवपाटनको पुरानो नाम ग्वल हो । चोक, बगैंचा आदिका पुराना शिवलिङ्गहरू एवम् मूर्तिहरू जताततै रहेबाट पनि यहाँ व्यक्तिगत घरहरूको अस्तित्व रहेको थाहा हुन्छ । पशुपति निकट रहेको, पवित्र पाउका रूपमा आराध्य यस नदी किनारामा अवस्थित आर्यघाटबाट वरपरका क्षेत्रलाई अरु धार्मिक कार्यहरूका साथ साथै हिन्दूहरूको अन्तिम संस्कारको लागि पनि पवित्र ठाउँको रुपमा लिएको पाइन्छ । पवित्रताको प्रतीक बनेकी बागमती नदीको किनारको सोभ्कै पश्चिमतिर संसारकै प्रख्यात र पौराणिक महत्व बोकेको एवम् प्रचीनतम पशुपतिनाथ मन्दिर रहेको छ । पशुपति क्षेत्रको धार्मिक अवस्था विश्वको कुनै पनि संस्कृति र सभ्यता धर्मदेखि अलग रहन सकेको छैन । भगवान् शिवका अनेक नाम र स्वरुपहरू मध्ये पशुपति वैदिक कालदेखि नै अत्यन्त प्रसिद्ध भई आएका आराध्य देवको नाम हो । पशुपति स्वरुप बेद जतिकै प्राचीन र सनातन धर्म जतिकै सनातन मानिन्छ । पवित्र बागमती नदी, कुण्ड, पोखरी र विभिन्न मूर्ति तथा मन्दिरहरूको महात्म्यको कारण पछि गएर यो क्षेत्र हिन्दू धर्मालम्वीहरूको गरिमामय तीर्थस्थल बन्न पुगेको देखिन्छ ।

प्राचीन कालदेखि नै पशुपतिनाथको मन्दिर प्रख्यात रहेको छ । लिच्छविकालदेखि अहिलेसम्म पशुपतिनाथ बारे जानकारी गराउने सामग्रीहरू पाइने गरेको छ । हाम्रो सामु लिच्छविकाल देखिका त्यस सम्बन्धी उल्लेखहरू गरिएका सामग्रीहरू प्रशस्त छन् । हाम्रा सुरक्षित प्राचिन अभिलेखहरूमा पाइएको विवरणबाट वास्तवमा त्यो ऐतिहासिक कालमा भगवान् पशुपतिनाथलाई राष्ट्रदेवकै रुपमा आदर र सम्मान प्रदान गरिएको प्रष्टा हुन्छ । धार्मिक महत्वले ओतप्रोत भएको बागमती तथा पशुपति मन्दिरको सन्निकटताले गर्दा आर्यघाट वरपरको क्षेत्रलाई अरु धार्मिक कार्यहरू बाहेक अन्तिम संस्कारका लागि पवित्र ठाउँको रुपमा लिइएको पाइन्छ । पशुपतिमा आषाढ महिनामा सम्पन्न हुने त्रिशूलजात्रा पनि एक किसिमको पानी माग्ने जात्रा नै हो । किरातकालदेखि पशुपति क्षेत्रमा बसोवास गर्दै आएको कुरा इतिहास, धार्मिक, पौराणिक विभिन्न अध्ययनबाट थाहा पाएको छ । परम्परागत चल्दै आएका संस्कृति मान्ने एकातिर छ भने अर्को तिर पशुपति क्षेत्र (ग्वल) विविध धार्मिक, ऐतिहासिक, जात्रैजात्राले गरिउको स्थान भएको हुनाले त्यहाँको सामाजिक अवस्था पहिलैको उटालाई मान्ने जतन गर्ने, संस्कार बचाउने, संस्कृतिलाई बचाउने, नयाँ भन्दा पनि परम्परालाई कायम राख्ने सामाजिक अवस्था देख्न सकिन्छ । धेरै जसो नेवारी जातीका मानिसहरूको वस्ती भएको हुनाले नेवारी परम्परा, संस्कृति आज सम्म पनि बचाएर राखेको पाउन सकिन्छ ।

पशुपति क्षेत्रमा वर्षभरि मनाइने जात्रा तथा,पर्वगरि झण्डै ३२ वटा जति मनाइन्छन् । विक्रम संवतको पात्रोमा जेष्ठ उज्ज्वल पाक्षिकको छैटौं दिनमा नेवार समुदायको सिठी नख पर्दछ । बासिन्दाहरूको अपहरण, कष्ट, दुःख दिने भूत प्रेत तथा दानवबाट मानिसहरूको विजयको सम्मानमा मनाइने जात्रा विशेष नै त्रिशुल जात्रा हो । यो जात्रामा स्वर्गमा रहेकी जलदेवी गंगाजीलाई पृथ्वीमा आउन आव्हान गरिन्छ । उक्त जात्रामा आकाशवाट वर्षा हुनै पर्छ भनि भन्दै आइएको छ । नेपाली किसान विशेष गरी नेवार गठामुग्गल भनिन्छ भूत लागेको आदर गर्न साउन महिनाको चौधौं दिनमा उपत्यकामा गठामुग्गल पर्व मनाइन्छ । श्रावण वर्ष को अति पवित्र महिना मानिन्छ । साउने सोमबार भनेर चिनिने यस महिनाको प्रत्येक सोमबार पवित्र पानीले स्नान गरिन्छ । पशुपति क्षेत्रमा मनाइने जात्राहरूमा गाईजात्रा प्रमुख पर्व हो । यहाँ खडगजात्रा धुमधामसंग मनाइन्छ । खड्गजात्रामा हातमा खड्ग लिएर बाजाको तालमा नाच्दै पशुपति क्षेत्र परिक्रमा गरिन्छ । धुमधामसंग मनाइने यस जात्रामा बाटामै धानको बिउ रोप्दै रोप्दै बाजाको तालमा नाच्दै पशुपति क्षेत्र परिक्रमा गरिन्छ । वर्षभरिमा आफन्त

बितेको घरको मानिस नेवारी भेषभूषामा लाखेको पछिपछि हिँड्छन् । यो जात्रा कृष्णअष्टमीमा धुमधामसंग मनाइने यस जात्रामा सगुन लिएर ताम्रेश्वर मन्दिर परिक्रमा गरी कृष्ण भगवान्लाई खटमा राखी कृष्ण जात्रा मनाउन आरम्भ गरिन्छ । भण्डार तहबिलले तयार पारेको जनैलाई पशुपतिका मूल भट्टले विशेष पूजा गरेर जनैपूर्णिमा आरम्भ गरिन्छ । यसै दिनमा नेवारी समुदायका मानिसहरूले क्वाँटी खाएर यो विशेष चाड मनाउँछन् । नौ थरी गेडागुडी भिजाएर टुसा आएपछि विशेष तरीकाले पकाएर खाने परिकारलाई क्वाँटीपुन्ही भनिन्छ । खास गरेर यो चाडपर्व महिलाहरूले विशेष गरि मनाइन्छ । हाम्रो देश शिवपार्वतीको देश हो । मंसिर महिनाको पूर्णिमाका दिन यो पर्व मनाइन्छ । नेवारी समुदायका मानिसहरूले चामलको पिठोबाट तयार पारिएको रोटी खाएर यो चाड मनाउँछन् । गुँला पर्व नेपाली बौद्ध धर्मावलम्बीहरूले श्रावण महिनामा एक महिनासम्म मनाउने गर्छन् । वास्तवमा भगवान् पशुपतिनाथलाई गर्वविवेक अन्तरालमा यस पर्वको जल भरिन्छ, सिङ्गमर्मरको माथि भरिएका जलहरूमा भक्तहरूले पशुपतिनाथको छाँया दर्शन गर्दछन् । काली साधना गर्ने विधा मध्येमा ९ वटा विधामा गहेस्वरी विधा हो । यिनी गुहे दिने भएको हुनाले गोप्य रुपमा रहेको धर्म,अर्थ, काम र मोक्ष यी चारैवटा पुरुसार्थ दिन सक्ने हुनाले यिनलाई गुह्यश्वरी भनिएको हो । पानी या शरबत आवत जावत गर्ने यात्रुहरूकोलागि पानी दान गर्ने प्रचलन यस अक्षय तृतीयामा पाइन्छ । मंसीर कृष्ण चतुर्दशीका दिन बाला चतुर्दशी मनाइन्छ । यसमा महादेवको आफ्नै छुट्टै खालको परम्परागत शैलीको मुकुट लगाएर नृत्य गरिन्छ भने पार्वती पनि केटीको पोशाकमा परम्परा शैलीको जामा, घङ्गला सहित नृत्यमा साथ दिइन्छ । यो जात्राको मुख्य उद्देश्य मृतकहरूको आत्मा शान्ति राख्ने उनीहरूको परिवारका सदस्यहरूको सहभागितामा यो 'उपाको वनेगु' जात्रा मनाइन्छ । नेवार समुदायको नेपाल भाषाको अनुसार पाहाँको अर्थ भनेको पाहुना, अतिथि र चह्रेको अर्थ हो चतुर्दशी हो । । नौ थरी गेडागुडीमा मकैं, भटमास, सिमि, सानो केराऊ, ठूलो केराऊ, चना, गहूँ, गेडामास, हरियो मास बाट पूजा गरिन्छ । काठमाडौंको पशुपति क्षेत्रभित्र पर्ने विभिन्न जात्राहरू मध्ये श्री वत्सेलेश्वरी जात्रा पनि एक हो । यो जात्रा चैत्र कृष्णपक्षमा मनाउने गरिन्छ । पिगन जात्रामा तान्त्रिक विधिका माध्यमबाट १२ जनाको मण्डप लेखी विधि मुताविक मण्डपमा बसाउने चलन रहेको छ ।

पशुपति क्षेत्र (ग्वल) प्राचीनकाल देखि जुन अवस्था रूप, रङ्ग, धार्मिक, पौराणिक तथा एतिहासिक स्वरूप हामी देख्न पाउन अलि गाऱ्हो हुन्छ किनकि किरातकाल, लिच्छविकाल, मल्लकाल हुँदै शाहकाल र

आधुनिक आजभोली सम्म आइपुग्दा धेरै परिवर्तन भएको हामीहरू देख्न सकिन्छ । जहाँ पहिले गोश्वाराले काम गर्ने, गुठीले काम गर्ने, द्वारेले काम गर्ने, भण्डारी, भण्डार खाल तहनील, विभिन्न जाती विशेष, इत्यादि थियो त्या सब एकाजित भएर पशुपति विकास कोष गठन भए यता सबै यस कोषबाट हेर्ने कार्य भएको छ । जुन पशुपति क्षेत्र सबै ठूलो क्षेत्रलाई विकास गर्ने योजना जुन गुरु योजना भनिन्छ । जुन भारतीय देखि विस्वका हिन्दूहरूको आराध्यदेव पशुपतिनाथ मन्दिरमा आउँदा सब सुविधा सम्पन्न भएको देख्न त सबैको चाहना हुन्छ । मुर्दा पोहने ठाउँहरू कमीको कारण र दाउराको प्रयोगबात बस्तीनै प्रदुषण बढ्नु र हाल आएर विजुलीबाट मुदा पोल्ने घरको निर्माण तयारी गरेको कार्य प्रसंसनीय छ ।

## ६.२ निष्कर्ष

यस अध्ययनको निष्कर्षका रूपमा यहाँ केही बुँदाहरू उल्लेख गर्न सान्दर्भिक हुनेछ :-

क) पशुपतिनाथको पवित्र मन्दिर रहेको क्षेत्र पवित्र पाशुपत क्षेत्र भएको र यसको प्राचिन र ऐतिहासिक महत्व समेत रहेको हुँदा यस क्षेत्रमा परपूर्व कालदेखि बसोबास गर्दै आएका यस क्षेत्रका बासिन्दाहरूले मनाउने धेरै जसो चाडपर्व र जात्राहरू कुनै न कुनै रूपमा पशुपतिनाथसँग सम्बन्धित छन् ।

ख) हिन्दू धर्म संस्कार र परम्पराका अनुयायीहरूका निम्ति पशुपतिनाथ सर्वोच्च पूजनीय मानिएका छन् । उनको पूजाआजा र पशुपतिसँग सम्बन्धित जात्रा र पर्वहरूको पालना भनेको समस्त मानिसहरूको आरोग्यता, सुख, सम्पन्नता, शान्ति र समृद्धिको कामनासँग जोडिएको छ ।

ग) पशुपतिसँग सम्बन्धित अनेकन जात्रामध्ये घण्टाकर्ण (राक्षस) अर्थात दानवीय प्रवृत्तिबाट बच्नका लागि आव्हान गर्दै शान्ति र समृद्धि प्राप्तिको चाहना अभिव्यक्त भएको निष्कर्ष निकाल्न सकिन्छ ।

घ) यस क्षेत्रमा मनाइने अर्को महत्वपूर्ण जात्रा गङ्गामाई जात्रा हो । सुखा र खडेरीबाट अनिकाल अकाल पर्न गई जनधनको नाश हुने हुँदा पानी अर्थात वर्षाद होस् भन्ने कामना गर्दै यस जात्रालाई असार महिनामा मनाउने प्रचलन छ । यो जात्रामा स्वर्गमा रहेकी जलदेवी गंगाजीलाई पृथ्वीमा आउन आव्हान गरिन्छ । उक्त जात्रा मनाइरहेको समयमा आकाशवाट वर्षाद हुनेको गरेको पनि पाइन्छ ।

ङ) नेपालमा वर्षभरि मनाइने जात्राहरूमा सबै पहिलो जात्रा पिङ्गलामाई जात्रा पशुपति क्षेत्रमै मनाईन्छ । ४० वटा योगिनी र ६४ भैरवको संयोजनले नै पिङ्गलामाई उत्पत्ति भएको विश्वास गरिन्छ ।

च) प्राचिन कालदेखि मनाउँदै आएका जात्रा र पर्वहरूमा पुस्ता परिवर्तनसँगै केही न केही परिवर्तन भएको देख्न सकिन्छ । यस्तो परिवर्तन नचाहेरै पनि हुने गरेको छ । समय र वातावरणको तथा मानिसको चिन्तन र आर्थिक अवस्थाको प्रभावले पनि यसो हुन पुगेको हो भन्न सकिन्छ । जस्तो त्रिशूल जात्रामा पहिले ९ वटा खट प्रयोग गरिन्थ्यो भने हाल ३ वटा खटमा सीमित रहेको छ ।

छ) पशुपति क्षेत्रको पूरातन परम्परा, यहाँको मठ, मन्दिर पाटी पौवा र विहार एवम् गुठ गुठी आदिको समयोचित संरक्षण तथा व्यवस्थापन गर्नका लागि सरकारी तहविजबाट पशुपति क्षेत्र विकाश कोषको सङ्गठन संरचना गरिएको छ । यसले यस क्षेत्रका परम्परागत जात्रा तथा पर्वहरूलाई निरन्तरता दिन र संरक्षण गर्नमा सहयोग पुऱ्याउँदै आएको देखिन्छ ।

## ६.३ सुझाव

पशुपति क्षेत्रमा मनाइने विभिन्न जात्रा तथा पर्वहरूको सांस्कृति अध्ययनपछि सम्बन्धित सरोकार निकाय एवम् जात्रा पर्वमा सहभागी नागरिकहरू समक्ष निम्नलिखित सुझावहरू प्रस्तुत गर्न सकिन्छ :-

क) परम्परादेखि प्रचलनमा आएका सवै जात्रा र चाडपर्वहरूको सांस्कृतिक महत्व छ र यसमा हाम्रो मौलिक पहिचान पनि रहेको छ । त्यसकारण यस्ता जात्रा र पर्वहरूलाई संरक्षण र जगेर्ना गर्नु पर्ने देखिन्छ ।

ख) जात्रा पर्वहरू चलाउन अथवा निरन्तरता दिनका लागि सम्बन्धित क्षेत्रका जनसमुदायलाई प्रोत्साहित गर्नुपर्छ । यसका निम्ति आवश्यक सामग्री जुटाउन चाहिने आर्थिक, भौतिक वातावरण सिर्जना गर्न सम्बन्धित निकायबाट खर्च व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

ग) जात्रा पर्वसँग जोडिएका कतिपय मठ मन्दिर पाटी पौवा जस्ता पुरातात्विक महत्वका सम्पदाहरूको जिर्णोद्वार, मर्मत सम्भारमा समुचित ध्यान दिनु पर्ने देखिन्छ ।

घ) लोप हुने स्थितिमा पुगेका पतिपय परम्परागत जात्रा र पर्वहरूलाई लोप हुनबाट बचाउनका लागि श्रव्यदृश्य साम्रगी निर्माण गर्ने, अभिलेख तयार गर्ने र प्रकाशन प्रशारण गर्नेतर्फ पनि ध्यान दिनु आवश्यक छ ।

ङ) पशुपति क्षेत्रमा परम्परागत जात्रा र पर्व मनाइ आएका निश्चित जातजातिका मानिसहरूको बसोबासमा भइरहेको अतिक्रमणलाई रोक्नु पर्दछ भने त्यस क्षेत्रमा हुने नव निर्माणका कार्यलाई नियन्त्रण गरी परम्परागत वातावरणलाई कायम राख्न उचित व्यवस्था गर्नु पर्दछ ।

# सन्दर्भ सामग्री


१. जोशी, सत्यमोहन, **नेपाली चाडपर्व**, दोस्रो संस्करण, साझा प्रकाशन,ललितपुर, वि.सं २०६७ ।

२. टन्डन, गोविन्द, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन**, काठमाडौं, श्री झरेन्द्र शमशेर ज.व.रा. तथा . श्रीमती मञ्जु राणा, कुञ्ज निवास, वि.सं २०५३ ।

३. मानन्धर, सरला, **पशुपति क्षेत्रका साँस्कृतिक सम्पदाहरू**, साझा प्रकाशन, ललितपुर, वि.सं २०४८ ।

४. रेग्मी, जगदीश चन्द, **पशुपति गुहेश्वरी माहात्म्य**, नइ प्रकाशन, अनामनगर, वि.सं २०५३ ।

५.वज्राचार्य, धन, लिच्छवीकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, वि. सं. २०३०

६. वज्राचार्य, पुण्यरत्न, **हाम्रो चाड-पर्व**, रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, वि.सं. २०२६

७. विशेत, बैकुण्ठमान, **देशोद्धार पूजा, श्री वज्रेश्जरी तथा, श्री वत्सलेश्वरी जात्रा**, संक्षिप्त विवरण, वि.सं २०६९ ।

८. शर्मा, चेतोनाथ आचार्य, **हाम्रा धार्मिक चाडपर्व**, काठमाडौं, वि.सं २०४५, सनातन सेवा समिति ।

९. शर्मा, ऋषिप्रसाद, **नेपाल राष्ट्रिय चाडपर्व**, रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, वि.सं.२०६३

१०. श्रेष्ठ, पदम, **नेपाल जात्रा संस्कृति**, प्रिन्ट स्काई, काठमाडौं वि.सं २०५९ ।


## सान्दर्भिक लेखहरू


१. **(सं.) पशुपति क्षेत्र**, पत्रिका, अंक ३, प्रकाशन, पशुपति क्षेत्र विकास कोष, वि.सं २०५१।

२. **(सं.) पशुपति क्षेत्र**, पत्रिका,अंक ५, प्रकाशन, पशुपति क्षेत्र विकास कोष, वि.सं २०५१।

३. **(सं.) पशुपति क्षेत्र**, पत्रिका,अंक १०, प्रकाशन, पशुपति क्षेत्र विकास कोष, वि.सं २०५९।

४. **(सं.) पशुपति क्षेत्र**, पत्रिका,अंक ११, प्रकाशन, पशुपति क्षेत्र विकास कोष, वि.सं २०५९।

५. **(सं.) पशुपति क्षेत्र**, पत्रिका,अंक १२, प्रकाशन, पशुपति क्षेत्र विकास कोष, वि.सं २०६०।

६. **(सं.) पशुपति क्षेत्र**, पत्रिका,अंक १३, प्रकाशन, पशुपति क्षेत्र विकास कोष, वि.सं २०६०।

७. **(सं.) पशुपति क्षेत्र**, पत्रिका, अङ्क १४, प्रकाशन, पशुपति क्षेत्र विकास कोष, वि.सं २०६१।

८. **(सं.) पशुपति क्षेत्र**, पत्रिका, अङ्क १६, प्रकाशन, पशुपति क्षेत्र विकास कोष, वि.सं २०६२।

९. (सं.) **भगवान् श्री पशुपतिनाथ र पशुपति क्षेत्र**, पशुपति विकास कोष, प्रकाशक, वि.सं २०६२।

१०. वैद्य, जलत, **दुदु च्याच्या**, सन्ध्या टाइम्स, दैनिक पत्रिका, वि. सं. २०६५

## **English**

१. Amatya Saphalya, **Art and Culture of Nepal, An attempt towards preservation**, New Delhi, Niral Publication, 1991 AD.

२. **Reviving our spiritual legac, Conservation and Development of the Pashupati Monument Zone**, A World Heritage site – 2003 AD.

४. Anderson Mary M,**The Festivals of NEPAL,** Rupa & Co, 15 Bankim Chatterjee Street, Calcutta 1988

३. **Upload.wikimedia.org**

<u>वेवसाइट</u>

१. रञ्जितकार, सिद्धि बी.: (२००९), सिठीलख, डब्लुडब्लुडब्लु.सिद्धि रञ्जित डट कम ।

२. रञ्जितकार, सिद्धि बी.: (२००९), त्रिशूल जात्रा, डब्लुडब्लुडब्लु.सिद्धि रञ्जित डट कम ।

३. रञ्जितकार, सिद्धि बी.: (२००९), घण्टाकर्ण, डब्लुडब्लुडब्लु.सिद्धि रञ्जित डट कम ।

४. रञ्जितकार, सिद्धि बी.: (२००९), गङ्गामाइ जात्रा, डब्लुडब्लुडब्लु.सिद्धि रञ्जित डट कम ।

५. रञ्जितकार, सिद्धि बी.: (२००९), यःमरि पून्हि, डब्लुडब्लुडब्लु.सिद्धि रञ्जित डट कम ।

६. रञ्जितकार, सिद्धि बी.: (२००९), गुहेश्वरी जात्रा, डब्लुडब्लुडब्लु.सिद्धि रञ्जित डट कम ।

७. रञ्जितकार, सिद्धि बी.: (२००९), पाहाँचऱ्हे, डब्लुडब्लुडब्लु.सिद्धि रञ्जित डट कम ।

८. रञ्जितकार, सिद्धि बी.: (२००९), गुँला पर्व, डब्लुडब्लुडब्लु.सिद्धि रञ्जित डट कम ।

९. डब्लुडब्लुडब्लु.कान्तिपुरअनलाइन डट कम ।

१०. डब्लुडब्लुडब्लु.कलेजह्युमानिटिज् डट ओआरजी ।

११. डब्लुडब्लुडब्लु.नेपाल होमपेज डट ओआरजी ।

## परिशिष्ट १

**अनुसन्धानका क्रममा अन्तरवार्ता लिइएका व्यक्तिहरूको नामावली**

१. **गुरागाईं, श्री विश्वनाथ** : ६२ वर्ष, टोखा

२. **निरौला, चेतनाथ** : ५८ वर्ष, गौरीघाट

३. **भट्ट, मदन** : ५९ वर्ष, पशुपति मन्दिर

४. **योगी, कमल** : ५५ वर्ष, बूढानीलकण्ठ

५. **वैद्य, जलतराज** : ४८ वर्ष, पशुपति मन्दिर

६. **वैद्य, विनोद** : ५० वर्ष, पशुपति मन्दिर

७. **शर्मा, मुकुन्दप्रसाद** : ५९ वर्ष, बूढानीलकण्ठ